मानवका लागि मानव अधिकार, मानव अधिकारका लागि उपयुक्त संस्कृति

पुष - माघ, ०४९, वर्ष १, अंक २, पूर्णाङ्क ९

प्राची

संचेतना द्वैमासिक

कारागार शाखा

केवल पुलिस र अदालतको बल

मानव अधिकारको रक्षा गर्न सकिंदै

निर्धक्क भएर पसेको छैन जेल भित्र मानव अधिकार

मानवका लागि मानव अधिकार,
मानव अधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष १ अंक २, पुष-माघ, ०४९ / फेब्रुअरी, १९९३

संस्थापकः सुशील-प्रकाश

संम्पादक : कुन्दन अर्याल
कला : रबिन साय्मि
टाइप सेटिंग : किरण माली
पत्राचार : पो.ब. १९२४ काठमाण्डौं ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक) द्वारा प्रकाशित

यस पटक

सम्पादकीय	: शहीद सप्ताहले दिएको सन्देश	३
राष्ट्रिय परिवेश	: निर्धक्क भएर पसेको छैन जेल भित्र ...	७
	: वेश्यवृत्तिलाई प्रतिष्ठीत पेशा ठान्ने ...	१६
आजको मुद्दा	: राजनैतिक विभाजन र मानव अधिकार	५
अभियान	: वहाँ अन्त्यसम्मै खटी रहनु भयो	२७
सतहमा देखिएका कुरा	: सार्वजनिक मुद्दा : तर ...	२२
	: कैलाली, कंचनपुर र वर्दियाका कमैयाहरु	२५
सिमानापारी	: राष्ट्र संघीय विश्व मानव अधिकार ...	२६
धारणा	: मानव अधिकार प्रकाशन किन ?	२४
प्रतिध्वनी	:	२
कुराकानी	: स्वामी अग्निवेश	३०

...र पृष्ठ ४ मा श्यामलको कविता तथा पृष्ठ २१ मा राजवको कथा

- दुई वर्ष यताको अवधिमा कुन पक्ष वा दलले बढी मानव अधिकारको उल्लंघन गरेको भन्ने बारेमा जुन पक्षले उत्तेजना भड्काउने काम गरेको देखिन्छ त्यहि पक्ष नै जिम्मेवार रहेको ठान्नु पर्ने हुन्छ । विश्वमा कहीं पनि सरकारले उत्तेजना भड्काउने काम गर्दैन । यसैकारण दुई वर्ष भित्र विभिन्न ठाउँमा भएका घटनाको निम्ति अवश्य पनि विपक्षी दलहरु नै बढी जिम्मेवार हुनु पर्दछ ।

- गणेशमान सिंह, सर्वोच्च नेता, नेपाली कांग्रेस

- जहाँसम्म सरकार र सत्तारुढ दल बाहेक अन्य शक्तिहरुबाट मानव अधिकार उल्लंघनको प्रश्न छ ती तुलनात्मक रुपले अति न्यून र नगण्य मान्नु पर्दछ, किनभने हाम्रो जस्तो पिछडिएको र राज्य यन्त्रको बोलबाला रहेको आर्थिक-राजनीतिक-सामाजिक संरचनामा राज्य शक्तिले नै कुनै चीज बिगार्न र बनाउनमा निर्णय भूमिका खेल्दछ ।

- डा. बाबुराम भट्टराई, संयोजक, संयुक्त जनमोर्चा नेपाल

- मानव अधिकार र मौलिक हकको उल्लंघन गर्ने गराउने काम विपक्षीबाट हुन सक्दैन । मानव अधिकार र मौलिक हकको उल्लंघन गर्न गराउनका लागि राज्य शक्ति चाहिन्छ, जुन मात्र सत्ता पक्षमा रहन्छ । त्यसकारण जुनसुकै देशमा पनि मौलिक र नागरिक हक अधिकारको उल्लंघन अवहेलना र दमन सत्तापक्षले मात्र गरेको देखिएको छ ।

- मनमोहन अधिकारी, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (एमाले)

(संविधानको दोश्रो वार्षिकोत्सवको अवसरमा नेपाल मानव अधिकार मंचद्वारा प्रकाशित नेपालमा मानव अधिकार व्यक्ति अभिव्यक्तिबाट)

प्रतिध्वनी

सम्पादकज्यू,
अधिकारको निम्ति लड्दा पायौं प्रजातन्त्र,
जोगाउनु छ सबै मिलि अब प्रजातन्त्र ।
मानिसले आफ्नो हक आँफै खोज्नुपर्छ ,
मानवको अधिकार सबले पाउनु पर्छ ।

लेख्ने, बोल्ने, सभा गर्ने मात्र होइन हेर,
मानवको अधिकार अझै छन् है धेर ।
मोनिस भै मानिस झैं ज्युन पाउनु पनि,
बुझौं कुरा मानवको अधिकार हो भनी ।

गास-वासको निम्ति सबले काम पाउनु पर्छ,
यति कुरा पाएमात्र सबको दुःख टर्छ ।
लेखपढ गर्न पाउनु पर्ने मानव अधिकार हो
स्वस्थ जीवन बाँच्न पाउनु मौलिक अधिकार हो ।

विकास गर्ने अवसर सबलाई हुनुपर्छ,
कानूनले समान रुपमा सबलाई हेर्नुपर्छ ।
यी सबकुरा नागरिकले पाउनु पर्छ पर्छ ,
नत्रभने मौलिक हकको हनन हुने गर्छ ।

सबैकुरा आँफू बुझौं अनि अघि बढौं,
अधिकारको निम्ति अब हामी सबै लडौं ।
सचेत र संगठित बन्ने युगको माग छ,
मानव अधिकार बुझ्यौं भने संकट सबै भाग्छ ।

-सूर्य बहादुर पौडेल
थुमपोखरा- ७, स्याङ्जा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा संचालित मानव अधिकार तथा सामाजिक सचेतन अभिबृद्धि कार्यक्रमको नियमित प्रकाशन "प्राचि सचेतना" को पहिलो अंक पढ्ने मौका पायौं । मानव अधिकार हनन सम्बन्धी दिइएको विभिन्न राष्ट्रिय परिवेशका घटनाहरु, निर्वाचित सर कारका पालामा भएको मानव अधिकार उल्लंघनको सूची र सम्पादकीय - मानव अधिकारको लागि लड्ने योद्धा स्व. प्रकाश काफ्लेले निर्देशन गर्नु भएको मार्ग-रोचक एवं ज्ञान बर्द्धक लाग्यो । स्व. काफ्लेप्रति श्रद्धासुमन व्यक्त गर्दछौं ।

चन्द्र कुमारी उप्रेती र आलोक राज उप्रेती,
भुम्लटार-३ काभ्रे

गत कार्तिक ८ गते पनौतिमा सम्पन्न ग्रामिण इलाकामा मानव अधिकारको स्थिति विषयक कार्यशाला गोष्ठिमा भाग लिन जाँदा इन्सेक बारे केही जानकारी पाएँ र प्राची पत्रिका पढ्ने समेत सौभाग्य पाएँ । पत्रिका घरमै ल्याएर सबै सामाग्री राम्रो संग पढें र अत्यन्त सम सामयिक, रोचक र लाभप्रद पाएँ । नजिकका पुस्तक पसलमा यो पत्रिका किन्न नपाइने रहेछ । म यसको नियमित बार्षिक ग्राहक बन्न चाहन्छु ।

पाठक-प्रतिकृया, पाठक प्रतियोगिता, कोठेपद जस्ता स्तम्भ राख्नुका साथै मानव अधिकार सम्बन्धी राष्ट्रिय, अन्तरराष्ट्रिय कार्यक्रमको विवरण र कथा, लेख निबन्ध समेत प्रकाशित गरि योस् । प्रश्नोत्तर, मानव अधिकार हाजिरी जवाफ प्रस्तुत गर्नुका साथै आबरण पृष्ठ रंगिन राखियोस् भन्ने सुझावहरु दिन चाहन्छु ।

मानव अधिकार सम्बन्धी विस्तृत अध्ययन गर्ने मेरो चाहना छ । अब मैले कसरी अध्ययन सामाग्री प्राप्त गर्न सक्छु ? म एउटा मानव अधिकार कार्यकर्ता समेत बन्न चाहन्छु ।

अनन्त प्रसाद वाग्ले
काभ्रे, महेन्द्र ज्योति - ७, बासडोल ।

पो.व.नं. १९२४

पाठकवृन्द । प्राचीको यो अंक कस्तो रहयो । लेखि दिनु भए हामीलाई आगामि अंकको तयारीका निम्ति सधाउ पुग्ने थियो । पाठकहरुको सुझाव र आलोचनालाई हामी अमूल्य निधी मान्ने गर्दछौं ।

सुझाव र आलोचनाहरु पो.व.नं. १९२४ मा पठाउनु हुन अनुरोध गरिन्छ ।

- सम्पादक

शहीद सप्ताहले दिएको सन्देश

बर्षौं देखि माघको दोश्रो साताको १० देखि १६ गतेसम्मको अवधिलाई शहीद सप्ताहको रुपमा मनाइने गरिएको छ । प्रजातन्त्रको बहाली पश्चात यस अघि नै दुई वटा शहीद सप्ताहहरु विति सकेका छन् ।

बहुसंख्यक मानिसको भलाइका लागि आफ्नो सबभन्दा प्रिय कुरो जीवनलाई नै उत्सर्ग गर्ने बहादुरहरुलाई समाजले सबभन्दा सम्मानित शब्दले विभूषित गर्दछ - शहीद । आफू जलेर कालरात्रीमा उज्यालो छर्छन शहीदहरु । त्यसैले नयाँ पिंढी महान शहादत्वप्रति नतमस्तक हुने गर्दछन् ।

शहीद सप्ताह वा शहीद दिवसमा अन्य कुनै औपचारिक समारोह आदिमा शहीद प्रति श्रद्धाञ्जलि चढाइन्छ, शहादत्वका बयान पनि गाइन्छ । तर जीवनकाल भर ढोंग र प्रचारवाजीका विरुद्ध लड्ने शहीदहरु प्रतिको साँचो श्रद्धाञ्जलि उनिहरुको सपनालाई मूर्त रुप दिन अघि बढ्नु नै हो ।

कसैलाई रहर हुँदैन अमूल्य जीवनलाई र गत संगै सडकमा बगाउन । कालो - अँध्यारोमा हात खुट्टा बाँधेर आँखा छोप्ने कायरहरु पनि संसारमा धेरै हुन्छन् । तर बहादुरले नै हिम्मत गर्दछ मानवताका लागि लड्न, मानवीय स्वभाविनका निम्ति आवाज उठाउन, र थोरैले मात्र हिम्मत गर्छन् त्यसैका निम्ति जीवन उत्सर्ग गर्न ।

संवत १९९४ मै नागरिक अधिकार समितिको संगठन गर्दै मान्छे भएर बाँच्नु पर्छ भन्ने उद्घोष गर्ने शुक्रराज शास्त्रीलाई राणा शासनले तीन वर्ष पछि नै फाँसीमा झुण्ड्यायो । दश वर्ष पछि मक्किएको राणा शासन आफैं ढल्यो ।

तर प्रजातन्त्रको आगमन पश्चात नर शम्सेरहरुले फेरि पनि पुरस्कार नै पाए । सात सालमा आएको हाम्रो पहिलो प्रजातन्त्रले शहीदको सपना सायदै राम्ररी सम्झन भ्यायो । त्यस बेला हाम्रो प्रजातन्त्र यति स्वच्छन्द भइदियो कि राणाका नयाँ संस्करणहरुको पहिचान गर्न सकेन । भित्र भित्रै पाकिरहेको षडयन्त्रको पागको सुईंको हाम्रो प्रजातन्त्रले पाउन सकेन । र अचानक सत्रसालको एक दिन हामीले एकै पल्ट धेरै कुरो गुमाउनु पऱ्यो । त्यसपछि तीन दशकसम्म हामीले "पुष एक" का काला दिनहरुको सामना गरि नै रहनु पऱ्यो ।

असंख्य शहीदहरुको मूल्यमा हामीले तीन वर्ष अघि पुनः बहुदलीय प्रजातन्त्रको स्थापना गरि छाड्यौं । आज हामी कुनै मरिचमान वा छिन्ताङमा आमहत्या मच्चाउने सूर्य बाहदुरद्वारा शासित छैनौं । तर रगतको मूल्यमा प्राप्त आजको प्रजातान्त्रिक परिपाटी बीच पनि हामीले शहीदहरु प्रति इमान्दार भएर आफ्नो अन्तरआत्मालाई "के हामी शहीदको सपनाको मार्गमा बढिरहेका छौं ?" भनेर सोध्यौं भने केवल सकारात्मक उत्तर पाउँदैनौं ।

बोल्ने, लेख्ने वा मनमा लागेका कुरा पोख्ने अवसर समेत नपाएर पशुतुल्य जीवन बाँचि रहेका हामीलाई मुक्ति प्रदान गर्ने महामानव - शहीदहरु प्रति हामी श्रद्धाञ्जलि त प्रशस्त चढाउँछौं । तर उनिहरुलाई बाँसको भाटाले रोपेर, घना जंगलमा गोली ठोकेर, एकान्त कोठामा निर्दयी ढंगले कुटपीट गरेर, भोकभोकै राखेर, बीच सडकमा संगीनले घोचेर वा "दमदम" द्वारा मुटु फुटाएर पीडादायी मृत्यु प्रदान गर्ने दानवीय आकृतिहरु तिनीहरुकै योजना अनुसार आज पनि चलफिर गरि रहेका छन् । के हामीले अझै बुझ्न सकेका छैनौं ? तिनीहरुको योजना भनेको शहीदको इतिहास मेट्ने षडयन्त्र नै हो ।कसले भन्न सक्छ ? तिनीहरुको स्वतन्त्रता र शहीदहरुको सपना बीच आकाश-जमिनको अन्तर छैन भनेर ।

छयालीसको जनआन्दोलन पंचायत विरोधी संघर्षको अन्तिम र निर्णायक राउण्डको आन्दोलन थियो । त्यस क्रममा सत्ताको दुरुपयोग गरि आन्दोलनकारीहरु माथि ज्यादति गर्ने तत्कालिन पंचायतका पृष्ठपोषकहरु माथि "मल्लिक आयोगको प्रतिवेदन" का बावजूद कुनै कारवाही गर्ने संकेत हाम्रो प्रजातान्त्रिक सर कारले अहिले सम्म दिएको छैन ।

जनार्दनलाल मल्लिक स्वयंले सरकारको इच्छाशक्तिको अभावका कारण मात्र मानव अधिकारका हत्याराहरुले अभयदान पाएको दावि गरिसक्नु भएको छ । महान्यायाधिवक्ता मोतिकाजि स्थापितको रायमा कारवाही गर्न नमिल्ने भनिएको भएता पनि मल्लिक लगायत धेरै कानूनविद्हरुद्वारा उक्त प्रतिवेदन अनुसार कारवाही चलाउन मिल्ने ठहर भइसकेको छ । अझ त्यो भन्दा अघि बढेर धेरैले भनि सकेका छन् - "सरकारले पहिले अभियुक्तहरुलाई अदालतको कठघरामा त उभ्याओस् ।" धेरै मानव अधिकारवादीहरु बारम्बार जोड दिइरहेका छन् "मल्लिक आयोगको प्रतिवेदनद्वारा कारवाही चलाउन नमिल्ने भए मानव अधिकार-कार्यकर्ताहरुको समेत प्रतिनिधित्व हुने गरि अर्को छानबिन आयोग गठन गरियोस् ।" तर जनआन्दोलनद्वारा सत्तामा पुगेको वर्तमान सरकारले यस मामिलामा कानमा तेल धारण गरेको छ । जन आन्दोलनका बाहक प्रतिपक्षीहरुले पनि जसरि अरु मुद्दाहरुलाई राष्ट्रव्यापि रुप दिन सके त्यसरि यो राष्ट्रिय मुद्दामाथि समुचित ध्यान किन दिन नसकेका हुन बुझि नसक्नु छ ।

पंचायतकालिन प्रधानमंत्री सूर्य बहादुर थापाको दावि छ - "जन आन्दोलनको त्यत्रो ठूलो सन्दर्भमा आएको यो कुरामा तत्काल किन कारवाही भएन ? किन ढाकछोप गरेर राखियो । दोषीमा नाम भएका कैयौं ठूलठूलो पदमै जागिरे थिए । अहिले झन ठूलो पदमा छन् । तिनलाई ठूलो पद दिएर पठाउने नेता यिनै हुन् । त्यस्तो ठूलो पद दिएर पठाउने व्यक्तिलाई अपराधी ठानेर कारवाही गर्ने कि नगर्ने ? यता आए पछि अब अर्को मल्लिक आयोग गठन गर्ने बेला भइसक्यो जे जति दोष पहिलेकालाई लागेको थियो, त्यस्तो अहिले पनि भइर हेछ ।"

सूर्य बहादुर थापामा त्यसो भन्न सक्ने आँट यसै पलाएको होइन । पहिलो कुरा त हाम्रो जन निर्वाचित सरकार पनि अब मानव अधिकार उल्लंघन गर्ने कुरामा पछाडि रहेको छैन । बहुदलीय व्यवस्थाको आगमन पश्चात नेपालले "नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध" मा हस्ताक्षर गरि सकेको छ । तर प्रजातान्त्रिक नेपालमा पनि सरकार द्वारा विभिन्न बहानामा घटाइएका गोली काण्डहरु पश्चात आजसम्म एउटै पनि निष्पक्ष छानविन आयोगको गठन गरिएको छैन । एम्नेष्टी इन्टरनेशनलले सरकारको यस गैर जिम्मेवारी पनाका विरुद्ध यसै फ्रेबुअरीमा विश्वव्यापी अभियान संचालन गर्ने भएको छ । यसरि एकतिर हाम्रो यस्तो दुर्भाग्य रहेको छ भने अर्कोतिर हिजोका पंचहरु कुनै कारवाही नहुने देखे पश्चात फेरि उफ्रिन थालेका छन् ।

जनताको शक्तिका कारण सत्तामा पुगेका राजनेताहरु नै मानव अधिकारको उल्लंघनकर्ताहरुलाई कारवाही गर्दा प्रजातन्त्र कम्जोर हुन्छ भन्ने तर्क अघि सार्न थालेका छन् । यसबाट यो कुरो प्रष्ट हुन्छ कि उनिहरुमा पनि जनताको शक्ति भन्दा अपवित्र संझौता र सत्ताको बलमा विश्वास जाग्न थालेको छ । यस्तो परिस्थितिमा हामी यति मात्र भन्न सक्दछौं - "जनता शक्तिशाली भएर प्रजातन्त्र कहिल्यै खतरामा पर्दैन, बरु जनआवाजको कदर नगर्ने बाली बसेपछि निर्वाचित सरकार पनि निरंकुश बन्न पुग्दछ ।" मानव अधिकारका उल्लंघनकर्ताहरुलाई यथोचित सजाय नदिइकन मानव अधिकारको संरक्षण र सम्मान गर्ने परि पाटी बस्न सक्दैन । त्यस कुराको अभावमा मानव अधिकारका लागि उपयुक्त संस्कृतिको स्थापना पनि गर्न सकिदैन ।

देशको यस्तो परिप्रेक्ष्यमा, शहीद सप्ताहको अवसरमा मानव अधिकारको संवर्धन र सम्मान गर्न चाहने मानिसहरुले प्रण गर्नु परेको छ - यस्तै अप्ठ्याराहरुका बीच पनि हामी निरन्तर मानवीय संवेदनायुक्त सुन्दर समाज स्थापना गर्ने शहीदको सपना बोकेर अघि बढी रहने छौं । शहीद सप्ताहले यही सन्देश दिएको छ ।

प्रजातन्त्र

- श्यामल -

मैले खोजेको
र आफ्नो सर्वश्वको मूल्यमा
मैले पाएको प्रजातन्त्र
हरायो एकाएक
नजीकैबाट हरायो
सिंहदरबारको संसद भवनबाट ।

देख्तै थिएँ,
संसद भवनको प्रवेशद्वारबाट
उ जानै थालेको थियो भित्र
तर गेट पास पाएन उसले
उ, तै पनि, जानै थालेको थियो
साँसदको अनुहारभित्र लुकेर
अचानक,
आफ्नै अनुहारबाट थुतेर उनीहरुले
मिल्काइदिए उसलाई
देख्तै थिएँ
संसद भवनका पालेहरुले
बेइज्जतीपूर्वक फर्काइ दिए उसलाई
र त्यस दिनदेखि
प्रजातन्त्र हरायो एकाएक ।

त्यसै दिन
हो, त्यसै दिन
बेइज्जतीपूर्वक निकालियो उ
कसैले देखेन फेरि
कहाँ गयो उ ?
म काशी गएँ
र देखें एउटा मानिस
मृत्यु घण्टाको आवाज सुन्न आतुर
मणिकर्णिका घाटमा पल्टिरहेको ।
के त्यही हो प्रजातन्त्र ?
वा व्हाईट हाउसको
जर्ज बुशसंगै सुतिरहेको थियो उ ?
कि ठटेरन टोलका
रित्ता तर तात्ताता घिउका कराहीहरु चाटेर
डामेर आफ्नो जिब्रो
सम्पूर्ण शरीर खुइलिएर
त्रिभुवन चोकमा पल्टिरहेको कुकुर झैं
पल्टिरहेछ कतै ?
मेरो प्रजातन्त्र हरायो एकाएक ।

कहाँ गयो उ ?
क्रेमलिनबाट उखेलिएको
लेनिनको शालिकको ठुटोमा
भेटिन्छ कि
वा भेटिन्छ
श्रीमान येल्तसिनको ओभरकोटको
दाहिने खल्तीमा ?
नाफाखोर व्यापारीको
शुभलाभ लेखिएको कन्तुर भित्र
सुनिन्छ कि मधुरो गरी
सास फेरिरहेको ।
कि सोध्नुपर्ला श्रीमान् क्लिन्टनलाई
कुन ग्रेभयार्डमा गाडिएको छ
उसलाई ?
यस अघि उ जुलुसमा थियो
यस अघि उ निर्वाचनमा थियो
यस अघि उ संसदमा छिर्न लागेको थियो ।
तर हरायो एकाएक ।

ए, कसैले कतै देखेको छ कि प्रजातन्त्र ?
कसैले देखेको थियो
बालुवाटार दरबारमा
प्रधानमन्त्रीको पी.ए.को दाँतमा टल्किरहेको
तर मैले देख्तादेख्तै
संसद भवनभित्र छिरे
विचार विहीन नेताहरु
एउटा मैलो, फाटेको कपडा लगाएको
मानिसलाई छाडेर गेटनिरै
उ म जस्तै थियो
संसद बाहिर परेको
निस्कासित गरे सिपाहीहरुले उसलाई
त्यसपछि कसैले देखेको छ कि प्रजातन्त्र ?

संसद भवनबाट
एकाएक हरायो प्रजातन्त्र
त्यसपछि कसैले भेटेको छ कि प्रजातन्त्र ?



राजनैतिक विभाजन र मानव अधिकार

- सुशील-प्रकाश -

समकालिन विश्वमा मानव अधिकार एउटा यस्तो विषय बन्न पुगेको छ, जसलाई जो सुकैले जुनसुकै बेलामा प्रयोग गरि रहेको हुन्छ। मानव अधिकारलाई एकातिर यस्तो सर्वव्यापी बनाइएको छ भने अर्कोतिर यदाकदा राजनीतिको गोटी समेत बनाइएको देखिन्छ ।

सोभियत संघको विघटन हुनु भन्दा अघि विश्वमा विद्यमान शीतयुद्ध अनि दुई ध्रुविय विश्व परिस्थितिको चपेटमा मानव अधिकारको आन्दोलन नराम्ररी पिल्सिएको थियो । त्यस्तै आज मानव अधिकारका समस्याहरुलाई पूरै राजनैतिक पूर्वाग्रह राखि हेरिने परिपाटीले गर्दा मानव अधिकार आन्दोलन समेत विभाजित र खण्डीत हुन पुगेको छ । विगतमा पनि आर्थिक र राजनैतिक अधिकारको दुई अवधारणाको आधारमा यस आन्दोलनले यति खिचातानी बेहोर्नु पर्‍यो कि यसलाई अगाडी बढ्न निकै गाह्रो पर्‍यो । र त्यस पछि पनि सोभियत संघको विघटन र पूर्वि यूरोपमा पुर्नस्थापित हुँदै गएको पूँजिवादी अर्थ व्यवस्थाले गर्दा मानव अधिकार आन्दोलन यति साह्रो विखण्डित हुन पुगेको छ कि अब त जो सुकैले जुनसुकै काम गर्दा पनि मानव अधिकारको हवाला दिन थालेका छन् । के साँचै मानव अधिकार भनेको राजनैतिक विभाजनको विषय वस्तु नै हो त ? के यसको स्वतन्त्र अस्तित्व छैन ?

निश्चय पनि मानव अधिकारको समस्या पनि एउटा राजनैतिक समस्या हो र यसको समाधान पनि राजनैतिक समाधानसंगै हुने गर्दछ । यद्यपि मानव अधिकार आन्दोलनलाई राजनैतिक आन्दोलन र परिस्थितिले प्रत्यक्ष प्रभाव पारेको हुन्छ तर मानव अधिकार राजनैतिक दायरा भित्र मात्रै सिमित रहने संकिर्ण विषय वस्तु भने होइन बरु मानव अधिकारलाई राजनैतिक आन्दोलनको एउटा लक्षका रुपमा भने लिन सकिन्छ । तर के साँचै आजको स्थिति यस्तै छ त ? राजनैतिक आन्दोलनको एउटा लक्ष मानव अधिकार पनि भएको छ त ? यसलाई राजनैतिक वाद विवाद भन्दा माथि बेग्लै विषयको रुपमा राखिएको छ त ? माथि नै भनिएको छ मानव अधिकारलाई आर्थिक र राजनैतिक अधिकार अर्थात खान र बोल्न पाउने अधिकार भित्रै मात्र सीमित पारिएको छ ।

मानिस भई बाँच्नका लागि आवश्यक सबै स्थितिको समष्टिगत स्वरुप नै मानव अधिकार हो । संयुक्त राष्ट्र संघद्वारा हालसम्म निर्माण वा

धेरै घटना परिघटनाले स्पष्ट भईसकेको छ कि मानव अधिकारको परिभाषा देखि व्यवहारसम्म यसलाई राजनैतिक सीमा भित्र राख्ने गरिएको छ । मानव अधिकारबाट "अधिकार" भन्ने कुरो लाई "दया वा दान" भित्र बलजफती राखिएको छ ।

घोषित गरिएका अन्तर्राष्ट्रिय दस्तावेजहरुको अध्ययनबाट स्पष्ट हुन्छ - मानव अधिकार खान वा बोल्न पाउने अधिकारको छनौटबाट मात्र प्राप्त हुँदैन वा यी दुईको सीमा भित्र मात्र अटाउँदैन ।

साठीको दशकमा विश्वका पूँजीवादी देशहरुले राजनैतिक अधिकारलाई नै मानव अधिकारको रुपमा स्थापित गर्ने प्रयास गरे भने सत्तरीको दशकको सुरुवातमा मान्य हुन पुगेको आर्थिक अधिकारलाई मात्र मानव अधिकार भन्ने तर्क समाजवादी खेमाबाट अगाडि सार्न थालियो । तर मानव अधिकार खाने वा बोल्ने समस्या भित्र मात्र सीमित छैन । विश्वमा भएको भौतिक र सामाजिक विकासले मानव अधिकारको क्षेत्रलाई अझ विस्तृत तुल्याएको छ । जनताका सांस्कृतिक र सामाजिक समस्या मात्रै देखिएका छैनन् । जातिय समस्या अनि विकासका समस्या र त्यसपछि वातावरण समस्यालाई पनि मानव अधिकारले आफ्नो सीमा क्षेत्र भित्र समाविष्ट गरि सकेको छ ।

एकातिर मानिसलाई मानवोचित जीवन ज्यून चाहिने सबै किसिमका अधिकारहरुलाई मानव अधिकारको समष्टिगत स्थितिका रुपमा लिने मान्यता विकसित भएको छ भने अर्कोतिर मानव अधिकार-हरुलाई खण्डित पारि हेर्ने अनि यो भन्दा यो बढी आवश्यक भनी तर्क दिँदै अधिकारहरुको कटौती गर्ने प्रचलन पनि देखिएको छ । अमेरिकामा मानिसले काम, माम नपाउन वा फूटपाथमै जन्मन र मर्न किन नपरोस् तर त्यहाँ बोल्ने अधिकार दिइएको छ भन्दै त्यहाँको सत्तासीन वर्ग आफ्नो देशको सिमा भित्र पूर्ण मानव अधिकार रहेको दावि गर्दछ । सोभियत संघ र पूर्वी यूरोपका मुलुकहरुमा समाजवादी सत्ता रहुन्जेलसम्म व्यापक रुपमा मानव अधिकारको हनन भयो भनि प्रचारित गरि एको थियो । तर अब त्यहाँ मानव अधिकारको र क्षार्थ पतन गराइएको समाजवादी व्यवस्था पछि शुरु भएको अशान्ति, गृहयुद्ध अनि अराजकताले गर्दा हजारौं मानिस मरि सके; केटाकेटीले विद्यालयमा पढ्न जान पाएका छैनन्; धार्मिक उन्माद बेलगाम भएको छ । तर पनि पश्चिमी मुलुकहरु त्यहाँको मानव अधिकारबारे केही बोल्न रुचाउँदैनन् । त्यस्तै तेश्रो विश्वका मुलुकहरु आर्थिक विकासका लागि केही राजनैतिक र नागरिक अधिकारहरुको कटौती गर्नु पर्छ भन्ने मात्र होइन मानव अधिकारको विश्वव्यापी अवधारणामै परिवर्तन ल्याउनु पर्छ भन्ने मान्यताका साथ अगाडी आउँदैछन् । यस्तो प्रस्ताव अघि सार्न तम्सिनेहरुमा एशियाकै कतिपय मुलुकहरु पर्छन् जो द्रुत गतिले आर्थिक विकासमा अघि बढ्दैछन् ।

संयुक्त राष्ट्र संघद्वारा यहि बर्ष भियानामा आयोजना गर्न लागिएको विश्व मानव अधिकार सम्मेलन बारे कुनै पनि मुलकुले त्यति चासो

लिएको देखिंदैन । सबै भन्दा समस्या त असंलग्न भनिएका राष्ट्रहरुले पारि रहेका छन् । यी राष्ट्रका सरकारहरु संयुक्त राष्ट्र संघ द्वारा घोषित मानव अधिकार घोषणा पत्र नै अविकसित र तेस्रो मुलकुको जनताका लागि व्यावहारिक नभएको बताउँदै पहिले आर्थिक विकासलाई प्राथमिकता दिइनु पर्छ भन्दैछन् । उनीहरु मानव अधिकारको विश्व व्यापी सम्मेलनलाई नै असफल पार्ने वा पछि सार्ने प्रयासमा लागेका छन् यसको अगुवाई इण्डोनेशियाका राष्ट्रपति सुहार्तोले गर्दैछन् । विडम्बना त के छ भने यस्तो प्रयासमा मौन स्वीकृति प्रदान गर्नेमा विश्वमा नै ठूलो प्रजातन्त्र भनी जनै हुलेको भारत र सार्क क्षेत्रमा राम्रो मानव अधिकारको स्थिति कायम गर्ने राष्ट्र भन्ने गरिएको नेपाल पनि पर्दछ ।

विकसित वा पूँजिवादी खेमाका राष्ट्रहरु पनि मानव अधिकारका उजागर हुँदै गरेको समस्याहरु जस्तै जातिय र सांस्कृतिक अधिकार, बाँच्न पाउने वा आर्थिक अधिकार र विकासका अधिकार लगायत स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारहरु जस्ता सामुहिक अधिकारहरु आधुनिक विकाससित मेल नखाने भन्दैछन् । उनिहरु तिनलाई मानव अधिकारका आधारभूत सूचीमा राख्न चाहिर हेका छैनन् वा राखी राखेका छैनन् । उनीहरु मानव अधिकारलाई नितान्त व्यक्तिगत दायरा भित्र राख्न चाहन्छन जसले मानव मात्रका सामूहिक अधिकार हरुलाई कुल्चदै पूँजीवादी राजनैतिक व्यवस्थाको लागि बाटो सफा परोस् ।

समाजवादी राष्ट्रहरु जसमा मूख्यतया चीनले पनि मूलत: राजनैतिक र नागरिक अधिकार हरुलाई बेवास्ता गर्दै समाजवादी राजनैतिक व्यवस्थाको लागि तिनलाई बाधकको रुपमा लिइरहेको छ । आश्चर्य त कहाँ नेर छ भने मानव अधिकारका सवालमा जनताको व्यवस्था भन्ने यी देशका सत्तासीनहरु सिंगापुर, इण्डोनेशिया जस्ता तानाशाही व्यवस्था भएका मुलुकहरुको पक्षमा रहेका छन् । आपसी सहयोग र बराबरीको सिद्धान्त सत्ता-धारीहरुबीच मानव अधिकारको गलत व्याख्या गर्ने अपवित्र गठवन्धनका रुपमा विकसित भइरहेको छ ।

सबै भन्दा विचार गर्नुपर्ने कुरो त कहाँ नेर छ भने इराकले कुवेतमाथि हस्तक्षेप गर्दा अमेरिकाको अगुवाइमा सारा संसार इराकलाई सजाय दिन उद्धत भयो र ठूलो युद्ध छेडीयो । यद्यपि कुवेतका शासकको मुक्ति वा त्यहाँका जनताको मुक्ति भएको हो भन्ने कुरा विवाद मै रहेको छ; ठूलो हमला र बमबारीद्वारा कुवेत मुक्त भएको घोषणा गरियो । र त्यसपछि त्यहाँका आप्रवासी मजदूरहरु मूलत: महिलाहरु माथि निर्मम शोषण, यौन उत्पीडनहरु शुरु भएको छ । तर विश्व जनसमूदाय चुपचाप हेरि रहेको छ । इजरायलले जाडो र हिमपातको स्थितिमा चारसय भन्दा बढी मुसलमानहरुलाई सुदूर इलाकामा निष्कासन गरेको छ । ती मानिस भोकै कठाङ्ग्रिएर मर्ने स्थितिमा छन् तर विश्वका शान्ति राष्ट्रहरु लाचार भएर हेर्दैछन् ।

धेरै घटना परिघटनाले स्पष्ट भईसकेको छ कि मानव अधिकारको परिभाषा देखि व्यवहार सम्म यसलाई राजनैतिक सीमा भित्र राख्ने गरिएको छ । मानव अधिकारबाट "अधिकार" भन्ने कुरो लाई "दया वा दान" भित्र बलजफती राखिएको छ ।

यति हुँदा हुँदै पनि बिर्सन नहुने कुरा के छ भने तर मानव अधिकारको सम्पूर्ण आन्दोलन जहिले पनि राजनैतिक सीमा तोड्दै अगाडी बढ्ने प्रयासमा देखिएको छ । दास विद्रोह र म्यागनाकार्ट आन्दोलन देखि संयुक्त राष्ट्र संघको अभिसन्धिहरुको घोषणासम्म सबै मानव अधिकार आन्दोलनले समकालिन राजनीतिले तय गरेको मानव अधिकार को सीमालाई तोड्ने प्रयास गरेको थियो । त्यसैले मानव अधिकारलाई राजनैतिक पर्खाल भित्र जबर जस्ती बन्द गर्ने प्रयास ठूलो मात्रामा हुँदा हुँदै पनि मानव अधिकार आन्दोलन स्वतन्त्र अवधारणा सहित अगाडी बढ्दै छ । यस्तो स्थितिमा राजनैतिक आस्था जे जस्तो भएता पनि मानव अधिकार आन्दोलनलाई स्वतन्त्रतापूर्वक अगाडी बढाउनु तमाम मानव अधिकार कार्यकर्ताहरुको दायित्व हो। मानव अधिकार प्रतिको निस्वार्थ आस्थाद्वारा मात्रै यस महान र पवित्र आन्दोलनलाई सही दिशा तर्फ उन्मुख गराउन सकिन्छ । अन्यथा फेरी पनि अधिकारलाई "अनुग्रह" को पर्यायवाची बनाउन चाहने प्रवृत्तिको हात माथि पर्न जानेछ ।

गीत

छोरीलाई नगर हेला

- रमेश बानियाँ -

छोरीलाई नगर हेला
छेउको सियो माझैमा कोही बेला
दाजु भाइ स्कूल जान्छन् उनकै लुगा धुन्छु
आफू पढ्न नपाउँदा कल्पिएर रुन्छु
बिहान देखि बेलुकासम्मै गर्नु पर्ने काम
जति काम गरे पनि छैन मेरो नाम
छोरीलाई
बुझने घरका छोरीहरु पढ्न जान थाले
म नि स्कूल जान्छु भन्दा न जा भन्छ बाले
उनी पनि म जस्तै हुन दु:खी बाबुको छोरी
तर उनि किताब बोक्छन् म चाहिं नाम्लो डोरी
छोरीलाई
छोरा छोरी दुबैका हुन साझा बाबु आमा
भाईलाई भने सर्ट र पाइन्ट छैन मलाई जामा
छोरा पाए खुशियाली ठूलो खसी किने
छोरी पाए सुत्केरीलाई नुन खोर्सानी दिने
छोरीलाई
आधा नेपाल पुरुष त आधा नेपाल नारी
हामीले मात्रै किन बोक्ने दु:खको यो भारी
प्रकृतिको नियममा किन भाँजो हाल्छौ
छोरालाई अघि सारी छोरी पछि पार्छौ
छोरीलाई
बरु हामीलाई आधा पेट खान दिए पुग्छ
स्कूल जान नपाउँदा हाम्रो मन रुन्छ
काम पनि गर्छौ हामी पढ्ने मौका देऊ
हामीले पनि बुझ्नु पर्छ अधिकारको छेऊ
छोरीलाई ...

निर्धक्क भएर पसेको छैन जेल भित्र मानव अधिकार

– कुन्दन अर्याल्वाट –

"कारागार सुधार समिति ०४७ ले कार्यारम्भ गर्दा यसको सुझावहरुलाई धुलोले छोपि देला भन्ने प्रवल चिन्ता हुँदा कारागार सुधारको महत्वपूर्ण कार्य अगाडि बढाउन कारागार स्थायी कमिटीको माग पेश गरेका छौं।" – प्रजातन्त्रको अत्यधिक चर्चा हुने गरेको मात्र होइन प्रजातान्त्रिक वातावरणको समेत अधिक आभाष पाइने गरेको अन्तरिम कालमा गठीत कारागार सुधार समितिका अध्यक्ष बद्री रत्न भण्डारीले भूमिकामै यस्तो लेख्नु भएको छ। तर उक्त समितिले ०४७ माघ १९ गते नै श्री ५ को सरकार समक्ष पेश गरेको अन्तिम र विस्तृत प्रतिवेदनलाई वास्तवमै आजका मितिसम्म धुलोले नै ढाकेको छ ।

कारागार महाशाखा, सिंहदरवारका अनुसार देशभरका कूल चौहत्तर जेलहरुमा हाल करिव ६ हजार बन्दीहरु रहेका छन् । भक्तपुर, सुन्सरी र धनुषा बाहेक सबै जिल्लाहरुमा जेल छन् । देशभरमा कूल पाँच सय भन्दा बढी महिला बन्दीहरु पनि रहेको अनुमान गरिन्छ। तर देशका उनन्चास बटा जेलहरुको स्थलगत निरिक्षणपश्चात कारागार सुधार समितिले यस्तो निचोड पेश गरेको छ - "यसरी निरिक्षणगरिएको कारागारहरु कुनैमा पनि उचित प्रवन्ध भएको पाइएन । कारागारहरुको मर्मत संभारमा धेरै त्रुटीहरु हुन गएकोले वर्तमान समय र परिवर्तित मानवीय मूल्यको परिवेशमा संपूर्ण कारागारहरु मानिस बस्न अयोग्य देखिन्छ ।"

कारागार महाशाखाका सह-सचिव पुरुषोत्तम ढकाल पनि उपरोक्त भनाईसंग सहमत हुनु हुन्छ । वजेटको कमीले जेलको मर्मत संभार हुन नसकेको कुरा बताउँदै वहाँ भन्नु हुन्छ - "आजको महँगीमा ६-७ रुपैंया र अलिकति चामलले गुजारा चलाउन गाह्रो छ भन्ने कुरा हामीलाई पनि थाहा छ, कर्मचारीहरुको तलब बढाईंदा बन्दीहरुको सिदा पनि बढाउनु पर्ने कुरा हामी बीच पनि उठेको थियो, अर्थमन्त्रालयले सकेन ।"

आज देशको शासन-सत्ता सम्हाल्नेहरु मध्ये अधिकांशसंग जेल-नेलको गहिरो अनुभव रहेको छ । तर आफू पर्खाल बाहिर आई सकेपछि भित्रको कुरा बिर्सने राजनेताहरुको सनातन देखि चलिआएको बानी अनुसार उनिहरु पनि अन्य "जरुरी कामहरु" मै व्यस्त छन् । जेल बाहिर पुरानो भई सकेको मानव अधिकारलाई डोऱ्याउँदै हिंडेको प्रजातन्त्रले जेलको पर्खाल भित्र भने निर्धक्कसंग प्रवेश गर्न पाएको छैन ।

बाँच्न पाउने अधिकार नै कुनै पनि बेला खोसिन सक्छ

भद्रगोल जेलको नामले चर्चित भद्र बन्दी गृह काठमाण्डौका चौकीदार राजकुमार बराल भन्दछन् - "खै यो जेलमा त मर्मत कसरी गर्छन्, छुँदा पनि खस्ला जस्ता छन् कति पर्खाल, भद्र शम्सेरलाई थुन्न राणाले बनाएको जेल कति धानोस् यसले पनि ।" उक्त जेल बाहिर टीनको छाना भएको टहरो र सीमेन्टका कुर्सीहरु पनि बन्दीहरुले आफ्नै पैसाले बनाएको कुरा त्यहीं लेखिएको छ ।

देशका अधिकांश जेलहरुको अवस्था जीर्ण रहेको कुरा कारागार महाशाखाका सहसचिव पनि स्वीकार गर्नु हुन्छ। तर हाल त्यसको कुनै ठोस विकल्प सरकारसंग नरहेको प्रष्ट हुन्छ । सह-सचिव ढकालका अनुसार कारागार महाशाखाले हाल संचालन गरिरहेको कूल वजेट करिब सात करोड रहेको छ। जसमध्ये चार-पाँच लाख रुपैंया मात्र "मेन्टीनेन्स" का निम्ति छुट्याइएको छ। सर कारले म्याग्दी र जाजरकोटमा यसपालि पच्चीस-पच्चीस जना बन्दीहरु राख्ने क्षमता भएको जेल निर्माण गर्ने भएको छ । तर उक्त निर्माणाधिन जेलहरुलाई परिवर्तित र आधुनिक परिवेश सुहाउँदो तुल्याउने कुरामा सरकार कत्तिको सचेत छ थाहा हुन सकेको छैन ।

राष्ट्रिय परिवेश

करिब सात सय बर्ग फीट क्षेत्रफल ओगटेको बिराटनगर जेलमा मानिस राख्न नमिल्ने कुराको सिफारिश उहिल्यै सरकारी इन्जिनियर हरुले नै गरेका थिए। डाक्टरहरुका अनुसार उक्त जेल स्वास्थका दृष्टिले पनि प्रतिकूल रहेको छ। ०२५ मै बनेको जेल धेरै पछिसम्म चलन चल्तीमा ल्याइएको पनि थिएन। तर ०४५ को भूकम्पले पुरानो जेल भत्किए पश्चात अनुपयुक्त जेल नै प्रयोगमा ल्याउन थालियो।

तेह्र वटा कोठाहरु रहेको बिराटनगर जेलको अढाई सय बन्दीहरु मात्र अटाउन सक्ने क्षमता रहेको छ। तर हाल त्यहाँ चार सय पच्चीस बन्दीहरु रहेको कुरा हालै स्थलगत निरिक्षण गरि फर्कनु भएका बन्दी सूचना केन्द्रका अरुण नेपालले यस पंक्तिकारलाई बताउनु भयो। नेपालका अनुसार सरदर बढी नै तापमान रहने बिराटनगर जस्तो ठाउँको उक्त जेलका कोठाहरुको उचाई पाँच फीट मात्र रहेको छ र कोठाहरुमा अत्यन्त साना झयाल वा भेन्टीलेसन मात्र राखिएका छन्। जेल भित्र हिंड्ने-डुल्ने ठाउँको अत्यन्त अभाव रहेको छ। सर सफाईमा ध्यान दिइएको छैन। समयमा फिनाइल, पोटास आदि नदिइने हुनाले पनि त्यहाँ दुर्गन्धयुक्त बातावरण भएको हो भन्ने कुरा नेपालले बताउनु भयो।

हालै जलेश्वर जेलको समेत भ्रमण गरि फर्कनु भएका नेपालका अनुसार त्यहाँ एक सय पच्चीस जना मात्र राख्न सकिने क्षमता भए पनि दुई सय पच्चीस जनालाई राखिएको छ। चन्द्र शम्सेरको पालामा निर्मित उक्त जेलले साढे दुई कठ्ठा क्षेत्रफल ओगटेको छ। राजनैतिक वार्डका निम्ति दुईवटा कोठा र सामान्य वार्डका निम्ति १२ वटा कोठा छुट्याइएको उक्त जेलको बातावरण पनि अत्यन्त दुर्गन्धयुक्त भएको कुरा नेपालले बताउनु भयो। सफाईका सामाग्रीहरु पर्याप्त मात्रामा नपाइने गुनासो त्यहाँका बन्दीहरुको पनि रहेको छ। साँघुरो भएर सुत्न समेत गाह्रो हुने र घुम्ने-खेल्ने ठाउँ नपाइने कुराले यहाँका बन्दीहरु असन्तुष्ट रहेका छन्।

वि.सं. १९९६ र ९९ मा बनाइएको तौलीहवा जेल र नवलपरासी जेलको क्षमता साठी र बीस जना सम्मको मात्र रहेको छ। तर प्रायः सधैं बढी बन्दीहरुका कारण उकुस मुकुसकै बातावरण रहन्छ। तराई क्षेत्रमा रहेका ती दुवै जेलका कोठाहरुको उचाइ ६ फीट मात्र रहेको छ र तौलीहवा जेलमा २० X २० फीटको सानो चउर र हेको भए पनि नवलपरासी जेलमा त्यहि पनि छैन। भनिन्छ नेपालका अत्यन्त साँघुरा जेलहरु मध्ये परासी जेल पनि पर्दछ।

नेपाल मानव अधिकार संगठनका महासचिव डा. राजेश गौतमले सुदुर पश्चिमाञ्चलको दैलेख जेलको स्थलगत निरिक्षण गरे पश्चात तयार पार्नु भएको प्रतिवेदनमा लेख्नु भएको छ। - "यो कारागार एक सय बीस वर्ष अगाडि बनेको रहेछ। यसको समय समयमा मर्मत गरिएको भनिएता पनि उपयुक्त किसिमले मर्मत भएको देखिंदैन।" करिब २३०४ बर्ग फीट क्षेत्रफल ओगटेको दैलेख जेलको अघिल्लो भाग दुई तल्लाको छ; जहाँ माथिल्लो भागमा जेलको कार्यालय रहेको छ भने तल प्रहरीहरुको आबास रहेको छ।

"जाजरकोटको कारागार एउटा कारागारको रुपमा नभएर पूर्ण रुपले गोदाम घरको रुपमा रहेको छ।" - डा. गौतमले सुदुर पश्चिमको अर्को जेलका सम्बन्धमा तयार पार्नु भएको प्रतिवेदनमा लेख्नु भएको छ। वहाँका अनुसार कारागारको माथिल्लो तलालाई कार्यालयका रुपमा प्रयोग गरिएको छ र कार्यालय मूल सडकसंगै जोडिएको छ। बाटो मुनिको तल्लो तलामा चाहिं १२ X २८ फीटका दुई कोठाहरु रहेका छन्। ती मध्ये एउटा कोठामा प्रहरीहरु बस्दछन् भने अर्कोमा महिला बन्दीहरुलाई राखिएको छ। बीचको भागलाई दुई खण्डमा विभाजित गरि अगाडिको खण्डलाई दुई वटा कोठामा विभाजित गरिएको छ। त्यस मध्ये एउटा सानो कोठालाई भण्डार बनाइएको छ भने १६ X ९ फीटको अर्को कोठालाई प्रहरीहरुले आफ्नो आबास बनाएका छन्। त्यहि कोठाको भित्री खण्डमा रहेको २८ X ९ फीटको कोठामा पुरुष बन्दीहरु राखिन्छन्। जाजरकोट जेलको महिला र पुरुष दुवै कोठामा प्रहरीहरु बस्ने कोठा भएर जानु पर्दछ। त्यहाँका बन्दीहरुको कोठा सम्म सूर्यको किरण र स्वच्छ हावा पुग्नै सक्दैन।

जाजरकोट जेल बास्तवमा जेल नभएर प्रति महिना रु एक हजारमा भाडामा लिइएको जिल्ला विकास समितिको घर हो भन्ने कुरा डा. गौतमले आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु भएको छ। जेलको दक्षिणी भाग पूर्ण रुपले खुला रहेको कुरा पनि प्रतिवेदनमा बताइएको छ।

"यो भवन वि.स. १९८० मा बनेको र त्यस पछि निर्माण र मर्मत तर्फ कुनै ध्यान नदिइएकोले कैदीहरु बस्ने कोठा भित्र गाह्रोहरु भत्किन सक्ने भएकोले उनिहरुको ज्यू ज्यानको सुरक्षा समेत नभएको कुरा अवलोकन गर्दा प्रष्ट देखिन्छ।" - डा. गौतम बताउनु हुन्छ।

नेपाल मानव अधिकार संगठनको सुर्खेत शाखाले त्यहाँको जेलको स्थितिका सम्बन्धमा गत पुषको दोश्रो साताम्रा एउटा प्रतिवेदन प्रकाशित गरेको थियो। उक्त प्रतिवेदनका अनुसार सुर्खेत जेलमा पानीको यति अभाव छ कि सौचालयको सफाई हुन नसकेकोले त्यहाँ भित्र जाँदा आँखा पीरो भएर आँसु नै झर्ने गर्दछ। जेल भित्रको बातावरण अत्यन्त दुर्घन्धमय रहेको छ।

"पुरुष तर्फ पच्चीस जना मात्र राख्न सकिने क्षमता भएको जेलमा हाल पन्ध्र जना कैदी र उन्नाइस जना थुनुवा गरि जम्मा चौंतीस जना राखिएका कारणले बस्न सुत्न असुबिधा रहेको छ। साथै पुरुष तर्फ अत्यधिक चाप रहन गएका बखत पुरुष बन्दीलाई महिलाहरु राखिने ठाउँमा राखिने गरेको पाइयो।" - ने.माधि.सं, सुर्खेतको उक्त प्रतिवेदनको पहिलो बुंदा नै त्यस जेलको स्थिति झल्काउन काफी छ।

"विशेष गरि महिला कारागार तर्फ शौचालयको संख्या कम हुनुका साथै फोहर र अव्यवस्था भएकोले कुनै संक्रामक रोग फैलन सक्ने संभावना छ भन्ने कुरामा कारागार प्रशासन समेत सहमत छ। तर त्यसलाई सुधार गर्ने तर्फ कुनै कदम चालिएको छैन।" - मनव अधिकार संरक्षण मंचकी केन्द्रीय सदस्य श्रीमती गंगा देवी कसजू लगायत मासमका पाँच जना र इन्सेकका पश्चिमाञ्चल क्षेत्रीय प्रतिनिधि कुल राज घिमिरेको टोलीले गत मंसीरमा पाल्पा जेलको निरिक्षण गरे पश्चात तयार पारेको प्रतिवेदनमा लेखिएको छ।

इन्सेक मानव अधिकार वर्ष पुस्तकको चितवनका स्वयं सेवकका अनुसार चितवन जेल यति फोहर र दुर्गन्धयुक्त छ कि त्यहाँ सध्दै मानिस पनि बिरामी पर्न सक्छ। तर त्यहाँ स्वास्थ उपचार को कुनै व्यवस्था छैन। कोही सिकिस्ट बिरामी भए बाहिर लगिने कुरा जेल प्रशासन बताउँदछ। चितवन जेल २०२५ सालमा मात्र बनाइएको भए पनि अत्यन्त अवैज्ञानिक ढंगको रहेको छ। ३ कठ्ठा क्षेत्रफल ओगटेको उक्त जेलको क्षमता ७० जना मात्र रहेको भउ पनि हाल त्यहाँ १०४ जनालाई राखिएको छ।

०४६ साउन १४ गते भैरहवा जेलको

पूर्वतिरको वार्डको छतको वीम एक्कासी भाँचिएर खस्यो । मक्किएर झरेको उक्त वीमको प्रहारबाट त्यस बेला त्यहाँ रहेका दुईजना बन्दीहरु "दैव संयोग" ले मात्र बाँचे । यस्ता कुनै समय पनि झर्न सक्ने छत भएका जेलहरु नेपालमा अत्यधिक छन् । काठमाण्डौको केन्द्रीय कारागारको छतबाट समेत पानी चुहिन्छ ।

दुःख, पीडा र असुविधा बानी भईसक्यो

संयुक्त राष्ट्र संघले कारागारका सम्बन्धमा तोकेको पूर्वाधारहरुलाई नेपालका कुनै पनि जेलमा वास्ता गरिएको पाईँदैन । नेपालका जेलहरुमा बन्दी जीवन बिताइ रहेका मानिसहरुको दुःख, पीडा र असुविधा बीच बाँच्ने बानी नै परि सक्यो ।

रातभर मानव-मलको दुर्गन्ध बीच बिताउनु सामान्य मानिसका लागि नारकीय यातना ठहरिन्छ । तर आज पनि नेपालका अधिकांश जेलका प्रशासकहरुले यस कुरोलाई सामान्य रुपमा लिएका छन् । कपिलवस्तु, नवलपरासी, तम्घास देखि मुस्ताङ, पोखरा लगायत कैयन जेलहरुमा राती बन्दीहरुलाई कोठामा थुनेर बाहिरबाट ताल्चा लगाइन्छ, जहाँ दिसा पिसाब गर्ने छुट्टै ठाउँ बनाइएको हुँदैन ।

"रातको समयमा बन्दीहरु सुत्ने कोठाको ढोका बाहिरबाट ताल्चा लगाइ दिने गरिएको छ । सुत्ने कोठाकै एक छेउमा बाल्टिन राख्ने गरिएको छ र सो बाल्टिनमा लाज लाग्दा लाग्दै पनि आँखा चिम्लेर दिसा गर्नु पर्दछ । रातभर दिसा पिसाबको दुर्गन्ध आइरहन्छ र श्वास प्रश्वासमा नराम्रो असर पर्दछ ।" - सुर्खेत जेलका सम्बन्धमा नेपाल मानव अधिकार संगठनको सुर्खेत शाखाको प्रतिवेदनमा लेखिएको छ ।

त्यस्तै ने.माधि. संघका महासचिव डा. राजेश गौतमले जाजरकोट जेलका सम्बन्धमा लेख्नु भएको छ । - "जेल भित्र कैदीहरुद्वारा नै एउटा सानो पाइखाना बनाइएको भएता पनि प्रहरीहरुले मात्र त्यसको प्रयोग गर्दछन् । कैदीहरुले करिब दुई मीनेट हिंडेर दिसा पिसाब गर्न जानु पर्दछ । चौबीसै घण्टा खुट्टामा नेल लगाइने कारणले गर्दा कैदीहरुले ठूलो कठिनाई महसुस गरेका छन् ।"

इन्सेकको वर्ष पुस्तक तयारीका निम्ति सिन्धुलीमा खटिएका स्वयंसेवक विन्देश्वर साहका अनुसार ०३० असोज देखि कैदीहरु राख्न थालिएको सिन्धुली जेलको क्षमता २५ जनाको मात्र रहेको छ । तर त्यहाँ यतिखेर ६९ जना राखिएका छन् ।

वि.सं. १९९० मा बनेको भैरहवा जेलले एक रोपनी भन्दा केही बढी क्षेत्रफल ओगटेको छ । तर कूल ६० जनाको क्षमता भएको उक्त जेलमा इन्सेक मानव अधिकार वर्ष पुस्तकका स्वयंसेवकका अनुसार १९९ जना राखिएको छ ।

रुपन्देही जेलका सम्बन्धमा वर्ष पुस्तकका स्वयंसेवकले त्यहाँका जिल्ला न्यायाधिश वेदराम पोखेलसंग सोध्दा यस्तो उत्तर पाए - "जेलमा उचित किसिमको सुधार भएके छैन । क्षमता भन्दा बढ्ता मानिस राखेर वातावरण नै उकुस मुकुस बनाइएको छ । जसले गर्दा जेल अति असुविधाजनक अवस्थामा छ । यस्लाई सुधर गर्न सम्बन्धित निकायले छिटो ध्यान दिनु जरुरी छ ।" प्रजिअ भोला सिलवालले जेल सुधारका निम्ति गृह मन्त्रालयसंग माग भई रहेको जानकारी दिनु भयो ।

पानीको अभाव नेपालका प्रायः सबै जेलहरुको साझा समस्या हो । बिराटनगर जस्तो तराईको जेलमा समेत पर्याप्त पानी पाईँदैन । इन्सेकका नुवाकोटका जिल्ला स्वयंसेवक राम शरण प्याकुरेलका अनुसार जिल्लाको बिदुर नगरपालिका वडा नं. २ अशोकवारीमा अवस्थित राणा कालिन जेलमा पानीको अभाव टड्कारो देखिन्छ । करिब तीन सय मीटर टाढा कुसुमधारा भन्ने ठाउँबाट बन्दीहरुले आफैं पानी ल्याउनु पर्दछ ।

उदयपुरमा समेत शौचालय पानीको अभावमा जुनसुकै बेला दुर्गन्धित रहने गरेको बताइन्छ । पोखरा जेलमा पनि पानीको नियमितता रहेको छैन भने मुस्ताङ जेलमा पनि त्यस्तै छ । काठमाण्डौका जेलहरुमा रहेका धाराहरुमा अत्यन्त कम समयका लागि मात्र पानी आउँछ र ट्याङ्कर मा पानी नल्याए यहाँका जेलहरुको जनजीवन नै

त्यहाँ मानव - मल पनि ख्वाइन्छ

- सुजिव बज्राचार्य -

कुनै मानिसलाई अपराध गरेको अभियोगमा दण्ड स्वरुप मानिसकै मलमूत्र ख्वाउनु मानव अधिकारको घोर अपमान होइन ?

आज नेपालका कारागारहरुमा यस्तो कार्य खुल्लेआम भई रहेको छ । बन्दी अवस्थामा रहेका मानिसले पटक पटक कारागार भित्रै अपराध गरेको ठहरिएमासम्पूर्ण बन्दीहरुकै अगाडि यसरी मानिसको मलमूत्र ख्वाएर दण्ड दिने चलन आज पनि रहेको छ । सम्बन्धित निकायले यस प्रति चासो नदेखाएर बसिरहने हो भने यस्तो अमानवीय दण्ड सजायको कुसंस्कार भोलि एउटा वर्गको मनोरंजनको साधनमा विकसित हुँदै जानेछ । बिस्तारै बिस्तारै नेपालको विभिन्न जेलहरुमा यो प्रथा बढ्दै गइरहेको पनि छ ।

जेल भित्र राणा शासनको पाला देखि नै यो दण्ड सजाय प्रचलित हुँदै आएको हो । तर "मानिसको मलमूत्र ख्वाउने" भन्ने सजाय कुनै कानूनको ठेलीमा उल्लेख गरेको पाईँदैन । जेलका प्रशासकहरुले नै यस्तो दण्ड दिने नियम बनाएका हुन् । काठमाण्डौ स्थित केन्द्रीय कारागारमा हरेक वर्ष बन्दीहरुलाई दुई तीन पल्ट यस्तो दण्ड दिने गरिन्छ ।

जसरी गाउँघरमा गोरुलाई तह लगाउन लाठीले भक्कुमार चुटिन्छ, त्यसरी नै आज पनि जेलमा बन्दीहरुलाई कुनै पनि ठूलो अपराध गरेको अभियोगमा जीवन नै बर्बाद हुने गरि ठूला ठूला लाठीले पिट्ने गरिएको पनि पाइन्छ ।

जेल भित्र यस्ता भयानक सजायँ भोग्नु परेका बन्दीहरुको पछि भविष्य नै अन्धकार भएको पाइएको छ । यस्तो सजाय जेल भित्र बस बसले पाएका छन् ती बन्दीहरु हाडको क्यान्सर, टी बी आदि भयानक रोगको शिकार भएको पनि भेट्टाइएको छ ।

कुनै अपराध गर्ने मानिसलाई कानूनी कारवाही गर्नु पर्छ भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन । तर जेलमा आज कुनै पनि बन्दीलाई सम्पूर्ण बन्दीहरुको माझमा मानसिक पिडा हुने गरी गैर कानूनी दण्ड दिने प्रचलन व्याप्त छ ।

ठप्प हुने स्थिति रहेको छ । गर्मीमा यहाँका जेलहरुमा पानीको ज्यादै अभाव हुने गर्दछ ।

गुल्मीको तम्घास जेलमा पानीको दुःख छैन। तर भनिरहनु पर्दैन पानीको सुख भएका यस्ता जेलहरुमा पनि पिउन लायक पानी भने पाइँदैन । कपिलवस्तु जेलमा रहेको इनार र नवलपरासी जेलमा रहेको चापाकलको पानी बारे बन्दीहरुको सधैं गुनासो रहँदै आएको छ। धेरै जेलहरुमा यस्तो समस्या रहेको छ ।

"सम्पूर्ण कैदीहरुका लागि कारागार भित्रको चौकमा एउटा धारा रहेको छ । जुन धारा कैदीहरुले दिनमा एक घण्टा पनि प्रयोग गर्न नपाइ प्रहरीहरुले बाहिरबाट नै बन्द गरि दिन्छन् भनि कैदीहरुले प्रहरीहरुकै समुपस्थितिमा मलाई बताए। यसै गरि राजबन्दीहरुले धारा नजिकै रहेको एउटा खाल्डोमा दिसा पिसाब गर्नु पर्दछ ।" - डा. गौतमले जाजरकोट जेल सम्बन्धि आफ्नो प्रतिवेदनमा लेख्नु भएको छ ।

बन्दी सूचना केन्द्रको अनुसार वर्षामा पानी चुहुने बिराटनगर जेलमा खाना बनाउने व्यवस्थित ठाउँको अभाव रहेको छ भने इन्सेक स्वयंसेवक रामशरण प्याकुरेल भन्नुहुन्छ "नुवाकोट जेलमा पनि वर्षा याम दुःखद हुने गर्दछ ।" बन्दी सूचना केन्द्रका अनुसार दुर्गम जिल्लाका रुपमा चिनिने बझाङको चैनपुर जेलमा बन्दीहरु ठाउँ नपुगेर खाना समेत बाहिर पकाउने गर्दछन् ।

देशका अधिकांश जेलहरु पानी चुहिने, छतबाट धुलो झर्ने र प्रशस्त धुँवा हुने किसिमका छन् ।

स्वास्थ सुविधा जेलमा कहाँ पाइन्छ

संयुक्त राष्ट्र संघले बन्दीहरुको निम्ति तयार पारेको पूर्वाधारहरुमा स्वास्थको सुविधा पनि रहेको छ। तर नेपालका जेलमा बन्दी बनाइएका मानिसहरु "जेलमा पनि स्वास्थ सुविधा पाइन्छ र ! भन्ने स्थितिमा पुगेका छन् ।

इन्सेकका मध्य पश्चिमाञ्चल क्षेत्रीय स्वयंसेवक केदार न्यौपानेका अनुसार हाल सल्यानको खलंगा जेलमा बन्दी बनाइएका उनानतीस वर्षीय मेघ बहादुर कलिलै उमेरमा लौरो टेकेर हिंड्ने भई सकेका छन् । सल्यानको चाँदे करेनी गा.वि.स. वडा नं.५ का मेघ बहादुर विगत वर्ष दिन देखि ज्यान मुद्दाको अभियोगमा बन्दी जीवन बिताइ रहेका छन् । केदार न्यौपाने समक्ष उनि रुन्चे मुख लगाउँदै भन्दछन् - "हजूर बिमारी भएको तीन महिना भयो, एउटा खुट्टा चल्न छोडेको छ, तीन महिना देखि दैनिक कराउँदा पनि एउटा ट्याबलेट सम्म पाइएन ।"

"खलंगा जेलका बन्दीहरुलाई प्रत्यक्ष अप्रत्यक्ष ढंगले स्वास्थ उपचारको अधिकारबाट पूर्णत बंचित गरिऐको पाइन्छ । पहिलो कुरा त जेलको निम्ति छुट्याइएको वार्षिक उपचार बजेट नौ हजार रुपैयाँ भन्दा कम रहेको बुझियो जुन ज्यादै अपर्याप्त छ । दोश्रो कुरा बन्दीहरुलाई अस्पताल नलैजाने र दुई तीन महिनामा एक पटक डाक्टरलाई कारागारमै बोलाएर झारा टार्ने चलन रहेको पाइयो ।" - न्यौपानेले उक्त जेलका सम्बन्धमा आफूले तयार गरेको प्रतिवेदनमा लेख्नु भएको छ ।

इन्सेकका लम्जुङ जिल्ला स्वयंसेवक कृष्ण बाबु श्रेष्ठ तथा जिल्ला सकृय समूहका सदस्य युगेश्वर रेग्मीका अनुसार लम्जुङ जेलमा औषधी समयमा उपलब्ध नगारइने समस्याले बन्दीहरु अत्यन्त पीडित रहेका छन् । पहिले पहिले त्यहाँका बन्दीहरुलाई अस्पताल नै लैजाने गरिन्थ्यो। आजभोलि डाक्टरलाई अस्पतालमा ल्याइने गरिन्छ। तर डाक्टर ले लेखि दिएका औषधि चाहिं उनिहरुले पाउँदैनन् । श्रेष्ठ तथा रेग्मी बताउनु हुन्छ - "त्यहाँ एक जना यस्तो पनि बन्दी भेटियो जसले डाक्टर जचाएको अठाह दिन भई सक्दा पनि ओषधि पाएको थिएन । यस विषयमा जेलरसंग सोध्दा पहिले उनले उक्त कुरा अस्वीकार गरे पनि पछि बजेटको अभावले गर्दा यस्तो हुन गएको हो भन्ने कुरा बताए ।

ने.माधि. संघका डा. राजेश गौतमका अनुसार दैलेख जेलमा बहुदलीय व्यवस्था आगमन भएको एक वर्ष पछि सम्म पनि डाक्टर, अ.हे.व. वा कुनै प्रकारका स्वास्थ कर्मीको व्यवस्था रहेको थिएन । उक्त जेलको नविनतम जानकारी अनुसार दैलेख जेलमा करिब सत्तरी वर्षकी असक्त बृद्ध मोतीकला कुंवर आँखा देख्न नसके भए पनि बन्दी जीवन विताइ रहेकी नै छिन् ।

इन्सेकको स्याँग्जा जिललाका स्वयंसेवकका अनुसार स्याँग्जा बजारको पश्चिमोत्तर तर्फ छेउमा रहेको करिब चार रोपनी जमिन ओगट्ने स्याँग्जा जेलमा हाल रहेका त्रीचालीस जना बन्दीहरु पनि स्वास्थ सुविधाको कुरामा असंतुष्टी नै व्यक्त गर्दछन् । त्यहाँ एकजना व्यक्तिले नियमित सेवन गर्नु पर्ने क्षयरोगको औषधि पनि पाउन नसकेको कुरा इन्सेक स्वयंसेवक बताउँदछन् ।

भर्खरै बाग्लुङ जेलको निरिक्षण गरि फर्कनु भएका बन्दी सूचना केन्द्रका स्वयं सेवक बल बहादुर आचार्यका अनुसार त्यस जेलमा पनि डाक्टरको व्यवस्था छैन । "दुई सय रुपैया प्रति महिना दिएर आधा घण्टाको दूरीमा रहेका डाक्टर लाई बोलाएको बखतमा आउने शर्तमा राखिएको" कुरा जेलरले वहाँसंग बताए ।

जनकपुरका पत्रकार नबराज बस्नेतका अनुसार जलेश्वर जेलमा पनि औषधी उपचारका निम्ति रकम नभएको बताइन्छ । भनिन्छ गत सालको औषधी उपचारको झण्डै एक लाखको ऋण पनि उक्त जेलले बुझाउन सकेको छैन । बस्नेतका अनुसार छयालीसको जनआन्दोलनमा नेपाली काँग्रेसका नेता महेन्द्र नारायण निधी त्यहि जेलमा पर्नु भएको थियो । त्यस बखत जनकपुर अंचल अस्पतालमा वहाँको अत्यावश्यक उपचार गरिंदा अस्पतालको करिब पचपन्न सय रुपैया खर्च भएको थियो । तर जेलले आजसम्म उपरोक्त रकम पनि फछ्र्यौट गर्न सकेको छैन । बन्दी सूचना केन्द्रका अरुण नेपालका अनुसार जलेश्वर जेलका झण्डै पचहत्तर प्रतिशत बन्दीहरु हात खुट्टा झमझम गर्ने रोगबाट ग्रसीत छन् । कतिपय टी बी बाट सताइएका छन् तर बन्दीहरुलाई प्रायः अस्पताल लैजाने गरिएको छैन, जेलमा एकजना हे अ नियुक्त गरिएको छ ।

नेपालका जेलहरुमा हाल क श्रेणीको बन्दीले दैनिक आठ रुपैया र सात सय ग्राम पोखरेली चामल एवं ख श्रेणीको बन्दीले छ रुपैया र मोटो अरुवा चामल सिदा स्वरुप पाउने व्यवस्था छ। केटाकेटीले प्रतिदिन डेढ रुपैया र उमेर अनुसार चामल पाउनु पर्ने कानूनी प्रावधान रहेको छ । सबैलाई थाहा छ त्यति सिदा एउटा मानिसको जीवन धान्न पर्याप्त छैन । खानेकुराका निम्ति त यति कम रकम छुट्याइएको छ भने स्वास्थ उपचार को के कुरा राम्रो स्वास्थ उपचार त नेपालका बन्दीहरुका निम्ति विलासता हुन सक्छ भन्ने जेल प्रशासकहरुको पो सोचेका हुन् कि ।

नेपालका जेलहरुमा शारिरीक व्यायाम वा स्वस्थ जीवनका निम्ति चाहिने पूर्वाधारहरु उपलब्ध हुनु पर्ने कुरामा बहीराम भण्डारीको जेल सुधार समितिले पनि जोड दिएको छ । उक्त समितिले दिएको प्रतिवेदनमा बन्दीहरुको जीवन नियमित र एकनासको तुल्याउनु पर्ने कुरामा पनि प्रकाश पारिएको छ। प्रतिवेदनमा बन्दीहरुले बिहान

५ बजे उठ्नु पर्ने, ७ देखि ९ बजेसम्म ध्यान-योग गर्नु पर्ने, ९ देखि १० बजेसम्म व्यायाम खेलकूद आदि गर्नु पर्ने र १० देखि ११ बजेको बीचमा खाना खानु पर्ने सुझाव दिएको छ । बेलुकी ५ देखि ७ बजेसम्मको समय व्यायाम खेलकूद एवं ७ देखि १० बजेसम्मको समय श्रव्य दृष्य र प्रौढ शिक्षाका लागि छुट्याउनु पर्ने तथा राती १० बजे सुत्नु पर्ने सुझाव पनि प्रतिबेदनमा दिइएको छ ।

नेपालका जेलहरुमा मानवीय सुविधाहरुको पूर्णत: अभाव रहेकोले जेलभित्रको जनजीवन बन्दीहरुको आर्थिक जीवन स्तर अनुसार फरक फरक हुने गर्दछ । यस विषयमा पनि जेल सुधार समितिको आँखा परेको छ । समितिले आफ्नो प्रतिबेदनमा लेखेको छ - "कारागार भित्र रहन सहनमा एकरुपता ल्याउन र त्यहाँ भित्र गरिने सम्पूर्ण कार्यहरु पनि त्यहि अनुरुप सबैलाई अनिवार्य गर्नु कारागार प्रशासनको सबभन्दा महत्वपूर्ण काम हुनु पर्छ ।"

अदक्ष प्रशासन र भ्रष्टाचार

नेपालका अधिकांश जेलहरुमा बन्दीहरुलाई प्रदान गर्न तय गरिएका न्यूनतम सुविधाहरु माथि पनि व्यापक भ्रष्टाचार हुने गरेको कुरा सर्वव्यापी भइ सकेको छ । भण्डारीको जेल सुधार समितिले पनि प्रशासनको असक्षमता प्रति यस्तो टिप्पणी गरेको छ - "श्री ५ को सरकारले कारागार प्रशासन र कैदीहरुको सेवालाई किटान गरेको श्रोत भित्रै रही कारागार प्रशासनलाई बढी सक्षम बनाउन ध्यान दिनु आवश्यक छ । वर्तमान स्थितिमा कारागार प्रशासन गतिशील र सृजनात्मक नहुँदा संभव हुने कुनै पनि सेवाहरु बन्दीले पाएको छैन । हाल कारागार प्रशासन श्री ५ को सरकार मा मात्र आश्रित रहेको हुँदा प्रतिबद्धताको अभावमा कुशल पनि छैन ।"

राणा कालमै निर्मित बीरगंज जेल नेपालको ठूलो जेलहरु मध्ये पर्दछ ।तर उक्त जेलको प्रशासन भ्रष्टाचार र अव्यवस्थाका लागि अझ चर्चित छ भन्ने राय पुराना मानव अधिकारवादी बद्री प्रसाद खतिवडा व्यक्त गर्नु हुन्छ । धेरै चोटी जेलको अनुभव संगाल्नु हुने खतिवडा बताउनु हुन्छ - "तराइका अधिकांश जेलका जेलरहरुले पहाड सरुवागरि दिन्छु भन्ने त्रास देखाउँदै पनि धेरै रकम असूल गर्ने गरेका छन् ।"

बन्दी सहायता नियोग काठमाण्डौका एकजना सदस्य भन्दछन् - "कतिपय जेलमा त अकूत भ्रष्टाचार छ, जेल प्रशासनसंग मिलेर बन्दीहरुको नेता बन्नेहरुले पनि धेरै ठाउँमा भ्रष्टाचार गरेका छन् । झापाको जेलमा बन्दीहरु नुहाए पश्चात कट्टू पनि जिउमै सुकाउँछन् । बन्दीहरुले सीमित स्वास्थ उपचारको सुविधा पनि पाउँदैनन् । कति जेलमा सिटामोल पनि पाउन मुश्किल छ ।"

"बन्दीहरुका लागि नियमित स्वस्थ परीक्षणको व्यवस्था छैन । बिरामी भई सके पछि मात्र स्थानीय नुवाकोट हेल्थ पोष्टबाट सामान्य सहयोग प्राप्त हुने गरेको छ ।" - इन्सेकका नुवाकोट जिल्ला स्वयंसेवक रामशरण प्याकुरेल बताउनु हुन्छ ।

हालैमात्र बिराटनगर जेलको भ्रमण गरि फर्कनु भएका अरुण नेपालका अनुसार वर्षको दुई पटक दिइने गरेको कपडा अत्यन्त न्यून गुणस्तरको हुने गरेको गुनासो त्यहाँका बन्दीहरुको रहेको छ । यस्तो गुनासो नेपालका जुनसुकै जेलका बन्दीहरुबाट सुन्न पाइन्छ । सिदा स्वरुप दिइने चामलको गुणस्तर का बारेमा पहिले देखि रहँदै आएको गुनासो बहुदलीय प्रजातन्त्रले पनि कम गर्न सकेको छैन ।

"जेलमा पत्र-पत्रिकाको लागि भनि बार्षिक रु.७००/- छुट्टयाइएको भएता पनि कैदीहरुले आजसम्म पत्र पत्रिका पढ्ने सुविधा पाएका छैनन् ।" - ने.माधि. सं का महासचिव डा. गौतमले जाजरकोट जेलको सम्बन्धमा लेख्नु भएको छ । वहाँले यस्तो पनि लेख्नु भएको छ - "औषधीका लागि ४५००/- रुपैंयाको बार्षिक बजेट भएता पनि त्यसको प्रयोग पनि उचित किसिमले नभएको कुरा कैदीहरुले जेलरको अगाडि नै व्यक्त गरे यस सम्बन्धमा जेलरलाई प्रश्न गर्दा उनले डाक्टर कहिल्यै नआउने कुरा बताए भने प्र.जि.अ.लाई सोध्दा डाक्टर जेलमा जान नमान्ने कुरा बताए ।" कारागार प्रशासनले बन्दीहरुलाई कुनै औषधी किनेर दिनु पर्‍यो भने पाइएन भन्ने चलन पनि नेपालका अधिकांश जेलहरुमा देख्न सकिन्छ ।

जाजरकोट जेलकै सम्बन्धमा डा. गौतमले लेख्नु भएको छ -"जेल भित्र सम्पूर्ण लिप-पोत गर्ने कामहरु जेलरले कैदीहरुलाई नै गर्न लगाई सो बापत प्राप्त हुने रकम माथि भ्रष्टाचार गरेको कुरा कैदीहरुलाई ज्याला नदिने गरेबाट पुष्टि हुन्छ ।" वहाँका अनुसार उक्त जेलका जेलर धम नारायण श्रेष्ठले बन्दीहरुलाई भर्पाई गराई सामानहरु नदिंदा पनि उनि माथि कुनै कारवाही भएको थिएन । ती जेलरले जम्मा डेढ किलो तौल भएको तीन बर्षमा एउटा सिरक दिने गरेको कुरा पनि वहाँले उल्लेख गर्नु भएको छ । भनिन्छ त्यस्तो सिर कले जाजरकोटको गर्मीमा पनि चीसो थेग्न सक्दैन । यस्तो भ्रष्टाचार नेपालका धेरै जेलहरुमा सामान्य झैं ठानिन्छ ।

डा. गौतमले दैलेख जेलको बारेमा लेख्नु भएको छ - "जेल भित्र चौकको उचित व्यवस्था गर्नको निमित्त ०४७ साल आषाढ महिनामा

फोटो : इन्सेक

आफन्तहरुको प्रतिक्षामा - बालिङ कारागारको मूख्य द्वार

रु.४०,०००/- (अक्षरेपी चालीस हजार रुपैंया) निकासा भएको र सो रकम भवन र आवास तथा शहरी विकास दैलेखले नै खर्च गरि सो रकमबाट जेल भित्र दुईवटा चर्पी तथा छानाको केही भाग मर्मत गरि भ्रष्टाचार गरेको कुरा पनि कैदी तथा जेलरले मलाई बताए ।"

"कैदीहरुलाई बत्ती बाल्ने मट्टितेलको पनि सुविधा नदिएको कुरा उनिहरुले बताए भने जेलरले वार्षिक ४५००/- रुपैंया मात्र सो वापत प्राप्त हुने भएकोले उचित किसिमबाट उपलब्ध गराउन नसकेको कुरा व्यक्त गरे । तर मट्टितेलको स्थानीय बजार भाउ बुझदा सो रकमबाट प्रशस्त सुविधा दिन सकिने देखिएकोले पनि सो रकममा पनि भ्रष्टाचार भएको कुरा प्रष्ट हुन आउँछ ।" - डा. गौतमले अगाडि लेख्नु भएको छ ।

केटाकेटीहरुको समस्या

नेपालका जेलहरुमा आमा वा बाबुसंगै जेलमा बस्ने केटाकेटीहरुको बेग्लै समस्या रहेको छ । कारागार महाशाखाका अनुसार करिब डेढ सय नाबालकहरु देशका विभिन्न जेलहरुमा कुनै अभियोग विना जीवन बिताइ रहेका छन् । काठमाण्डौमा रहेका चार वटा जेलहरुमा नै करिब तीस जना केटाकेटी रहेका छन् ।

बन्दी सहायता नियोगको सहयोगमा डा. सिताराम व्युहुतले गत वर्ष तयार गर्नु भएको काठमाण्डौका जेलहरुको प्रतिवेदनमा भद्र बन्दी गृहमा रहेका एक जना आठवर्षका बालकको मार्मिक कथा प्रस्तुत गर्नु भएको छ । पिता झरी प्रसाद भूजेलसंग जेलमा बसिरहेको सुबास भूजेल पहिले झैं जेल बाहिरको स्कूलमा पढ्न चाहन्छ । तर झण्डै एक डेढ वर्ष अघि आमाको मृत्यु भए देखि बीस वर्षे कैद सजायमा परेका बाबुसंग बसिरहेको सुबासको त्यो इच्छा अहिलेसम्म पूरा हुन सकेको छैन ।

हालै यस पंक्तिकारसंगको संक्षिप्त कुराकानीमा सुबासले बतायो - अब उ चाँडै नै जेल भित्रको अर्को साथी विनोद कुमार बुढाथोकीसंगै अमेरिकीहरुको सहयोगमा जाउलाखेलको एभरेष्ट स्कूलमा उहिं बस्ने गरि जाँदैछ । झण्डै वर्ष दिनको लेखा पढि पश्चात बल्ल दुई जना केटाकेटीले आश्रय पाए पनि भद्र बन्दी गृह, केन्द्रीय कारागार, महिला बन्दी गृह, सदर खोर लगायत देशका थुप्रै जेलहरुमा केटाकेटीहरु बाबु वा आमासंगै रहेका छन् । इन्सेक स्वयंसेवकहरुका अनुसार सिन्धुली र दैलेख जेलमा पनि एक एक वटी र चितवन जेलमा दुई वटी बच्चीहरु आ-आफ्ना आमासंग बसि रहेका छन् ।

कारागार महाशाखाका पुरुषोत्तम ढकालका अनुसार ती केटाकेटीहरुको उचित पुर्नस्थापनाका निम्ति बाल मन्दीर र एस.ओ.एस. बालग्रामसंग पनि कुरो भएको थियो । तर खर्च-वर्चको कुरोले गर्दा कुनै समझदारी तय हुन सकेको छैन । "जेलमा केटाकेटीहरुको सबभन्दा बढी वास्ता गर्ने विदेशीहरु नै छन्, उनिहरु केटाकेटीहरुलाई स्वेटर, टुथपेष्ट, खेलौना आदि ल्याइ दिन्छन्, र धेरै चोटी केटाकेटीहरुलाई हामी नै लैजान्छौं भन्छन् तर विदेशीहरुलाई केटाकेटीहरु जिम्मै लगाएर पठाउनु हुँदैन भन्ने हाम्रो धारणा रहेको छ ।" - भद्र बन्दी गृहका चौकीदार बराल भन्दछन् । हालै बाह्र वर्ष अघि कुनै जर्मनले जेलबाट लगेको आफ्नो सन्तान खोज्न एउटा वृद्ध दम्पत्ति जेलर कहाँ आएको कुरा पनि उनी बताउँछन् ।

भण्डारीको जेल सुधार समितिको प्रतिवेदनमा पनि केटाकेटीहरुको समस्याका बारेमा उल्लेख गरिएको छ । प्रतिवेदनमा "अधिराज्यको सम्पूर्ण कारागारहरु भौतिक र सामाजिक दृष्टिकोणले काम नलाग्ने भएको हुँदा हाललाई थप केही वर्षसम्म काम चलाउन साधारण मर्मत गरि आजसम्म अपुग रही रहेको सुविधाहरु व्यवस्थापन गरिदिंदा राष्ट्रलाई तत्काल व्ययभार कम हुनुको साथै सरकारको सामाजिक दायित्व केही हदसम्म पूरा पनि हुने हुन्छ । कारागारहरुमा दिइने सामाजिक सुविधाहरु कुशल व्यवस्थापनबाट मात्र संभव हुने समन्वयात्मक कार्य प्रणालीबाट न्यूनतम लगानीमा परिपूर्ति हुन सक्ने देखिन्छ ।" भन्दै अगाडि लेखिएको छ - "उदाहरणको लागि आश्रित नाबालकहरुको छुटै व्यवस्था देशमा सफलताका साथ संचालन भई रहेको बाल मन्दीर अथवा एस.ओ.एस. बालग्रामले दिन सक्छ ।

आस्थाका बन्दीहरुको छानबिन कस्ने गर्ने ?

बन्दी सूचना केन्द्रले हालै एक विज्ञप्ति प्रकाशित गरि देशभरमा कूल तेईस जना आस्थाका बन्दीहरु रहेको कुरा जनाएको छ । उक्त गैर सरकारी संस्थाले प्रकाशित गरेको सूचीसंग सरकारको असहमति रहनु कुनै नौलो कुरो होइन । तर सरकार ले आफैं पनि देशमा रहेका आस्थाका बन्दीहरुको सूची प्रकाशित गर्ने वा उनिहरुको छानबिन गर्ने आवश्यकता ठानेको छैन ।

पत्रकार नवराज बस्नेतका अनुसार ०४० मा सर्लाही जिल्लाको हजरीयामा पक्राउ परेका तत्कालिन नेकपा (चौम) का कार्यकर्ता ठगेन्द्र राज घिमिरेले सिन्धुली जिल्ला अदालतसंग

फोटो : राजा शाक्य

सुबास भूजेल (८), भद्र बन्दी गृह (भद्रगोल जेल)

फोटो : राजा शाक्य

विनोद बुढाथोकी (१०), भद्र बन्दी गृह

फोटो : राजा शाक्य

गोपाल ब. तामाङ (१०, भद्र बन्दी गृह

कैदी पूर्जी माग्दा धमिराले खायो भन्ने जवाफ दिइयो । बहुदलीय व्यवस्था स्थापना भए पछि उनी आफ्नो रिहाईका लागि तीन चार पटकसम्म जलेश्वर जेलमा आमरण अनसनमा बसि सकेका छन् ।

गत वर्ष माघे संक्रान्तीमा बाग्लुङमा र हस्यमय ढंगले एकजना प्रहरी इन्सपेक्टरको हत्या भए पछि दोषी पत्ता लगाउने नाममा पक्राउ गरि एकाहरु मध्ये नौ जना आज पनि बाग्लुङ जेलमा बन्दी बनाइएका छन् ।

यथोचित न्याय सम्पादनका अभावमा जेल पुगेका मानिसहरु पनि नेपालका जेलहरुमा बहुसंख्यामा पाइन्छन् । इन्सेकका मध्य पश्चिमाञ्चल क्षेत्रीय स्वयं सेवक केदार न्यौपानेले खलंगा कारागारको भ्रमण गरे पश्चात तयार गर्नु भएको संक्षिप्त प्रतिवेदनमा लेख्नु भएको छ - "खलंगा जेलमा यस्ता बन्दी पनि पाइए जो आफ्नो बयान दिनै नपाई अपराधी ठहरिएर थुनामा परेका छन् । ३२ वर्षीय दीपक न्यौपाने त्यस्तै बन्दीको नाम हो । उनी सल्यान-खलंगा निवासी हुन् । १९ महिनादेखि उनी सो कारागारमा बन्दी बनाइएका छन् । उनीमाथि सार्वजनिक अपराधको मुद्दा लगाइएको छ । मुद्दा हेर्ने अधिकारी समक्ष कमसे कम एकपटक पनि आफ्नो कुरा भन्न नपाई एकतर्फी रुपले अपराधी साबित गरिएर १९ महिना देखि जेलमा थुनिनु परेकोले आफू माथि ज्यादै ठूलो अत्याचार भएको कुरा दीपक बताउँछन् ।

अन्त्यमा प्रत्याशा सहित केही कुरा

आज पनि सुबिधा सम्बन्धि कुरो उठाउँदा बन्दीहरुले कुटपीटको शिकार हुनु परेको कुरा सुन्न पाइँदैछ । पाल्पा जेलका सम्बन्धमा मासम र इन्सेकले जारी गरेको संक्षिप्त प्रतिवेदनमा पनि गत कार्तिकमा जेल प्रशासनको कुटाईमा परेका योग बहादुर बिश्वकर्माको शरीरको नीलडाम र खुम प्रसादको टाउकोको घाउ मंसीरको दोश्रो सातामा जेल निरिक्षण गरुन्जेल आलै रहेको कुरा जनाइएको छ । उक्त प्रतिवेदनमा कुटपिटमा भाँचिएको बल बहादुरको हात कैद भुक्तान गरेर छुटि सक्दा पनि ठीक नभएको कुरा पनि उल्लेख गरिएको छ ।

ने.माधि.संघका डा. राजेश गौतमका अनुसार दैलेख जेलमा ०४७ पुषमा प्रहरीहरुले र क्सीको सेवन गरि नराम्रोसंग कुटपीट गरेका थिए ।

आज पनि जेलमा नेल, हत्कडी र एकान्त-सजाय वा गोलघरको प्रचलन हराएको छैन । कारागार महाशाखाका पुरुषोत्तम ढकाल भन्नु हुन्छ - "नयाँ परिवर्तित परिवेशमा ती कुराहरुको चलन हटाउनु त पर्ने हो तर व्यवहारिकता पनि त हेर्नु पर्यो ।"

०४० साल देखि बन्दी जीवन बिताइ रहेका भद्र बन्दी गृहका चौकीदार बराल भन्दछन् - "कसै कसैलाई खुट्टा दुख्दा नेल लगायो भने सञ्चो हुन्छ ।" इन्सेकको मानव अधिकार वर्ष पुस्तकका निम्ति खटिएका अर्जुन राज अधिकारीका अनुसार दैलेख जेलमा हाल तीर्थ ब. थापा र अग्नी प्रसाद दुई जनालाई नेल लगाइएको छ ।

पागलहरुलाई सद्धे मानिसहरुसंगै राखिएकोले नेपालका जेलहरुमा अर्को समस्या उब्जिएको छ । डेढ सय जना अटाउन सक्ने क्षमता रहेको काठमाण्डौको महिला जेलमा रहेका ११७ जना बन्दीहरु मध्ये ५० जना पागल रहेका छन् । पागल बन्दीहरु सद्धेहरुलाई अन्जानमा पीडा दिने गर्दछन् । तर त्यो भन्दा पीडादायी कुरो त के छ भने कतिपय सद्धेहरुलाई पनि घर झगडाका कारण पागल बनाएर जेलमा कोचिएको हुन्छ । कैयन लोग्ने मानिसहरु अर्को बिहे गर्न सोझी स्वास्नीलाई पागल घोषित गरि जेलमा थन्क्याएर "बाटो सफा" गर्दछन् । पागल भनेर राखिएका महिलाहरुलाई घर बाट लिन नआउन्जेल मुक्त गरिदैन । लक्ष्मी प्यारी श्रेष्ठ नाम गरेकी ललितपुरकी एकजना महिला ०२७ जेठ १ गते देखि बन्दी जीवन बिताइ रहेकी छन् ।

धुलिखेल कारागारमा रहने सद्धे मानिसहरु पनि मानसिक असन्तुलन भएका बहुसंख्यक बन्दीहरुका कारण पीडादायी जीवन बिताइ रहेका छन् । अन्तरिम सरकारका पालामा यु.एम.एन. र मानव अधिकारवादीहरुको तत्वावधानमा उक्त कारागारमा बेला बखत भ्रमण हुने गरेको थियो । तर हाल सुधारको पक्षमा खास केही नभएको कुरा काभ्रेका इन्सेक कार्यकर्ता केदार कोईराला बताउनु हुन्छ ।

"कैदी बन्दीहरुलाई बाहिर परिवार, नाता गोता, इष्ट मित्रहरुबाट ल्याइने कुनै पनि ऐश आरामका र वर्ग स्तर छुट्टिन जाने कुनै सामान अथवा नगद प्रतिबन्धित गराइनु पर्दछ । कारागार भित्रबाट कैदी बन्दीहरुले नगद, जिन्सी केही पठाउन चाह - सके पठाउन दिनु पर्छ । किताब, पुस्तक पत्र पत्रिका कारागार प्रशासनले पनि व्यवस्था गर्ने र बाहिरबाट ल्याए जाँच गरि मात्र भित्र - बाहिर पठाउनु पर्छ ।" - भण्डारीको प्रतिवेदनमा उल्लेख गरिएको छ । तर सबै ठाउँको जेल प्रशासनले पत्र पत्रिकाको व्यवस्था आजसम्म गरेको पाइँदैन ।

बन्दी सूचना केन्द्रका अरुण नेपालका अनुसार जलेश्वरका कूल बन्दीहरु मध्ये पच्चीस प्रतिशत छुटि सके पश्चात पुनः अपराध गरेर

जेलमा रहेका केही केटाकेटीहरु

भद्र बन्दी गृह

नाम	सीव बापुको नाम
१. विनोद कु बुढाथोकी (१०)	पु. सुबास बुढाथोकी
२. गोपाल ब तामाङ (१०)	पु. पूर्ण बहादुर तामाङ
३. विकास ब तामाङ (८)	पु. "
४. विकास लामा (६)	पु. राम बहादुर लामा
५. सुबास भूजेल (८)	पु. झरिलाल भूजेल
६. राज कु परियार (२ १/२)	पु. रामजी परियार
७. मिङवर दोर्जे लामा (९)	पु. लाक्पा सितर लामा

केन्द्रीय कारागार

१. उमेश थापा (३)	पु. राम थापा
२. दीपक श्रेष्ठ(९)	पु. अमृत श्रेष्ठ
३. जीवन राई (७)	पु. मोहन राई
४. गोबिन्द नेपाली (७)	पु. कुमार नेपाली
५. मान ब तामाङ (८)	पु. सिङे तामाङ
६. नवराज दहाल (७)	पु. रुद्र प्र. दहाल
७. नवे बिश्वकर्मा (५)	पु. लाल ब. बिश्वकर्मा
८. किशोर लामा (६)	पु. रिषी लामा
९. रामहरि चौलागाई (८)	पु. गोपाल चौलागाई
१०. लोप्साङ तामाङ (६)	पु. सुफत सिं तामाङ
११. ज्ञान ब तामाङ (६)	पु. सुक ब. थिङ
१२. गोकुल पोडे (५)	पु. अक्कल ब. पोडे
१३. कैलाश पुन (६)	पु. लाल ब. पुन
१४. संतोष कु राउत (१०)	पु. बिरा राउत कुर्मी
१५. मोहन सिं घलान (९)	पु. कृष्ण ब. घलान

महिला जेल

नाम	सीव बामाको नाम
१. मनिषा तामाङ (३)	स्त्री. लक्ष्मी तामाङ
२. मिङमार शेर्पा (४)	पु. डोल्मा शेर्पा
३. दावा छिरिङ शेर्पा (३)	स्त्री "
४. राधिका तामाङ(१० महिना)	स्त्री. च्यामा माया तामाङ
५. बाङजु लामा (४)	पु. दालचिनी तामाङ
६. राजु लामा (१)	पु. "
७. सिर्जना परियार (२)	स्त्री. शान्ति परियार

फर्किएका छन् । काठमाण्डौकी एकजना महिला ड्रग व्यापारको अभियोगमा तीन चोटीसम्म दुई जना बाल बच्चा सहित जेल परेको कुरालाई बन्दी सहायता नियोगले पनि गम्भीरतापूर्वक हेरेको छ । तर यो कुरो नोपालको कुनै पनि जेलका लागि नौलो होइन । बद्रीराम भण्डारीले उपरोक्त कुरोलाई यसरी व्यक्त गर्नु भएको छ - "नेपालको दण्ड नीनि सुधारात्मक छैन ।" बहाँले सुधारात्मक दण्ड नीतिको निर्माण पछि गरिने आशा गर्दै केही अपराधका लागि दण्डहरुको पनि सुझाव प्रदान गर्नु भएको छ ।

अधिकांश जेलहरुमा सीपमूलक रोजगारीको व्यवस्था रहेको छैन र भएका ठाउँहरुमा पनि शोषण हुने गरेको कुरो बारम्बार सुनिन्छ । केन्द्रीय कारागारमा रहेको कपडा बुन्ने कारखानाले धेरैलाई रोजगारी दिएको छ भने बाग्लुङ जेलमा नाम्लो बुन्ने उद्योग भए पनि चलेकै छ तर पाल्पा जेलमा रहेका ३५ बटा तानहरु मध्ये हाल १७ बटा मात्र चालु अवस्थामा रहेका छन् । पुरुष कारागार तर्फ रहेको टोपी बुन्ने तान पनि ०४९ मा भएको गोली काण्ड पश्चात बन्द भएकोले बन्दीहरुले सीपमूलक कामबाट बन्चित रहनु परेको छ ।

देशका अधिकांश जेलहरुमा मनोरंजनका साधनहरु अति न्यून रहेका छन् । कसैले चन्दा स्वरुप दिएका थोत्रा क्यारेम बोर्ड, लुडो आदि नै यहाँका जेलहरुमा मनोरंजनका साधनहरु मानिन्छन् । रेडियोको व्यवस्था पनि कतिपय जेलहरुमा रहेको छैन । काठमाण्डौको भद्र बन्दी गृह, केन्द्रीय कारागार र बिराटनगरका बन्दीहरुले आफैंले चन्दा उठाएर टी बी राखेका छन् ।

बद्रीराम भण्डारीको समितिद्वारा प्रस्तावित नयाँ मन्त्रालयको संगठनात्मक ढाँचा





फोटो : राजा शाक्य

नख्खु कारागार, ललितपुरको बाहिरी दृश्य

विद्यालय वा प्रौढ शिक्षाको व्यवस्था नेपालका ज्यादै न्यून जेलहरुमा रहेका छन् । भद्र बन्दी गृह, केन्द्रीय कारागार लगायत केही जेलहरुमा विद्यालयको व्यवस्था छ । तर सुर्खेतमा माध्यमिक तहमा अध्ययनरत एकजना बन्दीले परीक्षा दिन नपाएको कुरा ने. माधि. संघको सुर्खेत शाखाले जनाएको छ । यस्तो समस्या अन्यत्र पनि भेट्टाइएको छ ।

चौखण्डीको सुविधाका नाममा शक्तिमा हुनेहरुले जेल भित्र अर्को अन्याय ग्रेरेका छन् । अन्तरिम कालमा ७५% कैद भुक्तान गरि सकेको बन्दीलाई आचार - व्यवहारका आधारमा प्रजिअले चौखण्डी कैद माफ गर्न सक्ने प्रावधान रहेको

थियो । त्यसै अनुसार धेरै बन्दीहरुले उक्त सुविधाको उपभोग गर्न पाएका पनि थिए । तर हाल चौखण्डी कैद माफ गर्ने अधिकार सरकारले आफ्नै हातमा केन्द्रीत गरेको छ । अहिले सरकारले झण्डै चालीस प्रतिशत कैद मिनाह गर्न सक्दछ । सरकारद्वारा विभिन्न "राष्ट्रिय पर्वहरु" का अवसरमा जेलरको सिफारिस बमोजिम उक्त अधिकारको उपयोग भई रहेको छ तर चौखण्डीको सवालमा यता आएर सरकार निकै विवादमा पनि फस्ने गरेको छ । पाउनु पर्ने व्यक्तिले उक्त सुविधा नपाएको वा "चौखण्डी" को दुरुपयोग गरिएको कुरा पत्र पत्रिकामा निकै आएका छन् ।

जेल सम्बन्धि मामिलामा विशेष चासो राख्नु हुने मानव अधिकार संरक्षण मंचका केन्द्रीय सदस्य कृष्ण प्रसाद शिवाकोटी भन्नु हुन्छ - "चौखण्डी कैद माफ गर्ने भनेको निगाहा वा अनुकम्पा होइन । कारागाको भित्री प्रशासनमा काम गर्ने कामदार, भाई नाइके, मूल नाइके, भाई चौकीदार र चौकीदारलाई कारागार नियमावलीले एक महिना देखि दुई महिनासम्म थप कैद माफ गर्न सकिने व्यवस्था गरेको छ । एक वर्षमा ५२ दिन शनिवारको विदा, अन्य सार्वजनिक विदा समेत गरि हुन आउने ८९ दिन विदामा पनि कैदीहरुले जेलमा नै जीवन यापन गर्ने भएकोले चौखण्डी कैद माफ गर्ने व्यवस्था गरिएको हो ।"

नेपालका जेलहरुका सम्बन्धमा समष्टीमा भन्नु पर्दा यति काफी हुन्छ - जेलका पर्खालहरु भित्र ठूलो परिवर्तनको खाँचो छ । बद्री राम भण्डारीको समितिले आफ्नो प्रतिवेदनको शारांसको दोश्रो बुंदामा लेखेको छ - "नेपाल अधिराज्यका सबै कारागारहरुमा नयाँ भौतिक सुविधाहरुको व्यवस्था गर्न दीर्घकालिन योजनाबाट मात्र संभव छ । त्यसो हुँदा छोटै समयमा कमसे कम पचास प्रतिशत कारागारहरुमा न्यूनतम भौतिक सुविधाको प्रबन्ध गरि सम्पूर्ण कारागारहरुमा मान्छेलाई नभई नहुने सामाजिक सेवाका सुविधाहरु तत्काल पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ ।"

"नेपाल अधिराज्यको सबै कारागार हरुमा विद्यमान समस्याहरु कुशल व्यवस्थापनबाट तत्काल समाधान गर्नु श्री ५ को सरकारको विविध सम्बन्धित मन्त्रालय, विभाग, अड्डा, अदालतहरुसंग समन्वय राख्दा मात्र संभव देखिन्छ । उक्त कार्य र यस प्रतिवेदनका सुझावहरु समेत अविलम्ब कार्यान्वयन गर्न पर्ने देखिन्छ । तापनि सुधारको प्रकृया सुचारु राख्नको निमित्त (यो) कारागार प्रशासन बारे प्रस्तावित ढाँचा लागु नभइन्जेल सम्म कारागार सुधार समिति ०४७ जस्तै एउटा स्थायी कमिटी गठन हुनु अनिवार्य छ ।" - प्रतिवेदनमा यस्तो सुझाव पनि दिइएको छ ।

वर्तमान सरकारमा रहेका नेताहरुलाई नेपालका जेलहरुका सम्बन्धमा राम्रो जानकारी र हेको छ । अब हाम्रो प्रजातन्त्रले पनि एउटा उल्लेख्य अवधि पार गरि सकेको छ । जेल सुधार समितिले प्रतिवेदन पेश गरेको दुई वर्ष भइ सक्यो । तर कसैलाई थाहा छैन उक्त प्रतिवेदनलाई कहिले सम्म कति धुलोले छोप्ने हो । सामान्यत: हरेक जेलमा राजबन्दीहरु रहेका बेला तुलनात्मक रुपले केही बढी सुविधा जुटाई दिने प्रचलन हुन्छ । यतिखेर देशमा राजबन्दीहरुको संख्या अति न्यून रहेकाले पनि कतिपय जेलमा प्रशासनको स्वेच्छाचारिता झन बढेको अनुभव गरिदैछ । यस्को अर्थ राजनेताहरुलाई फेरि जेलमा डेरा सर्न जानु पर्छ भन्न खोजिएको होइन । यस्को अर्थ त के हो भने संघर्ष, जेल र नेलको इतिहास भएका हाम्रा राजनेताहरुले खोला तरि सके पछि लौरो बिर्सन हुँदैन । हामीले हरेक मानवका लागि मानव अधिकार उपलब्ध गराउन नै मरि मेटेर प्रजातन्त्रको स्थापना गरेका थियौं ।

देह व्यापारको उद्गम स्थल : पूर्वी नुवाकोट

वेश्यावृत्तिलाई प्रतिष्ठीत पेशा ठान्ने खतरनाक रोग फैंलदैछ

- रामशरण प्याकुरेल -

तीन दशकअघि जब भारतीय गल्लावालहरु नुवाकोटको पूर्वी भेगका सोझा तामाङहरुको वस्तीमा प्रवेश गरे - कसैले अनुमान गरेको थिएन तिनीहरुले घर बालेर आगो ताप्ने यति खतरनाक बानी यहाँका मानिसहरुमा पारी दिन्छन् ।

दश वर्ष अघिसम्म काठमाण्डौमा गलैंचा बुन्ने काममा लगाइ दिन्छौं भन्दै आइमाईका व्यापारीहरु यहाँका अबोध किशोरीहरुलाई फकाउन आउने गर्दथे। त्यसबेला भारतीय गल्लावालहरु भार तका विभिन्न शहरमा लगि धेरै पैसा कमाउने काममा लगाई दिने प्रलोभन ग्रामीण केटीहरुलाई दिने गर्दथे, कोही बिहे गर्छु भनेर केटीहरु भगाउँथे । तर अबको जमाना अर्कै भई सक्यो अब यहाँका खेत डहर, घट्ट-कुलो, खेतिपातीबाट थाकेका केटीहरु धेरै कमाउने, राम्रो लगाउने र सुनको गहना झुण्ड्याउने सपना साँचेर आफै बम्बई पुग्दछन्, भारतका विभिन्न शहरहरुका "पिलो हाउस" वा "बंगला" हरुमा पुग्दछन् ।

जिल्लाको सदरमुकाम त्रिशूलीबाट करिब सोह्र कोशको दूरीमा रहेका शिखरबेशी, पंचकन्या, सुन्दरादेवी; उर्लेनी, सत्तार, राउतबेशी, बालकुमारी, घ्याङ्फेदी, गाउँखर्क, वेतिनी, खरानीटार, सामरी, सुनखानी, समुन्द्रादेवी आदि ग्रामीण इलाका आज पनि "काजी" हरुको सामन्ति ठाँटबाठ बीच पिल्सिरहेकै छ । अन्ध विश्वास र अज्ञानताको परिवेशमा रहेका यहाँका तामाङहरु बीच त्यसै कारण पनि पैसा कमाउने एउटा राम्रो उपायको रुपमा वेश्यावृत्ति नै स्थापित भएको छ ।

एक दशक यता स्थानीय व्यक्तिहरु नै यस कारोबारमा संलग्न हुन थालेदेखि यहाँबाट चेली निर्यात गर्ने कार्य झन फस्टाएको छ र बम्बई जानेहरुको संख्या दिन पर दिन बढ्दै गइरहेको छ। अर्को तर्फ उल्लेख नगरि नहुने यथार्थ के पनि रहेको छ भने भारतीय शहरहरुबाट फर्किएका महिलाहरुको तडक भडकले गर्दा दरीद्रता बीच बाँची रहेका यस क्षेत्रका केटीहरु आफै गल्लावालहरु खोजि आफ्नै प्रयत्नबाट बम्बई जाने समेत गर्दछन् । ०४७ साल भाद्र महिनामा गाउँखर्क गा.वि.स. वडा २ र ८ का दुईजना र वडा नं.७ का ३ जना केटीहरुले वेतिनी गा.वि.स. वडा नं. ६ का कान्छा भन्ने शमसेर वहादुर समक्ष हामीलाई बम्बई लगिदेउ भनेर अनुरोध गरेको र बाटोमा चारपटक सम्म पक्राउ पर्दा पनि पाँचौंपटकमा बम्बई पुगरै छाडेको कुरा यहाँ नेर स्मरणयोग्य छ ।

सर्सती हेर्दा तन्नेरी केटीहरुको भारत प्रवेशको मूल कारण गरिबी र आर्थिक पछ्यौटेपन नै देखिन्छ । तर बम्बई जानु भनेको विदेश जानु हो भन्ने धारणा पनि उनिहरुमा रहेको पाइन्छ । जसरी अहिले हाम्रो देशका कतिपय युवा विदेश जानुलाई गौरवको विषय ठान्दछन् । त्यसैगरि उनिहरु पनि सम्मान प्राप्त गर्न चाहन्छन् । अब त यहाँ यस्तो स्थिति बनिसकेको छ कि स्वयं अभिभावकहरु छोरो जन्मियो भने अफसोच गर्दछन् । दाजु-भाई, लोग्ने र चेलीबेटी स्वयं आफै नै सम्पर्क माध्यम वा गल्लावालहरुको खोजीमा रहन्छन् । र केटीहरु विशेषत कार्तिक देखि चैत्रसम्म वा स्थिति अनुकूल पारेर कुनै पनि समय "फुर्र" हुने गरेका छन् ।

देह व्यापारको लामो अनुभव संगालेपछि आफै घरवाली भएर बस्ने र नेपाली केटीहरुलाई राखेर भारतमा वेश्यालय संचालन गर्ने यहाँका महिलाहरुका कारण यो व्यापारको प्रबर्द्धन झन भएको छ । खास गरेर बम्बईका विभिन्न इलाकाहरुमा वेश्यालय वा बंगला संचालन गरेर बस्ने नेपाली महिलाहरुको संख्यामा केही वर्ष यता निकै बृद्धि भएको छ । एक सर्भेक्षण अनुसार प्राय १३ देखि २० वर्षका तल्लो जातका चेलीबेटीहरु नै बढी मात्रामा यस पेशामा लागेका छन् । तर उपल्लो जातिका भनिनेहरुमा पनि यो समस्या बढ्दै गइर हेको छ । वेश्यावृत्तिमा संलग्न यस जिल्लाका महिलाहरु मध्ये ८५ प्रतिशत तामाङ, १० प्रतिशत दमाई वा सार्की, ३ प्रतिशत क्षेत्री र २ प्रतिशत ब्राम्हण जातिका रहेको अनुमान गरिएको छ ।

भनिन्छ वेश्यालयमा रहेका महिलाहरु मध्ये सत्तरी प्रतिशत अभिभावक, माता-पिता वा दाजु भाईद्वारा पठाइएका छन् । त्यस्तै वेश्यावृत्तिमा संलग्न करिब २० प्रतिशत महिलाको घरबाट उनि एक्लै होइन अर्को एक दुई जना महिला पनि गएका

हुन्छन् । आफ्नै लाग्नेबाट बेचिएका महिलाहरुको संख्या वेश्यावृत्तिमा संलग्न कूल महिलाहरुको संख्याको तीन प्रतिशत जति रहेको देखिन्छ ।

विभिन्न माध्यमद्वारा आफ्नो गाउँबाट बाहिरिएका महिलाहरु पहिले काठमाण्डौ, विशेषत: चावहिल, कालिमाटी, स्वयंभूका साधारण लजहरुमा ३/४ दिन राखिन्छन् । तत्पश्चात कुन रुटबाट लैजाने भन्ने तय भए पछि चलान गरिन्छन् । खास गरेर वीरगंज र भैरहवाको रुट सबभन्दा बढी "सुरक्षित" मानिएका छन् र अन्य रुटहरुमा बिराटनगर, धनगढी र नेपालगंजका रुटहरु पनि पर्दछन् । भैरहवा र वीरगंजका रुटहरुमा खटपट भएमा मात्र अरु रुटहरु प्रयोग गर्ने गरिन्छ । वीरगंजको घण्टाघर नजिक अण्डर ग्राउण्ड घर हुने देह व्यापारका एकजना पूराना व्यापारी गाउँबाट उनीकहाँ पुऱ्याईएका केटीहरुलाई आफ्नो टांगामा राखेर "पंकज सिनेमा" लैजाने निहुँमा निर्धक्कसंग सिमाना पारी पुऱ्याउछन् । उनीकहाँ सबै प्रकारका इन्फर्मेशनहरु पुग्ने गर्दछन् । सिमाका प्रहरीहरु समक्ष उनको खास धाक जमेको छ । भैरहवाको भारतीय मालिकको केरला होटल बिराटनगरका केही होटल यस प्रकारको सप्लाई केन्द्रको रुपमा नाम कमाएका छन् ।

सिमापार पुगेका चेलीबेटीहरु तीन दिनको दिन बम्बई पुग्दछन् र प्रारंभमा उनीहरुलाई खोली वा तालीम केन्द्रमा दुई महिनासम्म ग्राहकहरुको सन्तुष्टी, फेशन र भाषाको बारेको तालिम दिनका निम्ति राखिन्छ । यस बीच उनीहरुलाई मानसिक रुपमा यसरि प्रताडित गरिन्छ कि उनीहरु सहजरुपमा यस पेशालाई अंगाल्ने स्थितिमा पुग्दछन् । तालिम समाप्त भएपछि उनीहरु "योग्यता" र "क्षमता" का आधारमा बांगला वा "पिल्लो हाउस" मा ल्याईन्छन् र "बांगलाको कानून" बमोजिम कारोबारमा लगाइन्छन् । प्रवेशको शुरुवातमा प्रतिदिन भा.रु.५,५००/- सम्म कमाउने १५ देखि २० वर्ष सम्मका महिलाहरुको वार्षिक आमदानी ५/६ लाख सम्म हुने गर्दछ । आमदानीको एक तीहाई सम्बन्धित महिलाको हुन्छ र दुई तीहाई बाट एक भाग घरबाली र एक भाग ट्याक्सका निम्ति छुट्याइने गरिन्छ । ती केटीहरु घरबालीका निम्ति आम्दानीको स्रोत नै भएकाले नारकीय पीडाका बावजूद केटीहरुलाई अलि पुरानो भएपछि कहिले काहीं घुम्ने वा सिनेमा हेर्न जाने "सुबिधा" पनि प्रदान गरिन्छ । घर बालीहरुको सारा सम्पत्ति नै ती केटीहरुको देह भएकोले बिरामी भएका बखत केटीहरुले "उपचार को सुबिधा" पनि पाउने गर्दछन् । तर ठूलो वा निको नहुने रोग लाग्यो भने चाहिं उनिहरुले "पिलो हाउस" वा "बंगला" त्याग गर्नु पर्दछ ।

आफ्नो खटन पटनमा तीन चार वर्ष सम्म राखि सके पश्चात घरबालीहरुले ती केटीहरुलाई तीन चार वर्षमा एक पटक गाउँ फर्कने सुबिधा पनि प्रदान गर्दछन् । तर यसरी केटीहरुलाई घर पठाउँदा घरबालीहरुले आफ्नो विश्वासीलो मानिस पनि साथै पठाएका हुन्छन् । नुवाकोटका वेश्याहरुलाई बिदामा गाउँ ल्याउने पुराना मानिसहरुमा समुन्द्रटारका एकजना महन्त पनि पर्दछन् ।

वेश्यालयको कामबाट केही दिन फुर्सद लिएर आउने महिलाहरु यहाँका तन्नेरी र सोझा ग्रामीण केटीहरुको आकर्षणको केन्द्र बन्ने गर्दछन् । तिनीहरुको रवाफ देखेर अबोध महिलाहरु मात्र

डीम्पलले सुनको दाँत ल्याइन, सम्मान उतै गुमाइन

– नुवाकोटबाट फर्केर मीना शर्मा –

छोरी-चेलीलाई बिदेश पठाउने जिल्लाहरुको अग्र पंक्तिमा शिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिंग, रसुवा आदि पर्दछन् । आजभोलि गाउँबाट काठमाडौंका कार्पेट कारखानामा काम गर्न आएका युवतिहरुको पनि बेच बिखन हुने गर्दछ । अधिकांश नेपाली युवतिहरु भारतका बम्बई, कलकत्ता, गोवा, लखनउ आदि शहरहरुमा पुऱ्याइन्छन् । त्यसरी नै कैयन युवतिहरु हंगकङ, दुबई, फ्रायंकफर्ट, बर्लिनमा रहेका समाचारहरु पनि प्रकाशित भएका छन् । आजसम्म अनुमान गरिएको तथ्यांक अनुसार भारतमा मात्र दुई लाख नेपाली युवतिहरु यस पेशामा संलग्न रहेका छन् ।

काठमाडौंको उत्तर-पूर्वमा रहेको नुवाकोट जिल्लाको घ्याङफेदी गत साउन १६ गतेको थाई एयर वेजको दुर्घटनापछि चर्चामा आएको ठाउँ हो । तर चामल उत्पादनमा प्रख्यात नुवाकोटको - घ्याङफेदी, शिखरबेसी, समुन्द्रटार, गाउँखर्क, बेतिनी, राउतबेशी र बालकुमारी चेली निर्यात गर्नमा उतिकै कुख्यात पनि छ । यी क्षेत्रहरुबाट बर्षेनी नेपाली चेलीहरु आमाबाबुलाई सुख दिन तथा राम्रो खान र लगाउन "तल" जान्छन् ।

उनीहरु भारतका कोठीमा जाने प्रचलनलाई "तल" जाने भन्छन् । भारतको जुनै ठाउँमा बसेको भएपनि बम्बई बसेको भन्ने चलन छ । चेली तल पठाएका परिवारहरु बिना हिचकिचाहट भन्छन् - "लाहुर" गएकी छ । उनीहरुका अनुसार छोरा लाहुर गए झैं छोरी कमाउन गएकी हो । तर दुबैको काममा हुने भिन्नताको राम्रो ज्ञान पाहा हुँदा हुँदै पनि उनिहरु बुझ्न चाहँदैनन् ।

तल्ला घरकी साहिलीले बम्बईबाट फर्केर टिनको घर किनेको देखेर माथ्लो घरका परिवार आकर्षित हुन्छन् । "गाउँमा प्राय: सबै आर्थिक रुपले गरिब थिए । तर तल बाट आम्दानी आउन थालेपछि टिनका छानाका घर पर्पिन थालेका छन् । अझ गाउँखर्क त सोलार हिटर र बाथरुम भएको घरहरुले भरिएका छ ।" यस्तो चर्चा यहाँ प्रशस्त सुन्न पाइन्छ ।

"माथिबाट झरेको" जस्तो लाग्ने गाउँखर्कमा गाडी नचलेपनि राम्ररिया रहन सहन छ । खेतिको जिम्मा बाहुन क्षेत्रीले नै लिएका छन् । उनीहरुका छोरी-चेली "इज्जत" को डरले तल जाँदैनन् । त्यसैले उनिहरुले गाउँको स्कुलमा जान र खेति सम्हाल्न थाएका छन् । समाजका तल्लो जात मानिने सार्की, कामी, दमाईका छोरी बहिनीले भरखर देखि "तल" गएर कमाउन थालेका छन् । "राणा कालदेखि नै यहाँबाट चामल तथा युवतिहरु राणा दरबारको लागि लगिन्थ्यो । तर २००७ सालको क्रान्ति पश्चात राणाहरु भारत पुगे र उनीहरुका साथ साथै युवतिहरु पनि लगिए । कालान्तरमा राणाहरुका लाशिमात्र नभएर साधारण

राष्ट्रिय परिवेश

होइन आफूलाई बलिया बांगा ठान्ने पुरुषहरु पनि लोभिन्छन् । "बन बे" गर्दा ल्याउने-लैजाने गर्ने ठेकेदारहरुले एकपटकमा ६ हजार भारु सम्म नगद र अन्य सामान, लत्ताकपडा आदि प्राप्त गर्दछन् । केही वर्ष भारतीय शहरहरुमा बसेर फर्किएपछि महिलाहरु गाउँमा ब्रिटिस आर्मी फर्किए सरह सात आठ जना भरिया सहित फर्कन्छन् । बम्बईमा ठूलो कारोबार चलाउनेहरु त झन् हेलिकप्टर चार्टर गरेर पनि आउने गर्छन् । जमिनको बाटोबाट आउँदा चोरी वा डकैती हुने संभावनालाई ध्यानमा राखी तिनीहरु दिल्लीबाट काठमाडौंसम्म भारु ८,०००/- तिरेर हवाईजहाजमा आउँछन् र काठमाण्डौबाट यहाँसम्म नेरु ७,०००/- खर्च गरेर हेलिकप्टर-द्वारा आउँछन् । त्यसरी पटक पटक चार्टर गरेर आउनेमा गाउँखर्क गा.वि.स.का राल्पा तामांग र मुइजीत तामांगको नाम पनि चर्चित छ । भनिन्छ मुइजीतले बम्बईको आफ्नै घरमा चुनिएका र छानिएका पैंतीस जना नेपाली केटीहरु राखेका छन् ।

भारत गएको केही वर्षमै पैसा कमाएर फर्किनेहरुको स्थिति देखेर यहाँ दुई छाक हातमुख जोर्न अनेक रुष्ट भोगि रहेका चेलीबेटी आफै पनि उत्प्रेरित हुने गर्छन् र तिनीहरुका अभिभावकहरु छोरी, बुहारी र त्यस्तै अवस्थामा आफ्नै श्रीमती समेत पनि पठाउन तयार रहन्छन् । केही त्यस्ता अभिभावकहरु अवश्य छन् जो यस अनैतिक र घिनलाग्दो पेशाबाट आफू परै रहन चाहन्छन् - तर तिनीहरुको दैनिक जीवन अत्यन्त कष्टकर छ । राउतबेशी गा.वि.स. वडा नं. १ को एउटा गाउँमा रहनेहरुमध्ये प्रत्येकको घरबाट २/३ जनाका दरले भारतीय शहरहरुमा चेलीबेटीहरु रहेका छन् । त्यसैले उक्त गाउँको नाम नै नयाँ गाउँ रहेको छ । त्यहाँको २२/२५ घरमा आधुनिक भौतिक सुविधा प्राप्त छ - तिनीहरु त्यो गाउँमा आउँदा हेलिकप्टर चार्टर गरेर आउँछन् । प्रत्येक जसो घरहरुमा जेनेरेटरद्वारा बत्ति बालिने गरेको छ र दैनिक जीवनस्तर शहर बजारको जस्तो देखिन्छ - अर्कोतर्फ सोही गाउँमा अर्को दस घर छ । ती घरहरुबाट बम्बई कोही गएका छैनन् त्यसैले तिनीहरु गरीब छन् जीवनस्तर साढै रहेको छ । तिनीहरुको जमीन छैन । उचित बासको व्यवस्था छैन । यसरी एउटै गाउँमा एक थरिका मानिस देह व्यापारद्वारा कमाइएको पैसाबाट सबै प्रकारका सुविधा उपभोग गरिरहेका छन् भने अर्कोतर्फ केही मानिस बम्बईमा चेलीबेटी नरहेकै कारणबाट अत्यन्तै कष्टकर तरिकाले बाँचिरहेका छन् ।

बम्बई जाने मध्ये सबैले कमाउन सक्छन् भन्ने चाहिं होइन, जो विदेशीहरुको रिजर्भको रुपमा काम गर्ने गर्छन् र विशेष सुविधा सम्पन्न वेश्यालाय "बांगला" हरुमा रहेर "कल गर्ल" को रुपमा काम गर्दछन् तिनीहरुले मात्र बढी कमाउँछन् । अन्यथा कतिपय वेश्याहरु आफ्नो शारिरीक असक्षमताका कारण वा कुनै रोग विशेषबाट पेशालाई कायम गर्न नसकेर जेनतेन फर्कने भाडा मात्र बोकि नेपाल फर्कन्छन् वा उतै मागेर बस्छन् । केही भने विभिन्न वेश्यालयहरुमा "आया" को रुपमा काम गरेर जीवन बिताउँछन् । केही उतै बिहे गरेर बस्नेहरु पनि छन् । केहीले उतावाट पैसा कमाएर फर्किएपछि यतै गाउँघरको केटा खोजेर घरजम गरेर बसेको पनि पाइएको छ । पहिले घरवाली भई सकेकी एकजना तामाङनी हाल सुन्दरादेवी गा.वि.स., नौविसेमा त्यस्तै गरि घरजम गरेर बसेकी छन् ।

देह व्यापारका निम्ति चेलीबेटीको पैठारी गर्ने नुवाकोटको पूर्वी क्षेत्रमा रहेको एउटा माध्यमिक विद्यालय, पाँच बटा निम्न माध्यमिक विद्यालय र तेह्र प्राथमिक विद्यालयहरुमा तामाङ र तल्लो जातका भनिने समूदायका केटाकेटीहरुको संख्या अत्यन्त न्यून रहेको छ । उनिहरु छोरा-छोरीलाई पढाउनु भन्दा हुर्काएर विदेश पठाउनु नै लाभदायक ठान्दछन् ।

आफ्नै राजीखुसीले घर सल्लाहबाटै छोरी-बुहारी बम्बई पठाउने परिवार पनि कहिले काहीं प्रहरीबाट बच्न आफै चौकीमा गएर छोरी-बुहारी हराएको निवेदन दर्ता गराउँदछन् । तर त्यस्तो निवेदन दर्ता गराउनेहरुको संख्या "हराएका" केटीहरुको तुलनामा तीन प्रतिशत मात्र रहेको बताइन्छ । चार-पाँच बटा गा.वि.स.हरु सहितको

जनताका लागि पनि तामाम युवतिहरु उपलब्ध हुन पाओ" एकजना बूढा भन्दछन् ।

नुवाकोटको पूर्वी भेगमा सदरमुकामबाट करिब एक दिन हिंडेर सबैभन्दा नजिकको ठाउँ समुन्द्रटार पुग्न सकिन्छ । आधा बाटोसम्म मोटर पनि जान सक्छ । त्यहाँ पुग्ने अर्को बाटो काठमाडौंको बुढानिलकण्ठबाट छ । तर "पुलिसले दुःख नदिने" हुनाले बेचबिखन गर्ने मानिसहरु तथा तलबाटफर्कने युवतिहरु यही बाटो प्रयोग गर्छन् ।

यहाँका मानिस आफ्नो आवश्यकताका समान किन्न गाउँ भन्दा बाहिर कमै जान्छन् । नून-तेलको वा सामान्य आवश्यकताको पूर्ति यहीका पसलहरुले गरिदिन्छन् । त्यसैले गाउँबाट बाहिर जान पाउनु महिलाहरुको लागि भाग्य हो । दिन रात, खेत र घरमा सीमित महिलाहरु सोझा र जसलाई पनि सजिलै विश्वास गर्ने बालका छन् । यस्तै विश्वासले गर्दा कमला थापाले आफ्नै श्रीमानबाट बेचिनु परेको थियो । "केवल छोरा वर्षकी कमलासाई पहिले काठमाडौं घुमाउने लगाउने थिए ।" यसै अवसरमा घटेको अमाडिकी घटना बताउँछिन् - "त्यसपछि दार्जिलिंग जाने प्रस्ताव राख्यो । म खुशी साथ राजी भएँ । तर केहि दिन देखिका हिड्दा पनि दार्जिलिंग नजाउँदा मलाई अचम्म लाग्यो । अन्त्यमा बम्बई सेन्ट्रल लेखेको बोर्ड देखियो । मैले बम्बई रहेछ भन्ने थाहा पाएँ । तर यो कुरा भन्दा बोर्डमा गलत लेखिएको भनि बुझायो । विश्वास गरे । मलाई के थाहा उसलाई विश्वास गरेको फल यस्तो होला भनेर ?" त्यसरी नै बाँसबोटेकी माहिली दामायसलाई छिमेकी महिलाले घरमा काम गर्न लगेकी थिइन् । माहिली भन्छिन् "केही महिना बसेपछि मलाई कोठीमा हाली दिई ।"

महिलाहरु बाफन्त वा बाल्ला भान्छेको चंगुलमा परेर पनि बम्बई पुग्नेका छन् । तर गाउँका मानिसहरु भन्छन् "महिलाको समस्या होला । बाल्पीसी गाउँबाट कसैलाई पनि बाहिर निस्कनु भनेको बम्बई जानु हो भन्ने थाहा हुन्छ ।" बाल्पीसी छोरी महिलाहरु आफ्नो बाबु तथा दाजु भाईको सहमति अनुसार नै [illegible] जान्छन् । आफ्नो श्रीमति पठाउने मलाल पनि [illegible] । नुवाकोटमा छोरी बेचिएको वा हराएको [illegible] गुलाबी पत्रमा कम लिखित हुन्छ । तर यति हुन्छन् कि पनि देखावटी हुन्छन् भन्ने कुरा बाहुन केटी बताउँछिन् । चिसिरे बाजेका रुपमा परिचित एक जना ग्रामीण बासिन्दा भन्छन् - "केटीहरु छुट्टीमा आएका बेला गाउँका ठूलाबडा भेट्न जान्छन् । बम्बइयाहरु पनि प्रशासनको मुखमा मुक्तो लगाउन उपहार लिएर आउँछन् ।"

ठूलाबडाको संरक्षण पाएर नै "गल्लाबालहरु" फस्टाइरहेको दावी गाउँलेहरु गर्दछन् । उनीहरु गाउँका केही नेताहरुको मै कोठी रहेको कुरा बताउँछन् ।

समुन्द्रटारका ठाईलो पंडितका दुई छोरीहरुले प्रशस्त धन पठाइरहेका छन् । पंडित बाजे भने गाउँमा अपराध विरुद्ध प्रवचन गरेर हिंड्छन् । के गाउँलेहरुले उनलाई आफ्नो भोंबाबाट बारेका छैनन् ? "धन भएपछि सबै प्रजातन्त्रवादी हुँदा रहछन्" मुरमुरिंदै चिसिरे बाजे भन्छन् ।

छुट्टीमा आएकी गल्लाबाली वा बम्बईबाट साधारणतया छुट्टीमा आउने युवतिले हरेक पटक कोसिमा दुई जना १३ वर्षे बालिका युवतिहरु लिएर

कार्यक्षेत्र सम्हाल्दै आएका समुन्द्रटार प्रहरी चौकीका हवल्दारका अनुसार गत पाँच महिना भित्रमा जम्मा तीस वटा मात्र त्यस्ता उजुरी दर्ता भएका छन्। प्राप्त जानकारी अनुसार उजुरीमा परेका ती मध्ये प्रायजसो हाल बम्बईमा रहेका छन्।

प्रहरीले स्थितिलाई नियन्त्रणमा राख्न नसकेको र हालको कानूनै पनि पर्याप्त नरहेको कुरा ती हवल्दार बताउँदछन्। उनको भनाई अनुसार केटा र केटी दुबैलाई बराबरी सजायको व्यवस्था भएमा केही हदसम्म यस व्यापारको रोकथाम गर्न सकिने छ। कुनै केटा र केटी बाटामा समातिए भने प्रहरीले केटालाई मात्र थुनेर कारबाही गर्छ र केही समयपछि केटीलाई छोडी दिन्छ - तर केटी फेरी अर्को कुनै गल्लावाल केटा वा केटीसंग भाग्छे। यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक कंचन तिमिल्सिना भन्छन् - यस आ.व. ०४८/४९ मा जम्मा पन्ध वटा मुद्दा दर्ता भएका छन् केहीले जिल्ला कारागारमा सजाय स्वरुप दिन काटिरहेका छन्। यो संख्या वास्तविकता भन्दा अत्यन्त न्यून रहेको र वास्तविक संख्या ज्यादै बढी हुने गरेको र सानोतिनो औपचारिकता मात्र निभाउने खालका प्रयत्नले यो व्यवसायलाई नियन्त्रणमा लिन गाहारो हुने ठोकुवा नायब उपरिक्षक गर्दछन्।

बम्बईका विभिन्न कोठीहरुको पटक पटक भ्रमण गरि स्थिति अवलोकन गरी फर्किएका

त्यसैले चिकित्सा क्षेत्रका विशेषज्ञहरु चिन्तित छन् - बम्बईबाट फकिएका महिलाहरु एड्स सहित फर्किरहेका छन्। नुवाकोट भने एड्स भन्दा खतरनाक रोगको पाशोमा नराम्रोसंग फसिसकेको छ।

समुन्द्रटार र शिखरबेशीका दुई सरकारी कर्मचारीहरु भन्दछन् - "नुवाकोटको बेतिनी र बालकुमारी गा.वि.स.बाट साढे एघार सय, गाउँखर्क गा.वि.स.बाट साढे सोह्र सय, शिखरबेशी गा.वि.स.बाट सय, घ्याङफेदी गा.वि.स.बाट तीनसय र समुन्द्रटार गा.वि.स.बाट बीस जना भन्दा बढी तेह्र देखि बीस वर्षसम्मका केटीहरु भारतको विभिन्न शहर खास गरि बम्बईमा वेश्यवृत्ति गरेर गुजारा गरिरहेका छन्।"

वेश्यावृत्तिको डढेलो नुवाकोटमा झनझन फैलिदै छ। तर यस क्षेत्रमा रहेका सामाजिक संघ संस्था, शिक्षक वा समाजसेवीहरुको भूमिका त्यति प्रभावकारी भने देखिदैन। केही बुद्धिजीवि र समाजसेवीहरु यस विषयमा चिन्तित देखिन्छन्। तापनि यस क्षेत्रमा काम गर्न चाहने व्यक्तिहरुलाई असहयोग गर्ने, चेतावनी दिने जनतालाई वास्तविक ज्ञानबाट वन्चित राखिने प्रवृत्ति पनि यहाँ बलशाली रहेको छ। गत आषाढमा यस क्षेत्रमा एड्स रोग सम्बन्धी कार्यक्रम लिएर गएका चिकित्सक टोली माथि हातपात गर्न समेत खोजिएको थियो।

जन समूदायलाई क्रमिक रुपमा चेतनशील बनाउँदै लैजाने काममा गति ल्याउने हो भने यस क्षेत्रमा केही उत्पादनमूलक उद्योग धन्दाको स्थापना गर्नु आवश्यक छ। त्यसो भएमा देह व्यापारलाई तत्काल पूर्ण नियन्त्रण गर्न नसकिए पनि बढ्नबाट रोक्न भने अवश्य सकिनेछ। तर यो क्षेत्रमा नेतृत्व गरिरहेका जन प्रतिनिधिहरु समेत यो पेशा र कार ोबारमा लागेको व्यक्ति वा संरक्षकका रुपमा परिचित भएबाट अर्को अप्ठ्यारोको श्रृजना भएको छ।

भनिन्छ यहाँबाट भारत जाने महिलाहरु मध्ये दश प्रतिशत यता फर्कदैनन्। तिनीहरु कतिपय रोगले पीडित भएर वा अशक्त भएर उतै रहन्छन्। तर धेरै जसो चाहिं जीवनको कुनै न कुनै समयमा अवश्य स्वदेश फर्कन्छन्। त्यसैले चिकित्सा क्षेत्रका विशेषज्ञहरु चिन्तित छन् - बम्बईबाट फकिएका महिलाहरु एड्स सहित फर्किरहेका छन्। नुवाकोट भने एड्स भन्दा खतरनाक रोगको पाशोमा नराम्रोसंग फसिसकेको छ। वेश्यावृत्तिलाई प्रतिष्ठीत पेशा ठान्ने वा त्यसलाई प्रोत्साहन गर्ने खतरनाक महामारीले ग्रस्त भइसकेको छ नुवाकोट।

जान्छन्। कुनै कुनै कोठीमा युवतिहरु ल्याउने-पुऱ्याउने विशेष व्यवस्था पनि हुन्छ। त्यस्तै तलको आमदानी लिन वर्षमा १/२ पटक घरका पुरुषहरु कोठीमै पनि पुग्छन्। आवश्यकता हेरेर एकै युवकले पनि संपूर्ण गाउँको प्रतिनिधित्व गर्दछ। दुन्चे स्कुलका प्रधान अध्यापकको हली पनि बहिनीको कमाई लिन बम्बई गएको थियो। जनार्दन आचार्य भन्दछन् - "आर्थिक अवस्था कमजोर भएर हली बसेको थियो। तर बहिनी बम्बई गएपछि काम लगाउने भन्दा सम्पन्न भएको छ।"

कमाई लिन जाने चलन केही वर्ष अघि देखि शुरु भएको हो। तर भरखरै बम्बई पुगेर फर्केका एक युवक भन्छन् - "अब म कहिले पनि जान्न। केटीहरु मैले नै उनीहरुलाई बेच्न लगे झैं गालि गरिरहेका थिए।"

बम्बई जाने सबै सम्पन्न बन्न सक्दैनन्। दुर्गा खतिवडाले भने झैं "कमाउनका लागि भाग्य, जवानी र रुप चाहिन्छ।" डीम्बाल तामांग यति मात्र भन्दिनन्। उनी भन्छिन् - "बोल्न सक्ने हुनु पर्छ। नत्र मैले जस्तो हेपाई सहेर रित्तै हात फर्कनु पर्ने हुन्छ"।

नौविसेकी सावित्री श्रेष्ठले चार वर्षपछि फर्कदा एक लाख रुपैयाँ लिएर आएकी छन्। मामाले त्यस रुपैयाँबाट जग्गा किन्दैछन्। यस जग्गा भएपछि उनको परिवारलाई खान पुग्ने भएको छ। केही महिनापछि सावित्री पप कमाउन फर्कदै छिन्।

गाउँका मुख्य उपभोक्ता बम्बईबाट आमदानी गरेर आउनेहरु नै हुन्छन्। शिक्षक जनार्दन भन्नु हुन्छ - "उनीहरुको आमदानीबाट हामी पनि अप्रत्यक्ष रुपले फाइदामा छौं। उनीहरु खेती गर्दैनन् र हाम्रा उत्पादन किन्छन्। उनीहरु प्रति निर्भरता यसरी बढेको छ कि केही चिज बेच्नु परे, उनीहरुलाई नै पर्खनु पर्ने हुन्छ।"

बम्बईयाहरुले गाउँमा फर्कदा केही ल्याउन सके, घर जोड्न सक्छन्। आजभोली गाउँका पुराना बासिन्दाहरु भने आफ्नो अचल सम्पत्तिहरु बेचि शहरतिर लाग्न थालेका छन्।

बम्बईबाट फर्कदा कमाई ल्याउन नसकेपनि बिमार अवश्य संगै आउँछ। विभिन्न यौन रोग, अनुहार को बिकृति तथा कतिले एड्स पनि ल्याउँछन्। बम्बईबाट बीस वर्षपछि फर्केकी भिरा तामांगमा एड्सका लक्षणहरु देखा परेपछि उनलाई नेपाल फर्काइएको छ। खान मन नलाग्ने, अल्छी लाग्ने, तागत नभएको अनुभव गर्दै आएपनि गाउँलेको अमानवीय व्यवहार तथा अवहेलनाको डरले उनी बिमार भएको स्वीकार्दिनन्। उनको यत्रो वर्षको कमाई कहाँ गयो ? अरुलाई दिंदै आएको कमाई आज आफ्नै औषधिको निम्ति छैन। घरका मानिसहरुले उनको जीवन समाप्त भएको ठानेर चित्त बुझाई सकेका छन्। त्यसैले उनिहरु "खोलामा पानी" नखन्याउने विचारमा छन्।

कुनै युवती मोटो रकम साथ फर्की भने उनीसंग बिवाह गर्न धुप्रै युवा तयार पनि हुन्छन्। तर त्यो सम्बन्ध पैसाको समाप्ती संगै समाप्त हुन्छ। दुर्गा भन्छिन् - "हाम्रो मूल्य नगद रहुञ्जेल मात्र रहन्छ। गुरुवात देखि नै अर्काका लागि गर्दै आएका हौं। अन्तमा एक्लै पर्छौं।"

गाउँलेहरु कुनै युवती तल गई वा बाँदेछ भन्ने कुरा सामान्य रुपले लिन्छन्। ती केटीलाई रोक्ने वा सम्झाउने प्रयास कसैबाट हुँदैन। तर बीमै केटी फर्केर आएपछि तल गएकी भनेपछि मानिसका नाक [illegible]

बम्बईमा कारोवार गरि रहेका नुवाकोटका घरवालीहरु

केही समय बम्बई बसि देह व्यापारका विषयमा निकै जानकारी संकलन गर्ने एकजना सरकारी कर्मचारीले यस पंक्तिका लेखकसंग देह व्यापारका ठेकेदारहरुका बारेमा धेरै कुरो बताए । जानकारीको केही नमूना :

- पिचरी तामांग (५०) भारतीय नाम - सनम
  बेतिनी गा.वि.स. वडा नं. १, जुम्नांग
  भारतीय ठेगाना:
  कमाटीपुर - १३ गल्ली, बम्बई

यिनी विगत ३० वर्षदेखि यस पेशामा संलग्न छिन् । शुरुमा भारतीय दलालहरुद्वारा बम्बई पुऱ्याइएकी "सनम" हाल कमाटीपुरमा आफ्नै २० कोठे आधुनिक बंगलामा असी जना नेपाली केटीहरु कब्जाएर बसेकी छिन् । निज तामांगको हाल काठमाण्डौको महाराजगंज र बालुवाटारमा समेत अत्याधुनिक घर रहेको छ । आधा समय बम्बई र आधा समय काठमाण्डौमा बिताइरहेकी सनम एकजना पंचायतकालिन र पंसको कान्छी श्रीमतीकी रुपमा पनि परिचित छिन् ।

- साहिली तामांग (सोनिया)
  बाबुको नाम: ज्ञान बहादुर तामांग
  बालकुमारी गा.वि.स. वडा नं. ८

ग्रीनरोड, बम्बईमा यिनको आफ्नै बंगला छ । शुरुमा यिनलाई पन्ध्र वर्षको उमेरमा गाउँकै गल्लावालले त्यहाँ पुऱ्याएको थियो । हाल उनि पैंतालीस जना नेपाली केटीहरु सहित उक्त पेशामा संलग्न छिन् । "सोनिया" ६ महिनादेखि डेढ वर्षसम्मका लागि केटीहरुको कन्ट्र्याक्टमा सप्लाई गर्ने काममा विशेष निपुण ठान्छिन् ।

- राल्पा (मान बहादुर तामांग) र मुइजित तामांग
  गाउँखर्क गा.वि.स. - ८

राल्पा तामांगकी बहिनी र मुइजित तामांगकी छोरी र बहिनी आफैं पनि उक्त पेशामा संलग्न छन् ।

यिनीहरु पुरुष घरवालाहरुमध्ये सबैभन्दा धनी मानिन्छन् र पटक पटक गाउँमा आउँदा हेलिकप्टर चार्टर गरेर आउने गर्दछन् । प्रजातन्त्र प्राप्ति पछिको पहिलो स्थानिय निर्वाचनमा राल्पा र मुइजित क्रमश: गाउँखर्क गा.वि.स.मा अध्यक्ष र उपाध्यक्षमा निर्वाचित भएका छन् । उनिहरु राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट चुनावी मैदानमा उत्रिएका थिए ।

राल्पा तामांगको - फकल्याण्ड रोड, बम्बईमा आफ्नै बंगलामा कम उमेरका पच्चीस जना.केटीहरु रहेका छन् भने बम्बईको ग्रीनरोडमा अवस्थित आफ्नै बंगलामा मुइजितले करिब दश जना केटीहरु राखेका छन् ।

- सुधा पण्डित (३२) (लीना)
  शिखरवेशी गा.वि.सं. ४, पहरामुनि
  भारतीय ठेगाना:
  कमाटीपुर - ११ गल्ली, बंगला २२७, बम्बई

०३८ सालमा १४ वर्षको उमेरमा गाउँका गल्लावालहरुद्वारा बम्बई पुऱ्याइएकी सुधा पण्डित, हाल चल्तापूर्जा र अत्यन्त व्यस्त घरवालीकी रुपमा चिनिन्छिन् । निम्न माध्यमिक तहसम्म अध्ययन गरेकी "लीना" ले हाल कमाटीपुरमा शिखरवेशी र घ्याङफेदीका गरी दस जना नेपाली केटीहरु राखेकी छन् ।

- जमुना तामांग (३०)
  घ्याङफेदी गा.वि.स. - ३
  कमाटीपुर १३ गल्ली बंगला १०९, बम्बई

तामांग करीब ६०/७० लाख भारतीय रुपैया पर्ने दुई वटा आफ्नै बंगलामा दुई सय पच्चीस जना नेपाली र दुई जना बंगाली केटीहरु संचालन गरेर बसेकी छन् ।

- जङ्गु तामांग
  गाउँखर्क गा.वि.स. वडा नं. ८

जङ्गुले बम्बईको रेडलाइट एरियाको पिल्लो हाउसमा बाह्र जना नेपाली केटीहरु राखेकी छन् ।

माथि उल्लेखित जानकारी एउटा नमूना मात्र हो । आज पनि ग्रामीण महिलाहरु यस पेशा प्रति लालायित छन् । वेश्यावृत्ति बारेमा शिखरवेशी गा.वि.स.का दस जना महिलाहरुसंग बुझ्दा दुई जनाले मात्र यो पेशा ठीक नरहेको बताए भने केहीले त यही कारोबारको आर्जनबाट लाए खाएको कुरा बताए । केहीले उक्त पेशा प्रति प्रत्यक्ष समर्थन जनाए । शिखरवेशी गा.वि.स.का एकजना जन प्रतिनिधिका अनुसार आर्थिक पछ्यौटेपन हटाउनका लागि केही उत्पादन र आयमूलक कार्यक्रम संचालन गर्न सक्यो र साथसाथै कडा कानूनी प्रावधान रह्यो भने धेरै हदसम्म यो व्यवसाय फस्टाउन पाउने छैन ।

एक नागरिकको हैसियतले पाउनु पर्ने सम्मानित जीवन उनको लागि असम्भव हुन्छ ।

"त्यहाँ के हुन्छ ?" भन्ने प्रश्न गर्दा यस प्रतिनिधिसंग डीम्बल तामांग लजाएर सप्कोले मुख छोप्दै भन्छिन् - "म पिलो हाउसमा हुँदा दिनमा ८/९ जनासंग सम्बन्ध राख्नु पर्थ्यो । तर बंगलामा केवल दिनमा २/३ जना हुन्छन् ।"

भारतका कोठीहरुमा लगिएका युवतीहरुको ग्रेड छुट्याउने चलन छ । केही महिना "पिलो हाउस" मा बसेपछि माथिल्लो ग्रेडमा पर्नेहरु "बंगला" का निम्ति छानिन्छन् । कोही शुरु देखि नै "बंगला" मा पर्छन् ।

"बंगला" "पिलो हाउस" को तुलनामा सुविधायुक्त र आमदानीमूलक हुन्छ । भारतका वेश्यालयहरुमा युवतीहरुले काम गर्न नमाने यातना पाउने कथा सुनिदै आएको हो । त्यसै सम्बन्धमा दुर्गा भन्छिन् - "हामी पनि बालक काल देखि नै घृणा गर्न सिकाइएको पेशालाई अंगाल्न चाहदैनौं । तर त्यहाँको वातावरण, भोक र मारले गर्दा झुक्न बाध्य बनाउँछ ।"

युवतीहरु भारु २,०००/- देखि ५०,०००/- सम्ममा बिक्री गरिन्छन् । उनीहरु भन्छन्- "हामीलाई कालो कुर्वामा फसाएर एउटाले कमाउँछ । तर

गल्लावालीले हामीबाट त्यो असुल्छे । दिन रात काम गर्दा पनि चार वर्षपछि छुट्टी पाइन्छ । छुट्टीमा आफ्नो गाउँ आउन मन लाग्छ तर के गर्नु ? गाउँलेले सस्तो वस्तु जस्तो व्यवहार गर्छन् । आफ्नो जन्मथलोमा हुने बेइज्जती सम्झेर आउन मन लाग्दैन । त्यसैले कमै युवतीहरु छुट्टीमा आउँछन् । पिलो हाउसमा दिनमा भारु ५००/- सम्म हुन्छ । बंगलामा अझ बढी हुन्छ । तर ग्राहकले हामी कहाँ आउनु भन्दा पहिले नै गल्लावालीलाई पैसा तिर्नु पर्ने हुन्छ ।" - उनिहरु बताउँछन् ।

आफ्नो सुनको दाँत देखाउँदै डीम्बल तामांग भन्छिन् । - "त्यहाँ ग्राहकहरुलाई आकर्षित गर्न तथा अनुहारको सुन्दरता बढाउन सुनको दाँत हाल्ने चलन छ ।" उनीहरु घरमा पठाउने पैसा तथा आफ्नो खर्च ग्राहकहरुको बक्सिस तथा गल्लावालीले दिने न्यून रकमबाट जम्मा गर्दछन् ।

मिरालाई आफू जानेबित्तिकै गरिएको आफ्नै पेटको अपरेसनको कारण थाहा थिएन । तर एक वर्ष अघिदेखि उनलाई नयाँ रोगले छोयो र उनी काम गर्न असक्त भइन् । कोठी मालिकनीले तत्काल गाउँ फर्काइदिई । उनलाई केही वर्ष अगाडि थाहा भयो - उनको पाठेघर पल्टाउने काम भएको रहेछ । त्यहाँका प्राय सबै युवतीहरुको यस प्रकार अपरेसन गरिएको हुन्छ ।

बाहिर जान पाइन्छ ? "प्राय फिल्म हेर्न गइन्छ । हुन त कसैले मन पराए विवाह गर्न पनि पाइन्छ । तर यस्ता व्यक्ति विरलै हुन्छन्" छिन्न अनुहार लगाउँदै सावित्री भन्छिन् । त्यहाँ पुगेका केही युवतीहरु उतै विवाह गरेर कोठी चलाएर बसेका पनि छन् । केही काठमाडौंका ठूलाबडाका रखौटी पनि रहेका छन् ।

आजको वीरवल हँसाउने नेताहरु

- राजव -

उसलाई आफू मुस्काएको, हाँसेको फोटो खिच्नु छ । त्यसैले ऊ त्यस्तो फोटो खिच्न शहरको प्रसिद्ध फोटो स्टुडियो भित्र पस्यो ।

"हलो ?"

"फोटो खिचौं भनेर ....."

"हस हजुर पाल्नुस ....."

यो स्वगतले ऊ फोटो खिच्ने खास कक्षा भित्र पस्यो । उसले कक्षा भित्रको विशेष ठूलो ऐना हेर्‍यो । र हाँस्ने कोशिश गर्‍यो । तर उसका ओठहरु च्यात्तिए । दाँतहरु देखिए । ऊ हाँसेको जस्तो देखिएन । त्यसकारण उसले ऐना हेर्दै एकछिन प्याक्टीस गर्न लाग्यो । प्याक्टीस गर्दागर्दै उसलाई आफू हाँसे हाँसे जस्तो लाग्यो तर उसले आफू यो हाँस्य मुद्रा ऐनामा राम्रो सँग नियाल्न नै नपाइ फोटो खिच्ने मान्छे स्टूडीयो कक्षमा पस्यो ।

"तयार हुनु भयो हजुर ?" ऊसंग फोटाग्राफर आफ्नू कपाल कोर्दै सोद्ध छ ।

"भइयो"

"बसौं त हजूर" क्यामेरा अगाडीको स्टूल देखाएर फोटोग्राफरले भन्यो । र त्यहाँ बस्दै उसले पनि भन्यो -

"हैंनुस मलाई म हाँसेको फोटो चाहिन्छ, सिधा साधा र गंभिर हैन"

"हुन्छ हजूर जस्तो भन्नु हुन्छ त्यस्तै खिचौला हजूर ....." फोटोग्राफरले भन्यो । र फेरि भन्यो -

"ल हजुर रेडी ..... ल रेडी हजूर ..... हाँसौ हजूर ..... हाँसौं ..... ख्वै हजूर ? हाँसौ न .....? ..... हाँसौ हजुर हाँसौ ..... अरु सब ठीक छ हजूर ..... सिर्फ हाँसौ मात्र ..... ख्वै हजूर भएन .....हासौ न .....?"

तर ऊ स्टूलमा मुर्ती राखे जस्तो मात्र भैदियो । हाँस्न सकेन ।

"हाँसौं न हजूर ..... कोशिश गरौं ..... यसरी त भएन ..... हाँसेको पनि फोटो चाहिने, हाँस्न पनि नसक्ने ..... अनि कसरी हुन्छ .....?"

त्यसकारण उसले खुब कोशिश गर्‍यो तर त्यो कोशिश अन्तर्गत सिर्फ उसका ओठहरु च्यत्तिए । दाँत देखिए । तर त्यसमा हाँसोको मुद्रा प्रकट भएन ।

"भएन हजूर ..... हाँसौ ..... यसरी बसेर त हाँसेको फोटो खिचिँदैन हजुर .....बरु यसरी हि हि .....हा ..... मात्र गरौं.....?" सिने निर्देशकले झैं फोटो ग्राफरले हावभाव देखाउँदै भन्यो ।

तर उसले हि हि हा हु हु हु केही गर्न सकेन ।

अहिले त मुखभित्रको दाँत पनि उजागर गर्न सकेन ।

"हैन नहाँसेको फोटो खिचे हुँदैन हजूर .....?" खुब थाकेर फोटोग्राफरले भन्यो ।

"हुदैन, बिलकूल हाँसेको फोटो चाहिन्छ ....."

"तर यसरी बसेर त .....?" फोटोग्राफरले दिक्क भएर भन्यो ।

"हैन म हाँस्छु ..... तपाई फोटो त खिच्नुस् ....." फेरि उसले भन्यो । तर फाटोग्राफरलाई विश्वास भएन । तैपनि भन्यो-

"ल हास्नुस त ...."

उसले ओठ च्यात्यो । मुख बायो । दाँत देखायो । तर हाँसो भएन ।

फोटोग्राफर पनि उसलाई हँसाउने उपक्रममा लाग्यो । तर उसको उपक्रम सफल भएन । उल्टै ऊ खुब थाक्यो । त्यसैले ऊ सरेण्डर गर्ने विचार गर्दै थियो, अचानक उसले दिमागमा एउटा उपाय पायो । र "पल्नुस है" भन्दै बाहिर काउण्टरमा निस्क्यो । र आफूसँग भएका राष्ट्रिय नेताहरुको फोटोको माला उन्यो । त्यो माला तयार भएपछि त्यसलाई गर्धनमा हुलेर ऊ भित्र फोटो खिचाउनेको सामुन्ने पुग्यो । र फोटोग्राफरले भिर को त्यो माला देख्ने बित्तिक्कै ऊ अचानक जोडले हाँस्न थाल्यो । र फटोग्राफरले दनादन फोटो खिच्न थाल्यो ।

फोटोग्राफरको घाँटीमा उनीएका फोटोहरु कुन कुन नेताहरुका हुन भन्ने नभनौं । तर आजका जस्ता बीरबल नेताहरु अमर हुन्छन् ।

सार्वजनिक मुद्दा : तर तथ्यहरु गोप्य छन्

– गोपाल गुरागाई –

पंचायतकालमा सार्वजनिक अपराध ऐन अन्तर्गत थुनामा नपरेका कांग्रेसका सदस्य र वामपंथी कार्यकर्ता ज्यादै थोरै थिए। त्यसबेला जोसंग कांग्रेस र वामपंथीको परिचय थियो – तिनलाई थुन्न र नियन्त्रण गर्न पंचायती शासनसंग सबैभन्दा सजिलो उपाय सार्वजनिक अपराध ऐन नामक हतियार थियो। आजका नेता मंत्री, सत्तारुढ र विपक्षी दलका सांसदहरु सबैले त्यो ऐनलाई पंचायतकालमा बेहोरेका थिए।

पंचायत ढल्यो। नयाँ संविधान आयो। नयाँ ऐन र कानूनहरु बने र बन्दै पनि छन् । तर पंचायती शासनकालमा गुण्डा ऐन भनेर व्याख्या गरिने सार्वजनिक अपराध र सजाय ऐन अहिले पनि यथावत छ र झन् व्यापक र निरंकुश भएको छ। पहिले पंचहरुले हतियार का रुपमा प्रयोग गरेको यो ऐनलाई अहिले सत्तारुढ पार्टीले विपक्षी सताउने अमोघ अश्त्रका रुपमा प्रयोग गर्न थालेको छ।

सार्वजनिक अपराध ऐन मात्र होइन, विपक्षलाई दबाउन हरेक राजनीतिक दलहरुले अहिले ऐन र कानूनको सहारा लिन थालेका छन्। तर, यसो गर्दा कानून र ऐनको सबैभन्दा बढी दुरुपयोग गर्नेहरुको अघिल्लो पंक्तिमा पनि राजनीतिक पार्टीहरु नै देखिन्छन् । ऐन र कानूनको व्यापक दुरुपयोग र शक्ति प्रदर्शन गर्न प्रशासनमा बढ्दो दबाव एवं अपराधीलाई संरक्षण गरेर राजनीतिक प्रभाव विस्तार गर्ने होडलाई देख्दा लाग्छ - ऐन र कानून राज्य व्यवस्था संचालन गर्न होइन, विपक्षीलाई दुःख दिनका लागि बनाइन्छन्।

धनकुटा जिल्लाका कानून व्यवसायी गोपाल बहादुर भट्टराई भन्छन् - "साधारण र प्राकृतिक घटनामा सार्वजनिक मुद्दा लगाएर गाउँका राजनीतिक कार्यकर्तालाई फसाउने प्रक्रया नेपाली कांग्रेसको एकमना सरकार बन्नासाथ यस जिल्लामा धेरै बढ्यो, तर अहिले यो प्रवृत्ति केही घटेको छ।" भट्टराई यस कामका लागि स्थानीय प्रशासनलाई होइन, केन्द्रीय सत्तालाई दोषी ठहऱ्याउछन्। उनी भन्छन् - केन्द्रले नै त्यस्तो निर्देशन दिने गरेकाले स्थानीय स्तरमा यस्तो भएको हो"

धनकुटा जिल्लामा २०४८/४९ को आर्थिक वर्षमा २५ वटा र २०४९/५० मा हालसम्म ८ वटा गरी ३३ वटा सार्वजनिक मुद्दा परेको कुरा डि.एस.पी. किरण गौतम बताउँछन्। तर यी मुद्दा राजनीतिक कारणले परेका हुन् वा अरु नै कारणले हो भन्ने कुरा प्रहरी रेकर्डमा उल्लेख हुँदैन। यति हुँदा हुँदै पनि खोजी गर्ने हो भने स्पष्ट हुन्छ ९९ प्रतिशत सार्वजनिक मुद्दाहरु राजनीतिक कारणले जन्मिने गर्दछन् ।

कानून व्यवसायी गोपाल बहादुर भट्टराईका अनुसार, धनकुटा जिल्लामा २०४८/४९ देखि हालसम्म चलेका ३३ वटा मुद्दामा नेकपा (एमाले) का एक सय सतहत्तर जना कार्यकर्ता र समर्थकहरु प्रतिवादी बनाइएका छन्।

सार्वजनिक मुद्दा विपक्षीलाई सताउने सबैभन्दा सहज र सर्वसुलभ उपाय हो। सार्वजनिक ठाउँमा ठूलो स्वरले बोल्यो भने वा सामान्य झगडा भयो भने पनि एकपक्ष प्रहरी समक्ष पुगेपछि मुद्दाको प्रक्रया शुरु हुन्छ ।

पूर्वी पहाडकै अर्को जिल्ला भोजपुरका डी.एस.पी. शारदा भक्त रंजितकार भन्छन् "कुनै पनि व्यक्तिले उजुरी लिएर आउनासाथ प्रहरीले उजुरी लिन्न भन्न मिल्दैन।" प्रहरीले उजुरी लिनासाथ सार्वजनिक मुद्दा सरकारवादी हुन्छ। अर्थात वादीले मुद्दा बोक्नु पर्दैन, तर प्रतिवादीले बारेश समेत नलाग्ने तारेख बोक्नु पर्छ।

भोजपुर र धनकुटा दुईवटा यस्ता जिल्ला हुन् - जहाँ जिल्ला विकास समिति र प्रतिनिधि सभामा एमालेको वर्चश्व छ। र, साना-तिना निहुँ पाउनासाथ नेपाली कांग्रेसका कार्यकर्ताहरु हतारहतार जिल्ला प्रहरी कार्यालय पुग्छन् र कहिले ज्यान मार्ने उद्योग, कहिले सार्वजनिक, कहिले कुटपीट, कहिले गाली बेइज्जती मुद्दा दायर गर्छन्।

भोजपुरमा यस्तो प्रक्रया हाल अत्यन्तै बढेको छ। नाम उल्लेख गर्न नचाहने एक प्रहरी अधिकृत भन्छन् - "केन्द्रमा सरकार भएकाले कांग्रेसका कार्यकर्ताहरु एमालेका विरुद्ध र जिल्लामा एमालेको वर्चश्व भएकाले उनीहरु कांग्रेस विरुद्ध उजुरी दिन प्रतिस्पर्धा गर्छन्। उनी थप्छन् "यहाँ ल्याए जति जम्मै उजुरी लिने हो भने भोजपुर ले मुद्दामा सप्तरी जिल्लालाई समेत उछिन्छ।"

तथ्यहरुले यो कुरालाई पुष्टि नै गर्छन् । नेपाली कांग्रेस छाडेर राष्ट्रिय प्रजातन्त्र पार्टीको धनकुटा जिल्ला सदस्य भएका कमल चेमजोंग हाल डाँका मुद्दामा तारेख खेप्दैछन्। एक महिना हिरासतमा बसेपछि उनी धरौटीमा रिहा भएका छन्।

राप्रपाको धनकुटा जिल्ला सभापतिका अनुसार २०४८ साल पुष ३० गते दिउँसो जिल्ला प्रहरी कार्यालय धनकुटामा चेमजोंग विरुद्ध उजुरी दिइयो। उट्पटयाँग र पत्याउनै नसक्ने कुरा के छ भने ३० गते राती १० बजे डाका गर्न गएको र १२ बजे फर्केको कुरा उजुरीमा उल्लेख छ। राती डाँका गरेको भए त्यो भन्दा पछाडि उजुर गर्नुपर्नेमा जाहे खालाले डाँका हुनु अघि नै जाहेरी दिएका छन्।

धनकुटा जिल्लाका सांसाद गोपाल गुरागाई सार्वजनिक मुद्दा एमालेका कार्यकर्ताहरुलाई एकदम धेरै लागेको बताउँदै एमालेले पनि कांग्रेस विरुद्ध उजुरी दिएको कुरा बताउँछन्। सांसाद गुरागाईका अनुसार, "तर नेपाली कांग्रेसका मानिसलाई लागेको मुद्दा सर्जमिन भन्दा अगाडि बढ्न सकेन।"

भोजपुर जिल्ला प्रशासन कार्यालयमा प्रत्येक दिन हुने भीडभाडमा केही न केही यस्ता अनुहार अवश्य भेटिन्छन् जो तारेख लिनका लागि प्रत्येक दिन आठ-नौ घण्टाको बाटो हिँडेर आइपुगेका हुन्छन्। जिल्ला प्रशासन कार्यालयको मुद्दा फाँटमा थन्क्याइएका फाइलहरु पढ्ने जो कसैलाई पनि रहस्य, रोमाञ्च र आश्चर्यको अनुभव हुनु एकदमै स्वभाविक लाग्छ।

खाबा गा.वि.स. का पहिलेका पञ्च र हाल नेपाली कांग्रेसका कार्यकर्ता अजुद्ध बहादुर राईले २७ जना एमाले कार्यकर्ता विरुद्ध उजुरी दिएका छन्। उजुरीको विषय छ - स्कूलको प्रांगणमा किन घोडा चराइस् भनेर प्रतिवादीहरुले कुटपीट गरे । यस्तै घटनामा हाल दुइवटा मुद्दा चलिरहेका छन्। र प्रतिवादी २७ जना मध्येका ४ जनाले एक घटना - दुई वारदातका अलग-अलग तारेख बोक्दैछन्।

आश्चर्यलाग्दा घटनाको कुनै सीमा छैन। ०४७ साल तिहारमा देउसी खेल्दै हिंडेका एमालेका २३ जना कार्यकर्ता अहिलेसम्म डाका मुद्दाको तारेख बोक्दैछन्। सो काण्डका काजी राई अझै पनि भोजपुर जेलमा छन्।

बोखिम गा.वि.स.मा हालका उपाध्यक्ष लक्ष्मण खड्काको चुनाव-प्रतिनिधि बसेका कारणले बोखिम गा.वि.स.का सोभितमान राई, अशोक राई मायादेवी राई, हर्कराज राई, मणिराज राई, कुल बहादुर प्रधान, राम राई र इन्द्र बहादुर प्रधान तारेख बोक्दैछन् । उनीहरुलाई सार्वजनिक मुद्दामा हरि प्रसाद खतिवडाको जाहेरीले फसाई दिएको छ।

राजनीतिक खिंचातानी, अस्वस्थ होड र प्रभाव विस्तारको सबभन्दा तल्लो स्तर पनि भोजपुरमै देखिन्छ। अर्ध वार्षिक परीक्षा बहिष्कार गर्ने विषयमा गत जेठ २३ गते शिक्षक र विद्यार्थी बीच भएको विवाद हाल एमाले र कांग्रेस दुबैका लागि छाड्नु न समाउनु भएको छ। विवादका कारण कांग्रेस समर्थक प्र.अ. श्रीमती कमला तिम्सिनाले चार जना एमाले समर्थक युवाहरु र

सतहमा देखिएका कुरा

सात जना आफैले पढाएका विद्यार्थीलाई सार्वजनिक मुद्दा लगाइन्। त्यसबेला उनलाई कांग्रेस समर्थकहरुले आड दिए। तर, जब एघार जना विद्यार्थी र युवा पक्रिन प्रहरी गाउँमा प्रवेश गऱ्यो, त्यसपछि कमला तिम्सिना स्वयं गाउँमा बस्न नसक्ने अवस्थामा पुगिन्। हालसम्म उनी काठमाडौंमा छिन् र "ज्यानको सुरक्षा छैन" भन्ने कुरा भेटघाट हुने जो सुकैलाई बताउँछिन्। उनकै विषयमा शुरु भएको विवादले विद्यालय लगभग ध्वस्त हुन पुगेको छ र विद्यार्थीहरु तारेख बोक्दैछन्।

सार्वजनिक अपराध तथा सजाय ऐन प्रायः सबैजसो मुलुकमा हुन्छ र संसारभर नै यो ऐन गुण्डा-ऐनका नाममा प्रचलित छ। सिद्धान्ततः हुल-हुज्जत गर्ने, गुण्डागर्दी गर्ने र सार्वजनिक जीवनमा असजिलो उत्पन्न गर्ने हुल्याहा र छुल्याहालाई नियन्त्रण गर्ने र तह लगाउने यो ऐनको उद्देश्य रहेको छ। तर, व्यवहारमा यो ऐन गुण्डागर्दी नियन्त्रण गर्ने काममा होइन, सत्तारुढ दललाई गुण्डागर्दी गर्न प्रोत्साहित गर्ने ऐनमा परिणत भएको छ। गोरखामा संयुक्त जनमोर्चाका चिनिएका र चुनिएका प्रायः सबै कार्यकर्तालाई सार्वजनिक अपराध गरेको मुद्दा लगाइएको छ भने विपक्षीहरु क्रियाशील र शक्तिशाली भएको प्रायः सबै जिल्लामा यो ऐन राजनीतिक कार्यकर्ताहरु विरुद्ध प्रयोग भएको छ। धनकुटा, भोजपुर, मोरंग र गोरखा जिल्लामा सार्वजनिक मुद्दामा तारेख धाउनेहरुलाई हेर्ने हो भने यो अपराध अन्तर्गत मुद्दा बोक्नेहरुमा सरदर अस्सी प्रतिशत मानिस राजनीतिक कार्यकर्ताहरु देखिन्छन्। सर्वथा आश्चर्यको कुरा त के छ भने यी राजनीतिक कार्यकर्ताहरु या त एमालेसंग सम्बद्ध छन् या त जनमोर्चासंग या त अरु विपक्षी राजनीतिक दलहरुसंग सम्बद्ध छन्।

प्रश्न उठ्छ - के नेपालका राजनीतिक कार्यकर्ताहरु गुण्डा हुन्? उनीहरु हुल हुज्जत र गुणगर्दी मात्र गर्छन्? यदि त्यस्तो गर्दैनन् भने गुण्डालाई लाग्ने ऐन किन राजनीतिक कार्यकर्ताहरुलाई लाग्छ त?

नाम उल्लेख गर्न नचाहने एक प्रहरी अधिकृत भन्छन् - "अपवाद बाहेक, राजनीतिक कार्यकर्ताहरु आफै अपराधमा संलग्न भएको त पाइएको छैन तर प्रत्येक राजनीतिक पार्टीमा अपराधीलाई संरक्षण दिने प्रवृत्ति चाहि बढेको छ।" भन्न आवश्यक छैन, सानो तिनो घटना होस् या ठूलो, त्यसमा संलग्न व्यक्तिलाई छुटाउन वा कम कार्वाही गराउन हरेक राजनीतिक पार्टीले प्रहरीलाई दबाव दिने गरेका छन् र त्यसैले प्रहरीलाई यस्तो लागेको हुनुपर्छ। तर राजनीतिक कार्यकर्ताहरुलाई नै यस्तो मुद्दा किन लाग्छ त भन्ने प्रश्नको जवाफ खोज्न संसदमा यो ऐन संशोधन गर्दा भएको खिचातानी तर्फ ध्यान दिनैपर्छ।

गत वर्ष यो ऐनको संशोधन पेश गर्दा सरकारले मशाल जुलुस निकाल्दा पनि सार्वजनिक अपराध मुद्दा लाग्ने विधेयक ल्याएको थियो। पहिले यो ऐन अन्तर्गत सात दिन हिरासतमा राख्न पाइने प्रावधान थियो र संशोधन पछि प्रहरीले यस ऐन अन्तर्गत पक्राउ परेको मानिसलाई पच्चीस दिन हिरासतमा राख्न सक्ने बनाइयो। स्पष्ट छ, सरकारले सार्वजनिक अपराध ऐन गुण्डाहरुलाई मात्र होइन, राजनीतिक कार्यकर्ताहरुलाई नियन्त्रण गर्ने उद्देश्यले संशोधन गर्न चाहेको थियो। गुण्डाहरुले मशाल जुलुस निकाल्दैनन् भन्ने कुरा जति सजिलै बुझ्न सकिन्छ, मशाल जुलुश निकाल्नेहरु राजनीतिक कार्यकर्ता हुन्छन् भन्ने बुझ्न पनि त्यत्तिकै सहज छ। मशाल जुलुस निकाल्नेहरुलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाउनु पर्छ भन्ने नियतसाथ संशोधनमा आएको यो ऐनको भित्री उद्देश्य विपक्षी राजनीतिक कार्यकर्तालाई दुःख दिनु थियो भन्ने कुरा पनि त्यत्तिकै प्रष्ट छ। संसदमा यस विषयलाई लिएर ठूलो हो-हंगामा भएपछि मशाल जुलुस निकाल्नेलाई सार्वजनिक अपराधी ठान्नु पर्ने बाध्यता त हटाइयो, तर यसको धरौटी रकम करीब दस गुना बढाइयो। हाल सार्वजनिक अपराधमा पर्ने व्यक्तिले धरौटीमा रिहा हुन कम्तीमा दस हजार र बढीमा बयालीस हजार जम्मा गर्नु पर्छ।

बयालीस हजार रुपैयाँ नेपालीका लागि चानचुने रकम होइन र यो गुण्डागर्दीलाई मात्रै आधार बनाएर राखिएको रकम पनि होइन। निम्न आयका व्यक्तिहरु वामपंथप्रति आकर्षित भएको र तिनलाई धरौटी राख्नै नसक्ने रकम तोक्दा आफ्नो राजनीति सप्रिन्छ भन्ने मनशायले पनि यो धरौटी रकमको अंक बढाउन त्यत्तिकै काम गरेको छ।

संसदमा जतिबेला यो ऐन संशोधनका लागि आयो, त्यतिबेला सो विधेयकमा एउटा संशोधन प्रस्ताव पनि पेश भएको थियो। राष्ट्रिय सभाका सांसद सुबास नेम्बांगले पेश गरेको सो संशोधन प्रस्तावमा एउटै कुरा मात्र उल्लेख थियो - "यो ऐन अन्तर्गत मुद्दा हेर्ने कामको जिम्मा अदालतलाई दिनुपर्छ।" तर त्यो संशोधन छलफलमा आएन। सरकारवादी हुने र सरकार वा गृह मंत्रालयका कर्मचारी - प्र.जि.अ.ले न्यायाधीशको रुपमा मुद्दा फैसला गर्ने पुरानो कानून यथावत रह्ये। प्रहरीले वादी भएर प्रमाण जुटाउने, विपक्षीलाई पक्रिने र थुन्ने, बयान गराउने अनि जो वादी पनि रहने प्रमुख जिल्ला अधिकारीले मुद्दा छिन्ने - प्राकृतिक न्यायको सिद्धान्त विपरित यसरी आफै धामी र आफै बोक्सी हुने मुद्दामा न्याय पाउने आधार के? पुनरावेदन अदालतमा मात्र सुनुवाई लाग्ने सार्वजनिक अपराध सम्बन्धी हाल चलिरहेका मुद्दाहरु भित्र जति गोपनीय ताल र तिकडम्हरु देखिन्छन्, ती रहस्यमय तथ्यहरु एकदम थोरै मात्र सतहमा आउँछन्। जति सतहमा आउँछन् त्यसमा पनि पीडित बाहेक अरु कसैको चासो देखिँदैन। आखिर किन? के सत्तापक्षले जस्तै मुद्दा बोक्ने कार्यकर्ताका नेताहरुले पनि पीडितलाई गुण्डा नै ठान्न थालेका त छैन।

मानव अधिकारको विश्वव्यापी घोषणा

पहिलो र दोश्रो विश्वयुद्धमा मानव समुदायको व्यापक संहार भए पश्चात केही शान्ति प्रेमीहरुको सक्यतामा शान्ति स्थापना गर्ने उद्देश्यका साथ बनेको लीग अफ नेसन्स धेरै दिन ज्यूँदो रहन सकेन। तापनि सन् ४५ मा संयुक्त राष्ट्र संघको स्थापना भए पश्चात यस क्षेत्रमा केही प्रगति हुन सक्यो। राष्ट्र संघले सन् १९४८ को दश डिसेम्बरका दिन मानव-मानवबीच कुनै हिंसा नहोस र मानवीय आवश्यकताहरुमा कुनै व्यवधान खडा गर्ने चेष्टा कसैले गर्न नसकोस भन्ने उद्देश्यका साथ "मानव अधिकारको विश्वव्यापी घोषणापत्र" जारी गरेको थियो। यो घोषणा पत्रलाई मानव सभ्यताको ठूलो उपलब्धी मानिन्छ। सुरुमा यस घोषणापत्रमा फ्रान्स, अमेरिका, बेलायत केही देशहरुले मात्र हस्ताक्षर गरेका थिए। आजसम्म एक सय उनान्चासी देशहरुले त्यस घोषणापत्रमा हस्ताक्षर गरि सकेका छन्। संयुक्त राष्ट्रसंघका प्रत्येक सदस्य राष्ट्रले उक्त घोषणा पत्रमा सहमति जनाएर हस्ताक्षर गरेको हुन्छ।

गत अंकमा प्रकाशित बस्न मानव अधिकार घोषणा-पत्रको बाँकी अंश यहाँ प्रस्तुत गरिएको छ।

धारा २२:

समाजको सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ र प्रत्येक व्यक्तिको सम्मान र व्यक्तित्वका स्वतन्त्र विकासको निमित्त आवश्यक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरु र सहयोग र राष्ट्रिय प्रयत्नद्वारा राष्ट्रको संगठन र साधन अनुसार उपलब्ध गर्ने अधिकार प्रत्येक व्यक्तिलाई छ।

धारा २३:

(१) प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छा बमोजिम नोकरी रोज्ने र काम गर्नको निमित्त उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने र बेकारीबाट रक्षा पाउने अधिकार छ।

(२) प्रत्येक व्यक्तिले बिना भेदभाव समान कार्यको लागि समान तलब पाउनेछ।

(३) काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवार को लागि मानवीय अनुकूल गौरवान्वित बन्दोबस्तको लागि उचित र अनुकूल पारिश्रमिक र अन्य प्रकारको सामाजिक संरक्षणद्वारा त्यसको पूर्तिको अधिकार हुनेछ।

(४) प्रत्येक व्यक्तिलाई निजको हितको रक्षाको निमित्त ट्रेड युनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार छ।

धारा २४:

मनासिब माफिकको काम गर्ने घण्टाको हदबन्दी भित्र प्रत्येक व्यक्तिलाई सवैतनिक आवधिक बिदा र विश्रामको अधिकार प्राप्त छ।

धरा २५:

(१) प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणका लागि जीवनस्तरको अधिकार छ र यस अन्तर्गत खाना, कपडा, घर तथा औषधोपचारको सुविधाहरु र आवश्यक सामाजिक सेवाहरु पनि सम्मिलित छन् र बिरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको शक्ति बाहिरको अरु कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ ।

(२) मातृकाल वा बाल्यवस्थामा रहेका प्रत्येक व्यक्तिलाई विशेष हेरचाह, सहायता प्राप्त हुनेछ । विवाहिता र अविवाहिता आमाबाट जन्मेका दुवै बालकले समान सामाजिक संरक्षणको उपभोग गर्न पाउनेछन् ।

धारा २६:

(१) प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । शिक्षा कमसेकम प्रारम्भिक र मुनियादी अवस्थामा नि:शुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्चस्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रुपले उपलब्ध हुनेछ ।

(२) मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो पार्ने गरी शिक्षाको प्रसार गरिनेछ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरुको बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराइनेछ र शान्ति कायम गनका लागि संयुक्त राष्ट्र संघका प्रयत्नहरुलाई अघि बढाइने छ ।

(३) छोरा-छोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा बाबुलाई हुनेछ ।

धारा २७:

(१) प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको सांस्कृतिक जीवनमा भाग लिने, कलाहरुको आनन्द लिने तथा वैज्ञानिक प्रगति र विज्ञानले प्रदान गरेका सुविधाहरुको उपभोग गर्ने अधिकार छ ।

(२) प्रत्येक व्यक्तिलाई निजले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट प्राप्त भएका नैतिक र भौतिक लाभहरुको संरक्षण गर्ने अधिकार हुनेछ ।

धारा २८:

यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरु पूर्णरुपले प्राप्त गर्नको लागि प्रत्येक व्यक्तिलाई सामाजिक र अन्तरराष्ट्रिय व्यवस्थाको अधिकार छ ।

धारा २९:

(१) प्रत्येक व्यक्तिको समाज प्रति कर्तव्यहरु छन् र जस अन्तर्गत बसेर मात्र व्यक्तिको स्वतन्त्र र पूर्ण विकास सम्भव छ ।

(२) आफ्नो अधिकार र स्वतन्त्रताको उपयोग गर्दा प्रत्येक व्यक्तिले अरुको अधिकार र स्वतन्त्रताहरुप्रति पनि आदर र मान्यता दिनु पर्नेछ र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणको लागि चाहिने उचित आवश्यकताहरु प्राप्त गर्ने उद्देश्यले मात्र कानूनद्वारा निश्चित गरिएको सीमाभित्र रहनु पर्नेछ ।

(३) यी अधिकार र स्वतन्त्रताहरुको प्रयोग संयुक्त राष्ट्र संघको सिद्धान्त र उद्देश्यको विपरित कुनै हालतमा उपभोग गर्न सकिने छैन ।

धारा ३०:

कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरुलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको काम गर्न पाउने गरी यस घोषणाको व्याख्या गर्न हुँदैन ।

स्व. प्रकाश काफ्लेको धारणा

मानव अधिकार पत्रिका किन ?

दक्षिण एशियाका देशहरुमा राज्य शक्ति नपाउन्जेल मानव अधिकारको निम्ति संघर्ष गर्ने मानव अधिकारको संरक्षणका नारा बुलन्द रुपमा उठाउने चलन व्याप्त छ । राजनैतिक दलहरुले सत्ता नपाउन्जेल मनव अधिकारको सवाल दृढताका साथ जनसमक्ष अघि सार्ने गरेका छन् । त्यति मात्र होइन उनिहरु फलानो मानव अधिकार संगठनले यसो भनेको छ भनेर तथ्यहरु पनि जनसमक्ष अघि सार्ने गर्छन्, तरे जब सोही राजनैतिक दलले राज्य सत्ता आफ्नो हातमा लिन्छ ऊ फेरि पहिले कै सत्ताधारीले गरेको जस्तै कार्य गर्दै जाने गरेको देखिन्छ ।

यसको निम्ति राजनैतिक दलका नेताहरुमा राजनैतिक र मानव अधिकारको संस्कार नहुनु, राजनैतिक नेताहरु सरकारी प्रशासकहरुको अगाडि नतमस्तक हुनु, दमनकारी प्रशासनिक संरचनालाई बदल्न पनि नबदल्नु र त्यो संरचनालाई प्रजातान्त्रिक र मानव अधिकारको शिक्षा पनि नदिनुलाई कारक तत्व मान्न सकिन्छ । यस भन्दा पनि मूल कुरा के देखिन्छ भने सरकारमा पुगेको राजनैतिक दलले प्रजातन्त्रको जग मजबुत गर्नु भन्दा आफ्नै राजनैतिक दलको आधार बलियो बनाउन खोज्छन् र त्यसमाथि पनि जनताको आधारमा नभएर प्रशासनको आधारमा । प्रशासन जहिले सुकै पनि तटस्थ र स्वतन्त्र हुनु पर्दछ तर प्रशासनलाई राजनैतिक दलहरुले जब आफ्नो पक्षमा उपयोग गर्न थाल्दछन् । प्रजातान्त्रिक व्यवस्था भित्रै पनि निरंकुश तन्त्र र मानव अधिकार विरोधी चरित्रको निर्माण पुग्छ ।

यसैले देशमा प्रजातन्त्र आएको छ, मानव अधिकारको स्थिति राम्रो भएको छ भनेर ढुक्क भएर बस्यौं भने कतिपय प्रजातान्त्रिक देशहरुमा व्यापक रुपले मानव अधिकार उल्लंघन भए जस्तै हाम्रो देशमा पनि नहोला भन्न सकिंदैन । साँच्चै नै भन्ने हो भने हाम्रो देशमा प्रजातान्त्रिक सरकारको स्थापना भए पछि पनि धुप्रै ठाउँमा मानव अधिकारको उल्लंघन भएको तथ्य प्रशस्तै पाइन्छ । मानव अधिकारको संरक्षण गर्ने दायित्व सरकार को मात्र हुँदैन, जबसम्म आम रुपमा जनता नै अधिकार र दायित्व बारे जानकार हुँदैनन् तबसम्म मानव अधिकार एउटा नारामा मात्र सीमित हुन जान्छ । त्यसैले नै इन्सेकले मानव अधिकारको मुद्दालाई आम जनतासम्म पुऱ्याउन सचेतना कार्यक्रमको शुरुवात गरेको छ । र त्यसै क्रममा मानव अधिकार सम्बन्धी यो पत्रिकाको हामीले शुरुवात गरेका छौं ।

(प्रकाश काफ्लेले आफ्नो देहावशान भन्दा करिब एक महिना अघि मात्र आफ्नो खेस्रा पुस्तिकामा सर्सर्ति लेख्नु भएको यो लेखोटले मानव अधिकार पत्रिकाको बहाँको सपनालाई दर्शाउँछ । आज बहाँको अनुपस्थितिमा प्राची मानव अधिकार पत्रिकाको रुपमा अघि बढिरहेछ । र त्यसै क्रममा बहाँका यी विचारहरुले प्राचीलाई आफ्नो मार्गमा अघि बढ्न प्रशस्त सहयोग पुऱ्याउँछन् भन्ने ठानेका छौं । सम्पादन)

दाँत कुँड्याउने ढुंगा जस्ता गल्तीहरु

मुद्रा राक्षसको गडबडीले धेरै चोटि धेरै कहलिएका लेखकहरुलाई रुवाएको छ । प्राचीको दोश्रो अंकको प्रकाशन पश्चात हामीले पनि गंभीर गल्तीहरु समेत फेला पार्यौं । चामलमा मिसिएका स-साना तर दाँत नै कुँड्याउने ढुंगाहरु जस्ता गतांकका मुद्रणका गल्तीहरुलाई यहाँ सच्याइएको छ ।

- पृष्ठ ११ मा "दिपायल सिलगढी नगरपालिका" अन्तगर्ततको सानो पाठ्यांशको चौथो हरफमा "तर दिपायलबाट सिलगढीसम्म हिंडेर पुग्न एक दिन सम्म लाग्दछ ।" भन्ने वाक्यांशको सट्टा "तर कतिपय गाउँबाट सिलगढीसम्म हिंडेर पुग्न एक दिनसम्म पनि लाग्दछ ।" हुनु पर्ने ।
- पृष्ठ १३, दोश्रो कोलम, तेश्रो अनुच्छेदको तेश्रो लहर मा "र ११६ प्राथमिक विद्यालयहरु छन् ।" हुनु पर्ने ।
- पृष्ठ १७, दोश्रो कोलम, अन्तिमबाट दोश्रो अनुच्छेदको अगाडि "सत्तापक्ष र प्रतिपक्ष बाहेक त्यहाँ उपप्रतिपक्षको पनि उपस्थित थियो । प्रतिपक्षको विरोधका कारण उपप्रतिपक्षको जोश झन जुर्मुराया ।" थपिनु पर्ने ।
- पृष्ठ १९ को मूल लेखको अन्तिम शब्द "बामपन्थी" र पृष्ठ २० को मूल लेखको पहिलो शब्द "डलरको" को बीचमा "गेरिल्लाहरु प्रति सहानुभूति राखेको आरोप लगाइँदैछ, त्यहाँ गोप्य चिहानहरु सर्वत्र भेटिन्छन् ।

डोमिनिकन रिपब्लिकमा ६ करोड" हुनु पर्ने ।

कैलाली, कंचनपुर र वर्दियाका कमैयाहरु

शंकरहरु मृत्यु पश्चात मात्र मुक्त हुन्छन्

- विन्देसर मण्डल -

बर्षौं पहिले, शंकर नामका एक यस्तो पात्रको श्रृजना कालमयी कथाशिल्पी प्रेमचन्दले गरेका थिए जो गाउँको महाजन कहाँबाट पैंचो ल्याएको "सवा सेर गहुँ" आफ्नो जीवनकाल भरि चुक्ता गर्न सक्दैन। पैंचो ल्याएको भन्दा कैयन गुना बढी तिरि सकेर गोरु, घर, खेत साहुलाई जिम्मा लगाउँदा पनि शंकरले सपरिवार बीस बर्षसम्म साहु कहाँ बर्धुवा मजदूर भएर नारकीय जीवन बिताउनु पऱ्यो। र मरिसके पश्चात मात्र उसले मुक्ति पाउन सक्यो। शंकरको मृत्यु पश्चात साहुले उसको छोराको टाउकोमा सारा ऋणको बोझ थुपारि दिए।

"सवा सेर गहुँ" को अन्त्यमा प्रेमचन्दले लेखेका छन् - "पाठक। यसवृतान्तलाई कपोल-कल्पित नठान्नोस्। यो सत्य घटना हो। यस्ता शंकर हरु र यस्ता साहुहरुको दुनियाँमा कमि छैन।"

प्रेमचन्द्र कुनै तथ्यांकविद् थिएनन्। तर उनले सवा सेर गहुँद्वारा हाम्रो जस्तो सामाजिक परिवेशको अप्रेशन गरेका थिए।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले ०४८-४९ मा करिब एघार महिनासम्म बर्दिया, कैलाली र कन्चनपुर जिल्लाहरुमा गरेको अध्ययन अनुसन्धानले नेपालका त्यस्ता थुप्रै अभागि शंकर हरुलाई दुनियाँको आँखा अगाडि उभ्याइदिएको छ।

आज पनि पश्चिम नेपालका ती जिल्लाहरुमा साहुले दिएको अति न्यून पारिश्रमिक - "बिघा" र अपुरो आहार - "मसौरा" ले धान्न नसकेर शंकर चौधरी वा शंकर थारुहरु तिनै साहुहरुसंगै ऋण - "सौकी" काढिरहेछन्। उनिहरु दिन पर दिन "सौकी" को डोरीले कस्सिंदै छन्। र पुस्तौनी सम्म गुलामीको जीवन बाँची रहेछन्।

कंचनपुरको देखत मुलीमा जन्मेर त्यहिं हुर्केका छपन्न वर्षीय छिदुवा खुना प्रेमचन्दको शंकर कै अर्को संस्करण हुन्। उनले गाउँकै एकजना साहुसंग ०३४ मा जेठो छोरोको विवाह गर्न पाँच हजार ऋण लिएका थिए। उक्त ऋणको मुख दिनानु दिन यति ठूलो हुँदै जाँदैछ कि एघार विगाह जमिन तिनै साहुलाई जिम्मा लगाउँदा पनि साहुको चित्त नबुझे पश्चात उनी दुई वर्ष साहुको कमैया भएर बस्न पुगे। ऋणको मुख झन ठूलो भएपछि उनले आफ्नो साटो तीनजना छोरा र एउटी बुहारीलाई पनि तिनै साहुको कमैया बनाइदिए र दश वर्ष भन्दा बढी भयो - सारा परिवार साहुको बर्धुवा बनेको छ। तर सौकी घटेको छैन, पचास हजार पुगिसक्यो।

सौकी - यस्तो हतियार हो जसको चलाखीपूर्वक संचालन गर्दै साहुहरु मानिसको मानिस भएर ज्यूने हक खोस्दछन्।

भनिन्छ न्यूनतम वेतन पनि नपाउने गरि खास अवधिको करारमा कुनै काम गर्नु नै बर्धुवा हुनु हो। कमैया प्रथामा खेतिको काम गर्ने घरबार विहिन किसानलाई वर्ष दिनको करारमा कमैया बनाइ राखिन्छ। कमैयाको पूरै परिवार नै साहुको सेवामा जुट्दछ - साहुले दिएको सानो बुकुरामा बस्छ। कमैयाकी स्वास्नी बुकरही भएर दिनरात घरबारको काम गर्छे, कमैयाका छोराछोरी ग्वाला-ग्वाल्नी भएर असमान कामका बोझ उठाउँछन्। यस्ता कमैयाहरुलाई थाहा छैन - मजदूरहरुले ठूलो संघर्ष गरेर १८८६ को पहिलो मई देखि नै दैनिक कार्य अवधि आठ

नेपालमा

कमैया प्रथा भित्र बाँधा मजदुर

घण्टामा सीमित पारि सके। उनीहरुलाई मई दिवस भनेको पनि थाहा छैन। उनिहरु बिहान तीन बजे नै उठ्छन् र मेशिन जसरी काम गर्दा गर्दै आधा रात नभई सुत्न पाउँदैनन्। त्यसैले कमैयाहरु बर्धुवा मजदूर नै हुन्। झन् सौकी लिने कमैयाहरु त पुस्तौनीको बर्धुवा हुन पुग्दछन्।

कमैयाहरुलाई प्रत्येक वर्ष माघमा सर-सुविधा आदिको आधारमा मालिक छान्ने नाम मात्रको अवसर प्रदान गरिन्छ। तर मालिक वा सहुहरुले वर्षौं देखि कमैयाहरुका लागि तय गरिएका कुनै कुराहरुमा थप गरेका छैनन्। दरिद्रतामा तड्पिर हेका सोझा भूमिहीन किसानहरु त्यस्तो अवस्थामा कुनै न कुनै मालिकको जालोमा फस्छन् नै। र कमैयालाई बर्धुवा बनाउने साहुहरुसंग भएको हतियार हो - सौकी। साहुहरु कमैयालाई अत्यन्त कम खुराकी र नगण्य ज्याला दिन्छन् र उनिहरुलाई सौकी लिन बाध्य तुल्याउँछन्। र निमुखा अनपढ कमैयाहरुको सौकी यति तीब्र वेगले बढ्दै जान्छ कि दैनिक अठाहृ घण्टा काम गर्दा पनि उनिहरु जीवनभर सौकी फच्चे गर्न सक्दैनन्।

सौकी भएको कमैयाले पहिलो माघ वा माघामा आफ्ले चाहेको मालिक कहाँ जान पाउँदैन। किनकी कुनै मालिकले उसको सौकी पुरानो मालिकलाई तिरि सके पश्चात मात्र उसले पुरानो मालिक कहाँबाट छुटकारा पाउन सक्दछ। यसरि सौकी लिने कमैयाले जस्तो सुकै शर्तहरु मानेर भए पनि जीवन बिताउनु पर्ने हुन्छ। यस्ता कमैयाहरु पूर्णतः बर्धुवा हुन पुग्दछन्। र यसरि मानिसको किनबेचलाई खुला छूट दिने तारतम्य मिलाइन्छ। कैलाली, बर्दिया र कंचनपुरमा रहेका करिब अठार हजार कमैयाहरु मध्ये एकत्तीस प्रतिशतले सौंकी लिएका छन्। र त्यसैले हाम्रो देशका पाँच हजार भन्दा बढी कमैयाहरु पूर्णतः पशुको जीवन ज्यून बाध्य तुल्याइएका छन्।

पैंतीस बर्षसम्म कमैया जीवन बिताउने र चार-चार पुस्ता सम्म बर्धुवा भएर काम गर्ने लौटन थारु, भंगी राना र नेशीराम चौधरीहरु कैलाली, बर्दिया र कंचनपुरमा धेरै छन्। बर्दिया, कैलाली र कंचनपुरमा पच्चीस, आठ र चौध प्रतिशत कमैयाहरु आफू कति पुस्ता देखिको कमैया हूँ भन्ने पनि बताउन नसक्ने स्थितिमा छन्।

कमैयाहरु वन जंगलमा काठ दाउराका लागि जाँदा पक्राउ परे भने उनिहरु आफैंले फर्स्याउनु पर्दछ। तर उनिहरुले काम गर्दा गर्दै मालिकको केही नोक्सानी भयो भने सौंकी लागि हाल्छ। यतिसम्म कि मालिकको काम गर्दा चोट पटक लाग्दा समेत उनिहरुले उपचारको खर्च र अवसर पाउँदैनन्। मरेपछि मात्र कामबाट बिदा पाउने कमैयाहरुले मानव अधिकारको नाममा कुनै पनि अधिकार देख्न पाएका छैनन्। कमैयाकी सुत्केरीले पनि दस-बाह्र दिन बिदा पाइ भने धेरै आराम गरेको ठहरिन्छ।

स्वतन्त्रता कुन चरीको नाम हो हाम्रा शंकर कमैयाहरुलाई थाहा छैन - कमैयाले आफ्नी नव बिवाहिता पत्नी पनि सर्वप्रथम मालिकलाई चढाउनु पर्ने चलन समेत यदाकदा देखिने गरेको छ।

राजधानीका विशिष्ठ स्थलहरुमा "नेपालमा दास प्रथाको अन्त्य चन्द्र शम्सेरकै समयमा भई सक्यो" भनेर दावि गर्ने बरिष्ठ नागरिकहरुको दृष्टि कैलाली, कंचनपुर र बर्दिया तर्फ पनि पुगेको छ कि छैन ? यदि पुगेको छ भने संविधानतः हरेक नागरि कलाई सामाजिक र आर्थिक न्याय प्रदान गरि हर प्रकारका शोषणहरुको अन्त्य गर्नु राज्यको दायित्व हो कि होइन ? के त्यस दिशामा सरकारले सानो कदम मात्र भए पनि चालेको छ ?

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा कमैयाहरुका विषयमा तयार पारिएको प्रतिवेदन - "नेपालमा कमैया प्रथा भित्र बाँधा मजदूर" मा सरकारलाई कमैयाका विषयमा के कसो गर्दा उपयुक्त हुन्छ भन्ने छानविन गर्न मानव अधिकार-कार्यकर्ता समेतको सहभागिता हुने गरि एउटा उच्च स्तरीय आयोग बनाउने सुझाव प्रदान गरिएको छ। तत्कालका लागि सरकारलाई त्यति मात्र गर्न पनि कसले रोकि रहेछ ? मानव अधिकार प्रति प्रतिवद्ध सरकारको प्रतिवद्धता माथि यस सवालले पनि अर्को प्रश्नवाचक चिन्ह तेर्स्याइ दिएको छ।

राष्ट्रसंघीय विश्व मानव अधिकार महासम्मेलन : नेपालको उदासिनता

- विजय चालिसे -

पूर्व सोभियत संघको विघटन र त्यस संबद्ध राष्ट्रहरुमा राजनीतिक परिवर्तनको प्रक्रिया शुरु भएपछि पश्चिमी पूँजीवादी अर्थ व्यवस्थामा आधारित प्रजातन्त्रको पूर्ण नेतृत्व विश्वव्यापी रुप मै संयुक्त राज्य अमेरिका र त्यससंग संबद्ध पश्चिमी राष्ट्रहरुमा स्वत: सर्न पुग्यो । यसै अनुरुप मानव अधिकार को पश्चिमी अवधारणा नै एक मात्र सत्य अवधारणा हो भन्ने व्याख्याहरु व्यापक प्रचार प्रसारमा आउन थाले र पश्चिमी सहयोग, संबन्ध र व्यापार तिनै मानव अधिकार सम्बन्धी मूल्यांकनबाट व्यापक रुपमा प्रभावित हुन थाले ।संभवत: मानवाधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा पत्रका आधारभूत मानव अधिकार सम्बन्धी प्रावधानहरुलाई सही, निष्पक्ष र वस्तुगत रुपमा अगाडि बढाउने दिशा तर्फ ती व्याख्या र प्रभाव सीमिति रहेका भए मानव अधिकार को पश्चिमी व्याख्याले सर्वसम्मत मान्यता पनि पाउने थियो होला । तर यथार्थमा त्यसो भएन र मानव अधिकार को प्रश्नलाई आर्थिक-राजनीतिक स्वार्थ अनुरुप विषयगत र पृथक एवं पक्षपातपूर्ण ढंगले मूल्यांकन गरिएका समेत विभिन्न घटनाहरु देखिए । फलत: एसिया र अन्य महादेशका पनि कतिपय मुलुकहरुमा अमेरिका र पश्चिमी राष्ट्रहरुको मानव अधिकार सम्बन्धी धारणा, दृष्टिकोण र व्याख्याको एकाधिकारलाई लिएर हांक तथा विरोधका आवाजहरु देखा पर्न थाले । यी विरोधका आवाजहरुलाई सही पुष्टी गर्ने विश्व घटनाहरु पर्याप्त देखिंदै गए । संयुक्त राष्ट्रसंघले विश्व संस्थाको स्वरुप गुमाउँदै एक मात्र महाशक्ति राष्ट्र अमेरिका र उसका संबद्ध पश्चिमी राष्ट्रहरुको महत्वाकांक्षा पूरा गर्ने माध्यम बन्न थालेको त होइन भन्ने आशंका प्रकट हुन थाले ।

भियना सम्मेलनको उद्देश्य

यस पृष्ठभूमिमा आगामी जुन महिनामा भियनामा सम्पन्न हुने राष्ट्रसंघीय विश्व मानव अधिकार महासम्मेलन निकै महत्वपूर्ण ठहरिने अनुमान गर्न सकिन्छ । सम्मेलनमा छलफलका लागि केही प्रमुख उद्देश्य राखिएका छन् । ती हुन् - सन् १९४८ मा मानव अधिकार सम्बन्धी विश्व घोषणा पत्र लागू भए यता यस क्षेत्रमा भएका प्रगतिहरुको मूल्यांकन तथा पुनरावलोकन, मानव अधिकार सम्बर्द्धनको समस्या निराकरणमा देखा परेका कठिनाइहरुको निर्योल गरी मार्ग खोज्नु, विकास तथा आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक हक-अधिकारका बीच रहने अन्तर्सम्बन्धको अध्ययन, परीक्षण गर्नु, मानव अधिकारको स्तर र कार्यगत संयन्त्रहरुको सुधारका मार्गहरु विकसित र परीक्षण गर्नु, तथा संयुक्त राष्ट्रसंघको कार्यप्रणाली र संयन्त्रहरुको प्रभावकारिताको मूल्यांकनका साथै राष्ट्रसंघीय मानव अधिकार गतिविधिका लागि पर्याप्त वित्तीय तथा अन्य साधन स्रोत उपलब्ध गराउन सुझाव र मार्गहरुको सिफारिश गर्नु ।

सन् १९८९ को डिसेम्बरमा राष्ट्रसंघीय महासभाले यसका महासचिवलाई विश्वका सरकारहरु, राष्ट्रसंघीय संघ-संस्थाहरु तथा मानव अधिकार सम्बन्धी गैरसरकारी संगठनहरुको धारणा र तिनिहरु बीचको अन्तर्सम्बन्ध बुझन अनुरोध गरे अनुसार नै मानव अधिकारको बहाली गराउने दिशामा राष्ट्रसंघले सामना गर्नु परिरहेको गंभीर प्रश्नमा योगदान पुऱ्याउने हेतुले सो सम्मेलन आयोजना गर्न लागिएको हो ।

यस पृष्ठभूमिमा हुन लागेको महासम्मेलनमा राष्ट्रसंघीय मानव अधिकार कार्यक्रमहरुको उपलब्धि तथा वर्तमान स्थितिको मूल्यांकन गरिनुका साथै भविष्यका लागि महत्वपूर्ण मार्ग दर्शन प्रदान गरिने विश्वास गरिएको छ । यसै सन्दर्भमा सम्मेलनका महासचिव तथा जेनेभा स्थित मानव अधिकार केन्द्रका प्रमुख एण्टोनियो ल्वांकाले सन् २००० सम्मका लागि दुई प्रमुख लक्ष्य निर्धारण गर्ने सुझाव दिनुभएको छ । ती हुन् - मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-संझौता सम्मेलन-महासम्मेलनहरुको अनुमोदन गराउने तथा कूल विकास सहयोग बजेटको ०.५ प्रतिशत रकम मानव अधिकार कार्यक्रमका लागि छुट्याउने ।

तयारी क्रम र तेस्रो विश्वको आवाज

सन् १९९० डिसेम्बर १८ मा राष्ट्रसंघीय महासभाले विश्व महासम्मेलन गर्ने निर्णय गरेर विश्वका सरकार, राष्ट्रसंघीय विशेषज्ञ समिति र संगठनहरु, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरुका साथै गैरसरकारी संघ-संगठनहरुलाई प्रस्तावित सम्मेलनमा भाग लिन र पूर्व तयारीमा सहयोग गर्न आव्हान गरेपछि यस दिशामा निकै कामहरु भएका छन् । अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय स्तरमा महासम्मेलनको विषयवस्तु, सहभागिता, डकुमेण्टेसन तथा तयारी बैठक र कार्यवाहीहरु बारे सुझाव र प्रस्तावहरु दिन राष्ट्रसंघका सबै सदस्य राष्ट्र र राष्ट्रसंघीय संघ-संगठनहरुमा तयारी समितिहरु गठन गरिए । यस समितिको पहिलो, दोस्रो र तेस्रो बैठक जेनेभामा बसिसकेको छ र चौथो बैठक आगामी मार्च महिनामा जेनेभा मै बस्ने निर्णय भएको छ । यी तयारी बैठकहरुमा सबै राष्ट्रहरुले यो सम्मेलनलाई राष्ट्र वा सरकारहरुको मात्र सम्मेलन नभई गैर सरकारी संगठनहरुबाट समेत महत्वपूर्ण योगदान लिनु पर्ने निर्णय भएबाट महासम्मेलनको प्रभावकारिता स्वत: बढ्ने विश्वास जगाएको छ ।

आज मानव अधिकारको कुरा गर्दा विकासको लागि अधिकार भन्ने प्रश्न सम्पूर्ण विकासोन्मुख राष्ट्रहरुको साझा महत्वको प्रश्न बन्दै गएको छ । सन् १९९१ को राष्ट्रसंघीय महासभामा युगाण्डाका विदेश मन्त्री पाउल के सेमोगेरेले भन्नु भए झैं मानव अधिकार र प्रजातन्त्रलाई अर्थपूर्ण बनाउने हो भने विकासोन्मुख राष्ट्रहरुलाई आवश्यक जीवन स्तर प्राप्त गर्नमा सघाउनु पर्ने कुरामाथि पश्चिमा विकसित राष्ट्रहरुले कार्यरुपमा प्राथमिकता दिनु पर्ने कुरामा कसैको दुई मत रहँदैन । नागरिक र राजनीतिक अधिकार आर्थिक सामाजिक एवं सांस्कृतिक अधिकारलाई अलग्याएर अघि बढ्न सक्तैनन् । यस अर्थमा पूर्ण मानव अधिकार बहालीका लागि आर्थिक तथा सामाजिक विकासको अधिकारलाई स्वीकारिनु अनिवार्य छ । यो प्रश्न र विकासको लागि अधिकार बारे भियना महासम्मेलनमा गंभीरतापूर्वक छलफल गरिने आशा गरिएको छ ।

आज अधिकांश विकासोन्मुख राष्ट्रहरुमा मानव अधिकारको क्षेत्रमा केवल व्यक्तिको राजनीतिक र नागरिक अधिकारलाई मात्र सर्वाधिक जोड दिएर ती अधिकारमा बाधा पुऱ्याउने अर्को महत्वपूर्ण तत्व विकासको अधिकारलाई उपेक्षा गरिएको छ भन्ने धारणा व्यापक हुँदै गएको पाइन्छ । यसै सन्दर्भमा भविष्यका लागि विकासोन्मुख राष्ट्रहरुको आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकारको संरक्षण र संबर्द्धन गरी राजनीतिक र नागरिक हकको सुरक्षा गर्न विकसित राष्ट्रहरुले बढी प्रतिबद्धता देखाउनु पर्ने विचार व्यक्त गरिंदै आएको देखिन्छ ।

विकसित र विकासोन्मुख राष्ट्रहरुका बीच चलिरहेको पहिलो राजनीतकि र नागरिक अधिकार कि विकासको अधिकार भन्ने विवादको अन्त्य हुनु जरुरी देखिन्छ । यस क्रममा आगामी भियना सम्मेलनमा तेस्रो विश्वको भावना, चाहना र आवश्यकतालाई विकासोन्मुख राष्ट्रहरुले महसूस गर्न सके भने महासम्मेलनको यो महत्वपूर्ण उपलब्धि ठहरिने छ र यसको लागि विकासोन्मुख राष्ट्रहरुले राम्रो तयारी गर्नु पनि त्यत्ति कै आवश्यक देखिन्छ ।

विश्व संस्था र समुदायको दायित्व

हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको सन्दर्भमा नागरिक तथा राजनीतिक अधिकारका साथसाथै आर्थिक-सामाजिक र साँस्कृतिक अधिकार समेत साथ साथै अघि बढ्न नसक्नेमा मानव अधिकारको सही अर्थमा सुदृढीकरण हुन सक्दैन । सन् १९६६ को आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको कानूनी रुपले बाध्यात्मक मानिने एघारौं धारामा राज्य पक्षले प्रत्येक नागरिकको पर्याप्त जीवनस्तर प्राप्त गर्न पाउने अधिकारलाई मान्यता दिई पर्याप्त खाना, कपडा र आवासको प्रत्याभूति गरेको छ । तर राष्ट्रिय व्यवस्थापन, सरकार र स्रोत साधनको दुर्व्यवस्था, सीमितता र राष्ट्रिय गरिबी जस्ता कारणले अधिकांश विकासोन्मुख राष्ट्रहरुमा यो प्रावधान लागू हुन सकेको छैन । यस्तो स्थितिमा विकसित विश्व र अन्तर्राष्ट्रिय मुलुकहरुले राजनीतिक-आर्थिक प्रभावका दृष्टिले नभई त्यही मनसायले नियाल्न सहयोग गर्नु मानव अधिकारको बहालीमा उनीहरुको नैतिक दायित्व ठान्नु पर्छ । तेस्रो विश्वको भविष्य, विकसित तथा विकासोन्मुख मुलुकहरु बीचको बढ्दो आर्थिक खाडल र राष्ट्रसंघ तथा सुरक्षा परिषद जस्ता विश्व संस्थालाई आफ्नो प्रभावमा राख्ने मनसाय र गतिविधिहरुको अन्त्य नभई विश्वव्यापी पूर्ण मानवाधिकारको स्थिति बारे कल्पना समेत गर्न सकिन्न । यो यथार्थलाई विकसित मुलुकहरुले राम्ररी मनन गर्नु पर्छ र यसो गराउन भियना महासम्मेलनमा विकासोन्मुख राष्ट्रहरुले गहन भूमिका खेल्नु आवश्यक छ ।

हामी के गर्दैछौं ?

विश्व मानव अधिकार महासम्मेलनमा भाग लिन, राष्ट्रिय सन्दर्भमा सुझाव र प्रस्ताव लैजान विश्वभर राष्ट्रियस्तरमा काम भइरहेका छन् र तयारी बैठकहरुमा आ-आफ्ना स्थिति तथा धारणाहरु प्रखर रुपमा प्रस्तुत गर्दैछन् । तर यस बारे नेपालमा सरकारले के गरिरहेको छ भन्ने जानकारी आजसम्म पाउन सकिएको देखिन्न । देशमा विद्यमान मानव अधिकारसंग सम्बन्धित गैर सरकारी संघ संस्थासंग छलफल चलाउने, आफ्नो धारणा र प्रस्तावहरु तयार गर्ने तथा तयारी बैठकमा तिनलाई प्रस्तुत गरेर महासम्मेलनमा प्रभावकारी भूमिका खेल्ने दिशा तर्फ कुनै प्रयत्न गरेको नपाइनुलाई दु:खद स्थिति भन्नु पर्छ ।

स्व. काफ्लेको चालीसौं जन्मदिवसका अवसरमा

वहाँ अन्त्यसम्मै खटी रहनु भयो

– प्रमोद काफ्ले –

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जुन उमेरको भयो त्यो भन्दा कम उमेरको तर नेपालको मानव अधिकारको क्षेत्रमा कोशे ढुंगाका स्थापित प्रकाशले आफ्नो चालीसौं जन्म दिन देख्न सक्नु भएन । प्रकाशलाई म दुई रुपमा चिन्दछु, पहिलो – शिक्षक दोश्रो – मानवअधिकार प्रवक्ता ।

सँधै हँसिलो, आफ्नो लक्ष्यमा दृढ र फुर्तिलो व्यक्तित्वको धनी प्रकाशलाई मैले सधैं आफ्नो घरमा पनि मूलत २०३२ साल अघिसम्म दाजुको रुपमा मात्रै चिन्दथे । हुन त वहाँका विविध प्रभावहरु मेरो अबोध मष्तिस्कमा अगाडी देखि नै परेका हुन सक्छन् तर म आफैले वहाँलाई आफ्नो अगुवाको रुपमा त्यस पछि मात्र महशुस गर्न थालेको हुँ ।

व्यक्ति स्वयं आफ्नो कार्य प्रति सचेत हुनुपर्छ

बत्तीस सालमा जनकपुरमा राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलको राष्ट्रिय अधिवेशन चलिर हकै बेला वहाँ त्यहाँ पुग्नु भएको थियो । उक्त संस्थाको सम्पूर्ण चरित्रबारे परिचित दाजुले, मैले त्यसबेला त्यो संगठन कस्तो छ ? मलाई त्यसमको सदस्यताको लागि तागेता गरिराखेका छन् ? भन्ने जस्तो प्रश्नहरु राख्दा "अब तैले स्वयम यो कुरा आफै पनि बुझ्ने कोशिस गर्नुपर्छ" भन्दै विगतका उनिहरुको कृयाकलापलाई संक्षिप्त रुपमा बताउन भयो । त्यस अघिको राष्ट्रिय अधिवेशन झापामा हुँदा उनिहरुको कृयाकलाप प्रति विद्यार्थीहरुको कस्तो प्रतिक्रिया रह्यो त्यस बारेमा पनि संक्षेपमा बताउनु भयो । व्यक्ति स्वयंले कुन बाटोमा लाग्ने हो त्यो निर्णय गर्नु पर्ने हुन्छ भन्ने शिक्षा मैले वहाँबाट नै पाएँ । आज म कतिपय प्रश्नहरुको उत्तर खोज्ने क्रममा उहाँको कमी महशुस गर्दछु ।

अप्ठ्याराहरुलाई चिर्दै अगाडी बढ्नु नै जीवन हो

०३६ को जनआन्दोलनमा लाग्दा र बहुदलिय व्यवस्थाको पक्षमा महोत्तरी, सिन्धुली काभ्रेको बाटो हुँदै जनपक्षिय गीतको कार्यक्रम दिँदै हिड्दा पनि उहाँले त्यस खतरापूर्ण बाटोमा हिंड्न सधैं प्रोत्साहन गर्नु भयो । २०३९ सालमा उच्च शिक्षाको लागि पाएको छात्रवृत्ति सरकारले नै रोक्दा पनि वहाँ नै मेरो अवस्थालाई सबभन्दा नजिकबाट बुझ्ने र मलाई सम्झाउने व्यक्ति हुनु हुन्थ्यो । वहाँ भन्नु हुन्थ्यो "यो लडाई हो कहिले काही यस्ता अप्ठ्याराहरु आई पर्दछन्" ।

त्यसको लगत्तै पछि म काठमाडौंको जाँदै केही वर्ष भारतमा रहें । त्यही समयमा वहाँले तत्कालिन व्यवस्थाको दमन उत्पीडनको विरोध गर्दै मानव अधिकार बहालीको आन्दोलनलाई स्पष्ट दिशाबोध गराउन आफू स्वयं त्यसमा होमिनु भयो । ०४१ देखि ४५ को बीचमा पटक पटक तत्कालिन प्रहरी प्रशासनबाट वहाँलाई पकडे, कुटे र घरमा खानतलासी लिने र कैदी खानामी जस्ता गरेर सास्ती दिने क्रम जारी रह्यो । म ती समाचार हरु प्रवासमा छापाहरुबाट थाहा पाउँथें ।

मानव अधिकार प्राप्तीको आन्दोलनमा वहाँको योगदान

चालीस सालमा मानव अधिकार संरक्षण मञ्चको प्रथम अधिवेशन हुनु भन्दा केही दिन अगाडी म स्वदेश आइपुगें । त्यसै बेला देखि मैले वहाँबाट त्यस आन्दोलनलाई प्रदान गर्नु भएको उर्जालाई लगातार नजिकबाट हेर्ने मौका पाएँ ।

मानव अधिकारको आन्दोलनमा "सिभिल इन्जिनियरहरुबाट पनि सहभागिता हुनु पर्छ" भन्ने वहाँको सल्लाह अनुरुप हामी केही साथीहरुको सल्लाहले हामी पनि त्यस आन्दोलनमा सहभागी बन्यौं । अघिल्लो पंक्तिमा उभ्याएर कार्य गर्ने निर्णय गऱ्यौं । आज गाह्रो अप्ठ्यारो कार्यमा सधैं अग्रपंक्तिमा रही कार्य गर्ने र अरुलाई पनि सधैं प्रेरणा दिने व्यक्तित्वलाई हामी हाम्रो बीच नपाउँदा ठूलो कमी महशुस भई रहेको छ ।

सधैं भरी, देखिएका मध्यको गाह्रो कार्य गर्न रुचाउने र प्रेरणा दिने प्रकाश सिलसिलामै सुदूर पश्चिमाञ्चलको जिल्लाहरुमा निर्वाचन पर्यवेक्षकको कार्य लिएर जानु नभए अन्य कुनै ठाउँको पनि दुर्गम जिल्लामा जानु भन्ने सल्लाह दिनु हुन्थ्यो ।

त्यसपछि समयमा सुदूर पश्चिमाञ्चल क्षेत्रमा कमैया प्रथा भित्र बाँधा मजदूरको अनुसन्धान कार्यमा पनि उहाँले नविन शर्मा र मलाई पठाउनु भयो ।

सचेतन कार्यक्रम बीच प्रकाश

भुटानका जनताले चलाइरहेको मानव अधिकार प्राप्तीको आन्दोलन, बाँधा मजदूरहरुको समस्या र अन्य कतिपय राष्ट्रिय क्षेत्रीय तथा

श्रद्धान्जलीका निम्ति वहाँको सपनालाई सार्थक बनाऔं

सुपरिचित मानव अधिकार प्रवक्ता स्व. प्रकाश काफ्लेको चालीसौं जन्म दिवसको अवसरमा वहाँको पुण्य स्मरण गर्दै ठाउँ नजिकको एक माध्यमिक विद्यालयमा "प्रकाश काफ्ले स्मृति छात्रवृत्ति" को स्थापना गरिएको छ ।

वहाँको जन्म ००९ को पुस ११ गते तद् अनुसार डिसेम्बर २६, १९५२ का दिन सिन्धुलीको नांगेढोंडामा भएको थियो । सार्क क्षेत्रका परिचित मानवअधिकारवादी अगुवा काफ्लेको गत साउन १६ का दिन नुवाकोट जिल्लामा भ्याङ्कोटी मा.वि.स. नजिके घोप्टे सीरमा भएको बाई दुर्घटनामा परि निधन भएको थियो ।

मानवअधिकार संरक्षण मञ्च एवं मानीपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालका संस्थापक महासचिव र कार्यकारी निर्देशक स्व. काफ्लेको जन्म दिनका अवसरमा आयोजित एक भावपूर्ण श्रद्धान्जली सभामा भ्याङ्कोटी, सिन्धरबेसी र बनुनटार मा.वि.स. बीचमा पर्ने स्थानीय पुष्पेश्वर मा.वि., रामतीला मध्यमन गर्ने गरी क्षेत्रका वेडस्पर, मरीच, सिङ्गिदरका तथा मध्यमा छात्राछात्राहरुका लागि स्व. प्रकाश काफ्ले स्मृति छात्रवृत्ति कार्यक्रम संचालन गर्ने घोषणा गरिएको थियो । छात्रवृत्तिको व्यवस्था यसै वैशिक वर्ष देखि हुने भएको छ ।

त्रिय कार्यालयको सभापतित्व एवं मानवअधिकार कार्यकर्ता एकतरण भ्याङ्कुरेलको संचालनमा सम्पन्न भएको उक्त समारोहमा छात्रवृत्ति कार्यक्रम तथा स्व.प्रकाश काफ्लेसंगको २९ वर्ष लामो उठबसका बारेमा बोल्नु हुँदै इन्सेकका संयोजक सुशील भ्याङ्कुरेलले "जनताभाट नै जनताका लागि काम सुरु गर्नुपर्छ भन्ने अभिव्यक्तिमा लागेका स्व. प्रकाशका सपना सबैको मनमा एवं निष्पन्नहरुलाई गरिने छलफल एवं संभेलनबाट नै सार्थक हुने" कुरा बताउनु भएको थियो । उक्त अवसरमा स्व. काफ्लेकी धर्मपत्नी सरिता काफ्लेको पनि उपस्थिति रहेको थियो ।

लामो समयसम्म पत्रकारितामा पनि संलग्न रहनु भएका स्व. काफ्लेको चालीसौं जन्मदिवसका अवसरमा यस पन्ट वहाँका निकट रहनु भएका केही महानुभावहरुले सम्म श्रद्धान्जलि प्रकाशित गरिएको छ ।

अन्तर्राष्ट्रिय कार्यक्रमकालागि तल्लिन प्रकाशले सचेतन कार्यक्रममा जिल्ला जिल्ला गई प्रत्यक्ष निरिक्षण त्यति साह्रो समय गर्न पाउनु भएन। असार १६ को रसुवाको कार्यक्रममा नै वहाँको पहिलो र अन्तिम सहभागिता भयो। यद्यपि सचेतन कार्यक्रमको मार्ग निर्देश गर्ने, यस कार्यक्रममा लागेका कार्यकर्तालाई समय समयमा भेटी सुझाव दिने र कार्यक्रमको हरेक क्रमकलापका बारे जानकारी राख्ने आदि कार्यमा भने उहाँ अन्तिम घडी सम्म सकृय हुनुहुन्थ्यो।

गत असारको अन्तिम दिनमा बनेपा आयोजना गरिएको विचार गोष्ठीमा भाग लिन कार्यक्रम संयोजक र म त्यहाँ पुगेका थियौं। कार्यक्रम शुरु हुनु केही अघि म त्यहाँ पुगी कार्यक्रम बारे जानकारी लिएँ र केही फेरबदल गरें तर उक्त अवसर मा मैले कार्यक्रम अन्तर्गतको विभिन्न जिल्लामा भएको उपलब्धी कार्यको बारेमा बताउनु पर्नेमा सो हुन सकेन। त्यही राती वहाँले मानव अधिकार आन्दोलनमा लागेकाले आफूलाई एउटा कार्यकर्ताको रुपमा सधैं उभ्याउनु पर्ने बारे आफ्नो धारणा बताउनु भयो र यदि यसमा जागिरे मनोवृद्धि बढ्ने हो भने यो आन्दोलनमा आफ्नो योगदान शून्य हुने छ भन्ने कुराको पनि संझना गराउनु भयो।

धनकुटा तेह्रथुम पाँचथर र त्यसपछि सुर्खेत पुगेर आएको लगत्तै मलाई उदयपुरको गाइघाटमा राखिएको क्षेत्रिय भेलामा उपस्थित हुनु पर्ने थियो। शारिरीक रुपमा सिथिल भएकोले त्यो दिन गाइघाट प्रस्थान गर्नु पर्ने भए पनि म चाढे चार तिर मात्र बस स्टप पुग्न सकें। त्यस समय सम्ममा बसको सबै टिकट बिक्री भैसकेकोले मैले यात्रा रद्द गर्ने निर्णय गरें। र आफु उपस्थित हुन नसक्ने कुरा खबर गरें। बेलुका घरमा प्रकाशले मलाई प्रश्न गर्नु भयो "के बसमा उभिएर जाने ठाउँ पनि थिएन"। त्यस पछि आज म फेरी त्यस्तो दोहरिने छैन भनी आफूलाई दृढ तुल्याएर उभ्याउने प्रयास गर्दैछु। सचेतन कार्यक्रमलाई हामीले त्यागको दृष्टिले हेर्दैनौ भने यो सफल हुन सक्दैन भन्ने कुरो वहाँको विश्वास थियो।

अन्तिम घडिसम्म खटि रहनु भयो

साउन ५-६-७ को क्षेत्रिय अधिकृतहरुको भेला, सचेतन कार्यक्रमको तीन महिने समिक्षा र कार्य योजनाको लागि राखिएको क्षेत्रीय अधिकृतहरुको बैठकमा आउँदा नै वहाँ इन्सेक कार्यालयमा अन्तिम पाइलो राख्नु भएको थियो। बैठकको अन्तिम दिन साउन ७ गते वहाँ घरबाट कोलम्बो यात्राको तयारी गरी आफ्नो लानु पर्ने सामाग्री सहित इन्सेक कार्यालयमा आइपुग्नु भयो। र अन्तिम दिनको बैठकमा आफ्ना विचारहरु राखि विमानस्थल पुग्नु पर्ने समय भन्दा जम्मा १५ मिनेट अगाडी सबैसंग विदा भएर जानु भयो। यसरी वहाँ आफुसंग भएको प्रत्येक क्षणलाई खेर जान नदिई सधैभरी कार्यप्रति नै समर्पित हुनुहुन्थ्यो। साउन १६ को दिनमा पनि उहाँले बैंकक एयरपोर्टमा बाँकी रहेको केही समय सदुपयोग गर्दै एउटा अन्तर्राष्ट्रिय कार्यक्रमको बारेमा फोनबाट त्यही रहनु भएका वहाँका मित्र ल्कियरेन्स डायससंग कुराकानी गर्नु भएको थियो।

तर किन आँखा रसाउँछ ?

प्रकाश।
तिम्रो अभाव-अभाव मै दिन बिति रहेछ
थाहा छ निष्ठुरी भएका त होइनौ
तर हामी जति कल्पे पनि मोति - पत्थर भयौ
चम्केर उज्यालो दिइरहेछौ
तर पनि किन आँसुमय दिन बिताइ रहछौ हामी ?
कृति त छाडि गयौ
आफू चाहिं टाढा भयौ - धेरै टाढा
चाडवाड आउँछन्, ताजा संझनामा उपस्थित हुन्छौ
थाहा छ, तिमी त अमर छौ
तर सुस्केराले किन साथ छाड्दैन ?
प्रकाश। प्रकाश त अनन्त हुन्छ
तर किन प्रकाश-शब्दको उच्चारणले
आँखा रसाउन खोज्छ ?

- विणा अर्जेल

वहाँले सुदृढ पृष्ठभूमि तयार गरिसक्नु भएको थियो

इन्सेकको निर्देशकको हैसियतले थुप्रै काममा संलग्न भएपनि मासमका बैठकहरु र मैले छलफलका निम्ति आग्रह गरेका बखत प्रकाशजी तत्परताकासाथ उपस्थित हुनुहुन्थ्यो। वहाँ मानवाधिकारको क्षेत्रमा यति गहिरिएर क्रियाशील हुँदै जानुभएको थियो - प्रायः जसो बिहान, साँझ वा सार्वजनिक विदाका दिनहरुमा पनि उक्त कार्यमा व्यस्त हुनुहुन्थ्यो। वहाँले वास्तवमा महत्वपूर्ण थालनीका निम्ति एउटा सुदृढ र व्यापक पृष्ठभूमि तयार पारिसक्नुभएको थियो। तर त्यो थालनीको अझ महत्वपूर्ण चरणमा वहाँ रहनु भएन। जीवनको अत्यन्त क्रियाशील अवस्थामा वहाँ विमान दुर्घटनाको शिकार हुनुभयो। यसबाट प्रकाशजीसंग परिचित जसलाई पनि गहिरो दुःख लाग्नु स्वाभाविक छ। प्रकाशजीको सम्झना गर्दा अहिले पनि मलाई वहाँ जीवितै हुनुहुन्छ जस्तो लाग्छ। कम्बोडियामा अर्को वर्ष हुने आम निर्वाचनको पर्यवेक्षण कार्यमा र सम्भव भए नागरिक जागरण कार्यक्रममा समेत सामेल हुने वहाँको इच्छा थियो। तर वहाँको त्यो इच्छा निर्दयी मृत्युले चुँडेर लग्यो।

मृत्युबाट कुनै पनि मानिस बच्न सक्दैन - जहाँ रहेपनि, जहाँ गएपनि। यो कटु सत्य हो। तर मृत्यु जब असामयिक भएर आउँछ त्यो क्रूर हुन्छ। प्रकाशजी जुन उमेर र अवस्थामा विमान दुर्घटनामा पर्नुभयो त्यो मृत्यु क्रूर एवं हृदयविदारक छ। मानवाधिकारको क्षेत्रमा प्रकाशजीले गर्नु भएको योगदान सदैव अमर रहनेछ। ती योगदानहरुले वहाँलाई सदैव जीवित राख्नेछन्। यिनै संस्मरणका केही अभिव्यक्तिद्वारा प्रकाशजी प्रति श्रद्धा - सुमन अर्पण गर्न चाहन्छु।

- भीम रावल
कम्पोङचाम, कम्बोडिया
डिसेम्बर, १९९२

विश्व मानवाधिकार दिवसको उपलक्षमा आयोजित साइकल-चाली नुवाकोट

एउटा पत्र प्रकाशको अन्तरंग मित्रको नाममा

प्रिय सुशीलजी

नमस्कार,

प्रकाशजीसंग प्रत्यक्ष भेट हुनु अगाडि देखि नै मैले तपाईहरुको नाम सुनेको थिएँ । तपाईहरुले लिएको विदेशी नेताहरुको बहुचर्चित अन्तरवार्ता समाज दैनिकमा छापिए पछि पत्रकारिता जगतमा निकैनै हलचल मच्चिएको थियो । त्यस्तै स्वर्गीय बी.पी. कोइरालाका बारेमा एउटा समाचार समाजमा नै छापिएको थियो । त्यस समाचारको निकैनै चर्चा भएपछि "सुप्र" को बारेमा मलाई माधव शर्माले बताउनु भएको थियो । साहसीक काम गर्ने व्यक्तिहरुलाई भेट्न र उनीहरुसंग कुराकानी गर्न मलाई ज्यादै आनन्द आउने भएकोले तपाईहरुसंग भेट्ने प्रयत्नमा नै थिएँ । तर भेट हुन सकेको थिएन ।

मिति त याद छैन, एक दिन जागृत प्रसाद भेटवालले प्रकाशजीलाई लिएर आउनु भएको र हेछ । भेटवालजीले "दाई उहाँ प्रकाश काफ्ले हुनुहुन्छ र हामी दुबै मिलेर प्रकाश साप्ताहिक चलाउने निर्णय भएकोले पत्रिका दर्ता गर्यौं ।" प्रकाशजीले भन्नु भयो "दाजु हामी नयाँ छौं हामीलाई तपाईको सहयोग चाहिन्छ ।" यो प्रकाशको पहिले भेटको भनाई थियो ।

ठ्याक्कै तिथी मिति याद छैन २०४९ सालको असारको आखिरी हो वा श्रावणको पहिलो साता हो एक दिन बेलुका ९ बजे तिर फोन आयो । त्यो प्रकाशजीको फोन रहेछ । "दाजु थाहा पाउनु भयो मैनालीजीलाई मासमको महसचिव बनाएछन् नी" । झण्डै आधा घण्टा जति कुरा भए । "म केही दिन पछि मानव अधिकारकै काममा बाहिर जाँदै छु । सार्क स्तरीय मानव अधिकार संस्थाको गठन गर्नु पर्छ । त्यसमा दाजुले पनि सहयोग गर्नु पर्छ । हामीले भूटान सम्बन्धी एउटा राम्रो प्रतिवेदन प्रकाशनमा ल्याएका छौं । दाजुलाई पनि एक प्रति ल्याई दिएको छु । यसो अफिसमा आउदौं लिएर जाउँ । म नभए पनि घरमा बुबालाई भनेर छाडि राखेको हुन्छु । फर्केर आएपछि मासमको बारेमा सल्लाह गरुँला ।" यो उहाँसंगको अन्तिम कुराकानी रहेछ ।

प्रकाशजीसंग परिचय भएको केही दिन पछाडि देखि नै हामी एकअर्कासंग निकै घनिष्ठ हुँदै गयौं । प्रत्येक भेटमा नयाँ नयाँ योजनाका बारेमा कुराकानी भइरहन्थे । कहिल्यै नचाहिने कुरा भएनन् । मैले भेटका तीक्ष्ण बुद्धि भएको र साहै जाँगरिलो मानिसहरु मध्ये प्रकाश प्रथम कोटीको मानिसमा पर्नु हुन्छ । वहाँ सधैं नेपालमा भई रहेको अत्याचार विश्व रंगमञ्च अगाडि राख्नु पर्छ अनि मात्र नेपालमा पूर्ण प्रजातन्त्र स्थापनाका निम्ति बल मिल्छ भन्ने धारणा राख्नु हुन्थ्यो । २०४१ साल साउनमा मानव अधिकार संरक्षण मँचको गठन भएपछि उक्त मंचलाई आजको रुपमा ल्याउने कार्यमा प्रकाशको पचहत्तर प्रतिशत योगदान रहेको छ । मानव अधिकारको क्षेत्रमा त प्काश एउटा उदियमान तारानै हुनु हुन्थ्यो । यस्मा कसैले पनि इर्ष्या गर्ने ठाउँ छैन । प्रकाश पश्चिमा देशमा जन्मिनु भएको भए मानव अधिकारको क्षेत्रमा वहाँले "नोवल शान्ति पुरस्कार" नै पाउन सक्नु हुन्थ्यो कि भन्ने पनि मलाई लाग्न थालेको छ ।

राजनीतिका क्षेत्रमा त प्रकाशजीको कस्तो भूमिका थियो म आफू प्रत्यक्ष संलग्न नभएकोले थाहा छैन । एमाले-महासचिव मदन भण्डारीले हँसिया हथौडा सहितको कम्युनिष्ट पार्टीको झण्डा प्रदान गरेकोले पहिले कम्युनिष्ट पार्टीको सदस्य हुनु हुन्थ्यो कि हुनु हुन्न थियो म भन्न सक्दिन । तर प्रकाशलाई प्रखर पत्रकारका रुपमा भने लिनै पर्दछ । वहाँ उत्तम लेखन शक्ति भएका पत्रकारहरु मध्येमा पर्नु हुन्थ्यो । वहाँले लेखेको एउटा समाचार म प्रस्तुत गर्दैछु - "यसरी अहिल्यैसम्म वामपन्थीहरुको संयुक्त भएर कार्यक्रम दिने दिशामा कुनै कदम नचालेकोले वामपन्थीको सल्लाह बालुवाको डल्ला भन्न थालिएको छ ।" यस लेखनबाट वहाँले तत्कालिन् अवस्थामा सारा वामपन्थीकले भावि नीति कस्तो तय भएमा भविष्य उज्वल हुने हो भन्ने कुरा प्रष्टसंग रहनु भएको छ । वहाँले प्राचीबाट पत्रकारिता शुरु गरेर समाज, प्रकाश, छलफल, खबर, ज्वाला आदि विभिन्न पत्रिकामा प्रशस्त योगदान पुऱ्याउनु भएको थियो । पत्रकारिता र मानव अधिकारको क्षेत्रमा काम गर्दा प्रकाश र म कैयन पटक आधा पेट मात्र खाएर पनि संगै हिंडेका थियौं । हामी कैयन पटक एउटै ओछ्यानमा पनि सुतेका थियौं । आँखामा हाले पनि नबिझाउने साथीलाई भने छिटै अन्तिम बिदा गर्नु पर्दा लाग्ने दुःख त भनेर साध्य नै छैन ।

गत पौष ११ गते अर्थात २६ डिसेम्बरका दिन प्रकाशको जन्म दिवस पर्दो रहेछ । मासमको जनकपुर इकाईले आयोजना गरेको बृक्षारोपणमा भाग लिंदा आनन्द होइन अतितका सम्झनाले मर्माहत नै गरायो ।

सुशीलजी । प्रकाश जस्ता मिलनसार र सिंगो आर्थिक, राजनैतिक र सामाजिक अवस्थाको मानचित्र बोकेर हिंड्ने समकालिन साथी पाउन बहुत मुश्किल छ । तपाईहरुलाई कुनै नौलो मानिसले एकैचोटी देख्दा जुम्ल्या नै त होइन भन्ने अनुमान गर्दथे । त्यस्तो अभिन्न मित्र गुमाउनु पर्दा कस्तो भएको होला कल्पना गर्न बहुत गाह्रो छ ।

छोटो आयुको हुनु हुँदो रहेछ - प्रकाशले छिटै सबैलाई रुवाएर जानु भयो । यति छोटो समयमै धेरै धेरै काम गर्नु भयो जुन लामो जीवन बाँच्दा पनि गर्न सकिदैन । प्रकाशले प्रारम्भ गरेका धेरै कामहरु पूरा हुन अझै बाँकी नै छन् । ती बाँकी कामहरु पूरा गराउन सके मात्र प्रकाश प्रति वास्तविक श्रद्धाञ्जली व्यक्त गरेको ठहर्ने छ ।

सुशीलजी मलाई मनमा के लागेको छ भने प्रकाशको प्रमुख क्षेत्र भनेको मानव अधिकारको क्षेत्र नै हो । त्यसैले तपाई हामी सब मिलेर मानव अधिकारको क्षेत्रमा लागी पर्नेहरुको निमित्त उत्साह प्रदान गर्न एउटा मानव अधिकार पुरस्कार स्थापना गरौं । जस्ले गर्दा यो मानव अधिकारको क्षेत्र अरु फराकिलो बनाउँदै लैजान मद्दत मिल्नेछ र प्रकाश पनि सधैं मानव अधिकारवादीहरुसंगै हुनेछन् । यस कार्यको निमित्त तपाईले योजना बनाउनुहोस् म सहयोग गर्न तयार छु ।

संसारको नियम यस्तै रहेछ । आत्मीय साथीसंगको बिछोडबाट भएको दुःखलाई साहसमा बदली स्वर्गीय आत्मालाई चीर शान्ति दिने प्रयत्न गरौं । अधुरा र बाँकी रहेका काम अब तपाई हाम्रो मात्र जिम्मामा रहेको छ ।

आजलाई बिदा ।

उही तपाईको
कृष्ण प्रसाद शिवाकोटी
बानेश्वर २४/९/०४९

केवल पुलिस र अदालतको बलमा मानव अधिकारको रक्षा गर्न सकिँदैन

-स्वामी अग्निवेश

स्वामी अग्निवेश भारतको बधुँवा मुक्ति मोर्चाका अध्यक्ष हुनुहुन्छ। कुनै समयका विज्ञानका प्राध्यापक र त्यसपछि मन्त्री समेत भइसक्नु भएका स्वामी सादापनका निम्ति चर्चित हुनु हुन्छ।

बेलायतको एण्टी स्लेभरी सोसाइटी-द्वारा दिइने एण्टी स्लेभरी एवार्ड समेत पाइसक्नु भएका स्वामी "मानव अधिकारका कुरा गर्दा सधैं समाजको सबभन्दा तल्लो वा आखिरी मान्छेलाई ध्यानमा राख्नु पर्ने" कुरामा जोड दिनु हुन्छ।

"जनताको सेवा गर्ने हरेकको आ-आफ्नै स्टाइल हुन्छ, म यसै गर भन्दिन।" -गेरुवा वस्त्र र गेरुवा फेटा पहिरेर सन्यासी जीवन व्यतित गरि रहनु भएका स्वामीले माधवको दोभो सातामा जनकपुरमा बडो व्यस्तताका बावजुद प्राची सम्पादकसंगको कुराकानीमा बताउनु भयो।

स्वामी तपाई तेभो पटक नेपाल आउनु भएको छ, तर प्रजातन्त्रको आगमन पश्चात तपाईको यो पहिलो नेपाल भ्रमण हो। मानव अधिकारको क्षेत्रमा तपाईले यस पल्ट के परिवर्तन देख्नु भयो? र तपाई के निष्कर्ष लिएर स्वदेश फर्कँदै हुनु हुन्छ?

नेपालमा आज भन्दा तीन वर्ष अघि कुनै सभा गर्न पनि अनुमति दिईदैन थियो, आफ्नो सरकार को आलोचना गर्न पाइदैन थियो। अखबारका सम्पादक सम्मलाई गिरफ्तार गरिन्थ्यो।

आज मलाई लाग्छ यहाँका नौजवानहरुले गरेको बलिदानका कारण यहाँ ठूलो उपलब्धि भएको छ। जुन प्रजातन्त्र तपाईहरुले प्राप्त गर्नु भएको छ, मानव अधिकारको लडाईमा त्यो आफैंमा एउटा कोशे ढुंगा बनि सकेको छ।

यहाँको प्रजातन्त्रको लडाईले टाढा टाढा सम्म प्रेरणा प्रदान गरेको छ। पंचायती शाहीको नामले चलिरहेको प्रत्यक्ष राजशाहीको अन्त्य भएको छ।

यहाँको संसदले जे काम गरिरहेको छ। त्यो ज्यादै सहि ढंगले गरि रहेको छ। यद्यपि यसको अनुभव ज्यादै नयाँ रहेको छ। तर पनि त्यत्रो हंगामा जस्तो हिन्दूस्तानको ससदमा हुने गर्दछ, त्यो यहाँ देखिदैन। त्यसैले हामी यो संसद, यो सरकार, यो



संविधान यो न्यायपालिकाबाट यो आशा गर्न सक्दछौं कि यिनीहरुले मानव अधिकारलाई अधिक प्राथमिकता दिने छन्।

म चार वर्ष अगाडि यहाँ आउँदा बधुँवा मजदूर प्रणाली नेपालमा विद्यमान छ कि छैन यो कुरा बताउन पनि कोही तयार थिएनन्। आज तीन वर्षमा यति फरक भइसक्यो कि बधुँवा कृषि मजदूर हरु माथि अनुसंधान भइरहेको छ, किताब छापिदैछ। र बयान प्रकाशित भइरहेको छ। कार्पेटका बाल मजदूरहरुका बारेमा एक्सन भइरहेको छ। त्यसै गरि अरु पनि मुद्दाहरु उठिरहेका छन्। महिला र पुरुषको बराबरीको सवाल पनि उठिरहेको छ। यो एउटा शुभ लक्षण हो।

के तपाईले यहाँको नकारात्मक पक्ष पनि देखिरहनु भएको छ?

नकारात्मक पक्षमा मैले देखेको ताजा उदाहरण टनकपुरको रहेको छ। प्रजातन्त्रमा सर कारको खुलापनको ज्यादै आवश्यकता हुन्छ। कुनै पनि कुरो गोप्य राखिनु हुँदैन। हामी जनताको भलाईका लागि काम गर्दैछौं भने त्यसै कामलाई जनताबाट छुपाउनु किन? यो कुरा मलाई यस दुई दिनमा अनुभव भयो।

प्रजातन्त्र र मानव अधिकार ज्यादै राम्रो चित्र हो। तर हामीले शुरु देखि नै मानव कर्तव्यका बारे पनि बकायदा अभियान चलाउनु पर्दछ - बहस विवाद सहित। किनभने अन्तत्वगोत्वा मानव अधिकारको रक्षा कुनै पुलिस वा अदालतले गर्दैन। अन्त्य भन्दा अन्त्यमा मानव समाज, समाजका इकाईहरु, परिवार वा गाउँ समाजले नै हाम्रो रक्षा गर्दछ, हाम्रो मानव अधिकारहरुको रक्षा गर्दछ।

नयाँ नयाँ मानव अधिकार संस्थाहरुको विकास भइरहेको छ। तर मलाई के लाग्दछ भने हामीले तिनीहरु माथि कम निर्भर रहेर हाम्रा जो परम्परागत संस्थाहरु छन् ती संस्थाहरुलाई बलियो बनाउनु पर्दछ। जस्तो कि परिवारकै कुरो गरौं - जो ज्यादै धनवान हुन्छन्, ज्यादा पढि लेखि गर्दछन् उनिहरुको परिवार टुट्दछ। उनिहरुमा साथै मिलेर बस्ने भावना कम हुन पुग्दछ। त्यस्तो अवस्थामा केटाकेटीको जुन बाल अधिकार हुन्छ त्यसलाई कुनै सर्वोच्च अदालतले कहिल्यै बचाउन सक्दैन। जब आमाकै मनमा आफ्नो सन्तानका निम्ति माया हुँदैन सर्वोच्च अदालतले पुलिसको मद्दतले थोडै त्यसको प्रतिस्थापन गर्न सक्छ?

मेरो भनाईको तात्पर्य यो हो कि हाम्रो पर म्परागत संस्कृतिमा मानव अधिकार रक्षाको कुरा छ। हामी गाईको रक्षाका लागि सोच्दथ्यौं। हाम्रो घरको कुकुर हाम्रो घरको एक सदस्य बन्न पुग्दछ। एउटा पशु पनि हाम्रो घरको सदस्य बन्न पुग्दछ। त्यसैले ती भावनाहरुद्वारा हामी मानव अधिकार हरुको रक्षा गर्न सक्दछौं।

केवल कानून, अदालत पुलिस प्रशासनको बलमा पश्चिमबाट एउटा अवधारणाको विकास भएको छ - राज्य यन्त्रलाई शक्तिशाली बनाइयो भने त्यसैले सबैकुराको रक्षा गर्दछ। तर यो धारणा हाम्रो धर्तीको धारणा हुन सक्दैन ।

स्वामीजी, तपाई देखी रहनु भएको छ, आजभोलि एन जी ओ अभियान निकै अगाडि आईर हेको छ, के तपाई तिनीहरुको बारेमा केही टिप्पणी गर्न चाहनु हुन्छ ?

पहिले एन जी ओ बन्न ज्यादै गाह्रो थियो । किनभने कसैले तिनीहरुका लागि साधन खन्याउँदैन थिए । - कुनै पनि किसमको ।

अब एन जी ओ ले आर्थिक सहायता प्राप्त गर्न थालेको छ । एन जी ओ हरुको कदर पनि भईर हेको छ । र तिनीहरुको सोच्ने ढंगमा पनि परिवर्तन आईरहेको छ । पहिले समाज सेवा भनेको एउटा ओषधालय खोलि दिनु र ओषधि बाँडि दिनु हो भन्ने बुझिन्थ्यो । त्यस्तै किसिमको "च्यारीटी कन्सेप्ट" लाई सामाजिक कार्य मानिन्थ्यो । त्यस बखत एन जी ओ हरुमा सम्पूर्ण व्यवस्था वा परिपाटी माथि प्रश्न उठाउने प्रवृत्ति कम थियो । आमूल परिवर्तनका कुरा कम उठ्थे । यसरी हाम्रो संस्कृति र धर्मद्वारा प्राप्त एन जी ओ को अवधारणा उस्तो प्रभावशाली थिएन ।

आज एन जी ओ को अवधारणा र अवसर मा ठूलो परिवर्तन आएको छ । विश्वव्यापि रुपमा तिनीहरुको एउटा ढाँचा बनेको छ । गरिबी र असमानताका विषयमा तिनीहरुले उठाएका कुर ाहरुको ज्यादै सकारात्मक योगदान रहेको छ । र विश्वव्यापी संगठन बनेको छ - म यहाँ लडिरहेछु, ल्याटिन अमेरिकामा कोही अरु लडिरहेछ, न्यूजिल्याण्डमा कोही तेश्रो लडिरहेछ । यसरी हाम्रो एउटा परिवार बनिरहेको छ ।

अखबारहरुले पनि पहिले भन्दा बढी तिनीहरुको कुरो उठाउन थालेका छन् । पहिले केवल राजनीतिज्ञहरुका विज्ञप्तिहरु छापिन्थे, अब एन जी ओ को पनि छुट्टै पहिचान बनिरहेको छ ।

तर यसै प्रसंगमा रहेको नेगेटिभ कुरो चोहिं के छ भने - विदेशी आर्थिक सहायता माथिको निर्भरता ज्यादै बढिरहेको छ । किन की त्यो काम केही सजिलो छ, केही सुन्दछन् विदेशीहरु । तर त्यसबाट ज्यादै सवधान रहनु आवश्क छ । एन जी ओ आफैंले एउटा आचार संहिता बनाउनु जरुरी छ । आफ्नै संगठन भित्र नै प्रजातन्त्र कति छ - एउटा मान्छेको लोग्ने स्वास्नी मात्र मिलेर पनि एन जी ओ को निर्माण हुने गर्दछ । र आफ्नै घर वरिपरि घुम्ने एन जी ओ पनि हुन्छ । एन जी ओ ले एकाउण्ट र एकाउण्टीवीलीटी राम्रोसंग राख्नु पर्दछ ।

तपाई लामो समय देखि भारतको मानव अधिकार आन्दोलनमा सरिक रहनु भएको मानिसका नाताले बताउन चाहनु हुन्छ - तपाई त्यहाँको मानव अधिकार आन्दोलन प्रति कत्तिको आशावादी हुनुहुन्छ ?

हर्नोस म यो कुरा मानेर अघि बढी रहेछु - भारतमा मानव अधिकारहरुको ज्यादै ठूलो उल्लंघन भई रहेको छ । ज्यादै ठूलो । पश्चिमी देशहरुलाई थाहा भएको भन्दा ठूला उल्लंघन भई र हेको छ । यसो हामी भन्दछौं तर यस्तो कुरा बोल्ने अधिकार पश्चिमा देशहरुसंग छैन । अथवा कमसे कम तिनीहरुसंग छैन जो पश्चिमी देशका सरकार हरुको वा त्यहाँका मल्टी नेशनल कम्पनीहरुको र त्यहाँको विश्व बैंक लगायत गैट आदिको आलोचना गर्दैनन् । तिनीहरु केवल यहाँको आलोचना गर्दछन् र भन्दछन् भाई तिमीहरुको देशमा मानव अधिकार को उल्लंघन भई रहेको छ । र त्यस्तो बेला मलाई भन्न मन लाग्दछ - "हामी कहाँ मानव अधिकारको उल्लंघन भई रहेको छ ।" तर त्यसको कारक तत्व तिनीहरुको देशमा रहेको छ । यहाँ असर पर्ने मात्र हो । तर गरिबी र गरिब तुल्याउने तरिकाहरु त्यहिंबाट अपनाइन्छन् । शुरुवातमा हामी गरीब थिएनौं, हामीलाई गरीब बनाइएको हो । सारा कार णहरु त्यहिंबाट शुरु हुन्छन् ।

त्यसैले पश्चिममा रहेका मानव अधिकार संस्थाहरुले कुनै पनि समस्याको जरोसम्म पुग्नु पर्दछ । पुग्दैनन् भने उनिहरुको विश्लेषण सतही मात्र बन्न पुग्दछ ।

भारतको मानव अधिकार आन्दोलनको बांगो तिंगो बाटोका बारेमा पनि केही बोल्न चाहनु हुन्छ कि ?

हाम्रो देशमा समाजको एउटा पूर्ण हिस्सा अदृश्य रह्ये । निमूखा जसलाई भनिन्छ । ती खेत मजदूरहरु हुन् । गरीब किसानहरु हुन् । ईंट भट्टा मजदूर, ढुंगा खानीका मजदूर, बधुँवा बाल मजदूर यी सबैका व्यथा-कथा कहिल्यै पनि राष्ट्रिय संचार मा, राष्ट्रिय संसद र मंचहरुमा एजेण्डा बनेर आउँदैनन् ।

अब मानव अधिकार आन्दोलनका कारण पूर्णत: बर्सिएका र हराएका मुद्दा, पूर्णत: छाडिएका मुद्दाहरु केन्द्र बिन्दूमा आई रहेका छन् ।

उपेक्षित वर्ग, उपेक्षित वर्गका उपेक्षित सवाल मध्यमा आइरहेको छ । र कसैले पनि, सत्ताले पनि उनिहरुलाई नदेखें झैं गर्न सक्दैन । संचारको खास गरि अखबार र पत्रिकाहरुको भूमिका यस विषयमा ज्यादै राम्रो रहेको छ ।

तर हामीले त सुनेका छौं भारतमा वास्तविक मानव अधिकारका प्रश्नहरुलाई त्यहाँका अखबारहरुले राम्रो स्थान दिने गर्दैनन् ।

म संग कहिल्यै यस्तो कुनै सिकायत रहेन । म व्यक्तिगत अनुभवहरुको आधारमा भन्न चाहन्छु - बधुँवा मजदूरी, बाल मजदूरी र अरु पनि विषय वा जब सती प्रथाको पुनरागमन भयो र त्यसको हामीले केही आवाज उठायौं, दलितहरुलाई मन्दिरमा प्रवेश दिनु पर्ने कुरो उठायौं, धर्मको पाखण्डका विरुद्ध आवाज उठायौं - मानव अधिकारसंग जोडिएका सबै सवालहरुमा अखबार र पत्रिकाहरुले प्रमुखताका साथ हाम्रो कुरा छापे । इलेक्ट्रोनिक संचारहरुले दिएनन् किन की त्यहाँ सरकारको हात हुन्छ ।

अखबारवालाहरु हाम्रो विरुद्ध पनि लेख्ने गर्दछन् । हाम्रो बारेमा पनि धेरै चोटी उल्टो सोझो लेख्दछन् । हामीलाई दु:ख लाग्दछ । तर हामी यहि ठानेर अघि बढ्दछौं - जब तिनीहरु दश बटा कुरो राम्रो लेख्दछन् भने एक आध चोटी खराब कुरो पनि लेख्दछन् । तर मलाई त ज्यादै संतोष छ ।

आजको अखबार उठाएर हेर्नोस् र बीस वर्ष अघिको अखबारसंग तुलना गर्नोस् । बीस वर्ष अघि के छापिन्थ्यो र आज के छापिदैछ हेर्नोस् । महिलाहरुको समस्या, बधुँवा मजदूरहरुको समस्या - यी सारा सवालहरु बीस वर्ष पहिलेका अखबारमा तपाईले पाउनु हुन्न । त्यस बारेमा एउटा पनि रि पोर्टिङ पाउनु हुन्न । अब यी कुराहरु उठाईदैछन् । यसै अर्थमा भन्न सकिन्छ - अब सबैलाई संतोष भने हुन सक्दैन ।

भारतको बहुदलीय प्रजातन्त्रले धेरै वर्षहरु बिताइ सकेको छ, तापनी त्यहाँ मानव अधिकारसंग सम्बन्धित यतिका सवालहरु उठिरहेका छन् । यसै सन्दर्भमा तपाई भर्खरै बहुदलीय प्रजातन्त्रको युगमा प्रवेश गरेको हाम्रो देशका सम्बन्धमा केही भन्न चाहनु हुन्छ कि ?

प्रजातन्त्र यस्तो चिज हो जसको रक्षा हामी आफैंले गर्नु पर्दछ । हामीले यसलाई राम्रो पर म्पराका साथ अघि बढायौं भने यो दीर्घायु हुन्छ र हामीलाई फाइदा हुन्छ । अन्यथा: प्रजातन्त्रमा

विश्रृङ्खलता र उदण्डता पनि प्रैदा हुन्छ। प्रजातन्त्र एउटा यस्तो तरवार हो जसले सागपात पनि काट्न सकिन्छ, कसैको घाँटी पनि काट्न सकिन्छ। प्रजातन्त्र देशलाई टुटाउने नाममा पनि प्रयोग हुन सक्छ।

हामीले आफ्नो संसदीय व्यवस्थालाई मजबूत बनाउनु पर्दछ। यसलाई आम सहमतिको र राजनीति तर्फ अग्रसर तुल्याउनु पर्दछ। मुठभेढ तर्फ होइन। मुठभेढले त स्थिरता ल्याउँछ। हाम्रो विरोधीले साँचो कुरा नै बोल्यो भने पनि हामी त्यसलाई झूठ्ठा ठहऱ्याउँछौं।

मैले हिन्दूस्तानमा देखेको संसदीय व्यवस्थाको सबभन्दा ठूलो कमजोरी के छ भने निकै बहस भएको त सुनिन्छ। तर जुनसुकै विधेयक पनि जस्ताको त्यस्तै पारित हुन्छ। त्यहाँ प्रतिपक्षले राम्रो भन्दा राम्रो सुझाव दिए पनि शक्तिमा हुनेहरुले स्वीकार गर्दैनन्। किन गर्दैनन् मैले बुझ्न सकेको छैन। ज्यादै राम्रो कुरो त स्वीकार गर्नै पर्ने हो।

मानि लिउँ दुई हजार करोड रुपैयाको बजेट आएको छ। त्यहाँ विपक्षीले पाँच पैसा कम गरौं भन्ने संशोधन ल्याए। सत्ता पक्षले भन्ने छ - हुन सक्दैन। तर किन हुन सक्दैन ? केही काट्नु, केही छाँट्नु बहसको अर्थ त यहि हो। अन्यथा तिमी बहस नै नगराउ। भनि देउ - हाम्रा पार्टी शक्तिमा रहेको छ, हामीसंग "रोड रोलर" बहुमत रहेको छ। हामीलाई जे मन लाग्छ त्यहि गर्छौं। तर यो राम्रो कुरो होइन।

म त्यो पंचायत प्रणालीको कुरो गरिरहेको छैन जसलाई नेपालले भोगेको थियो। तर जुन परम्परागत पंचायत प्रणाली हाम्रो पूरै क्षेत्रमा रहेको छ त्यसबाट हामीले केही न केही लिएर अघि बढ्नु पर्छ। समझदारीको राजनीति। आज कुनै पनि मामिलामा सहमति बनाउनु पर्दछ। र त्यसलाई लिएर अघि बढ्नु पर्छ। सत्ताधारी पार्टी र प्रतिपक्षी पार्टीहरु बीचको उग्र भेदभाव हुनु हुन्न। व्हीप जारी हुन्छ र बोल्न पाइँदैन, यी कुराहरु प्रजातान्त्रिक परम्पराका निम्ति राम्रा हुँदैनन्।

स्वामीजी "गर्वसे बोलो हिन्दू हैं।" भन्ने किसिमका भित्ते लेखनहरु तपाईले यहाँ पनि देख्नु भयो नै होला। आफ्नो देशमा तपाईले ठूलो धर्म-अन्धता देख्नु भएको छ र यस्तो लेख्ने नेपालीहरुलाई के भन्न चाहनु हुन्छ ?

यी भित्ते लेखन गर्नेहरु नै हिन्दूहरुको सबभन्दा ठूलो दुश्मनहरु हुन्। हिन्दूत्वको सबभन्दा ठूलो विशेषता के हो भने यो एउटा धर्म होइन, जस्तो कि कतिपय मानिसहरु यसलाई धर्म बनाउन चाहन्छन्। सीमित धर्म जसलाई भन्दछन्। जस्तो कि इस्लाम छ त्यसमा एउटा किताब छ, एउटा मोहम्मद साहेब छन्, एउटा मदीना छ। बाइबल छ क्रिश्चियनहरुको र एक इसा मसीह छन् र एउटा जेरुसेलम छ। यस्तो हिन्दूहरुको चाहिं कहिल्यै केही रहेको छैन। न रहनु नै हुन्छ। हामीलाई तिनीहरुको नक्कल गर्ने कुनै जरुरत छैन हामीले पनि एक राम, एउटा अयोध्या र एउटा रामायण समाउनु हुन्न। यसो गर्नु हाम्रो शक्ति प्रदर्शन हुँदैन बरु हाम्रो कमजोरी हुन्छ। हिन्दूको अर्थ एक जीवन पद्धती हो। जसमा सबैलाई आफ्नै ढंगले रहने स्वतन्त्रता छ। हामीले त यति सहिष्णुता देखाउनु पर्दछ कि मुसलमानलाई पनि भन्न सक्नु पर्दछ - ठीक छ भाई तिमी पनि आफ्नै ढंगले जसरी मन लाग्छ नवाज पढ र मस्जीद जाऊ वा जे सुकै गर। तर यस्तो गर्नुको बदला हिन्दूत्वमा कट्टरता बढाईदैछ। हाम्रो देशलाई विश्व हिन्दू परिषद, बजरंग दल र भारतीय जनता पार्टीका मानिसहरु कट्टरता तर्फ धकेल्दैछन्। यिनीहरुले हिन्दूत्वको सबभन्दा बढी नोक्सानी गरिरहेका छन्। भारतीय समाजको भूमिका हिन्दूत्वमा कट्टरताबादको प्रवेश गराउने मात्र छैन मुस्लीम विरोधी पनि छ।

हाम्रो संस्कृति साझा संस्कृति हो - मिलिजुली संस्कृति। सबै तिरबाट राम्रा चिजहरु लिंदै अघि बढ। र सबैलाई साथ लिएर अघि बढ्दै जाउ। तर यस कुरोको विरुद्ध अघि बढ्न चाहन्छन् यिनीहरु। त्यसै कुरोको नक्कल नेपालमा थोरै मात्र गर्न खोजियो भने पनि ज्यादै नराम्रो हुन्छ। नेपालालाई हिन्दू राज्य बनाइएको हुँदा हुँदै पनि हामीले यहि कामना गर्नु पर्दछ कि यहाँ कुनै पनि साम्प्रदायिकता हिन्दूत्वको नाममा जन्मन नपाओस्। हिन्दूस्तानमा भई रहेको यस्तो गडबडीबाट नेपालले बच्नु पर्दछ। बरु नेपालले एउटा स्वस्थ हिन्दूत्वको जीवन दर्शन दर्शाउन सक्नु पर्दछ। जसबाट भारतले पनि केही सिक्न सकोस्।

डेढ महिना पहिले बी बी सी संगको एउटा अन्तरबार्तामा तपाईले आदिबासीहरुका सम्बन्धमा भन्नु भएको थियो बन, जंगल र खानीहरुका वास्तविक मालिक आदिबासीहरु नै हुन्। आदिबासीहरुको बर्षका अवसरमा तपाई नेपालका आदिबासीहरुका सम्बन्धमा पनि केही भन्न चाहनु हुन्छ कि ?

नेपालको बारेमा मलाई त्यति थाहा छैन तर जहाँ सुकैका यस्ता मानिसहरु जस्तो कि हिजो मैले आफ्नो भाषणमा पनि भनेको थिए - जन, जमीन र जंगल माथिको अधिकार उनिहरुकै हुनु पर्छ। हाम्रो परम्परागत समाज देखि आजसम्म उनिहरु प्राकृतिक संपदाका उपयोग आफ्नो आजिबिकाका निम्ति गरिरहेका छन्। र आजभोलिका नयाँ कानून बनाउनेहरु, विकासका नयाँ मापदण्ड लिएर आउनेहरुले उनिहरुको परम्परागत सम्पत्तिको अतिक्रमण गरिरहेका छन्।

नेपालमा पनि यस किसिमका कामहरु जहाँ जहाँ भएका छन् म त्यसको विरोध गर्दछु। आफ्नो आजीविकाका निम्ति जंगल र पहाडमा रहने आदिबासीहरुको गुजारा गर्ने अधिकार खोसिनु हुँदैन। बरु बकायदा विधिसंगत ढंगले उनिहरुको अधिकारलाई बलियो बनाइदिनु पर्दछ।

नेपालमा पनि बधुँवा मजदूरहरुको अस्तित्व रहेको कुरा प्रकाशमा आई सकेको छ। तपाई धेरै बर्ष देखि त्यस क्षेत्रमा संलग्न रहेको व्यक्तिका नाताले नेपालका बधुँवा मजदूरहरुलाई मुक्ति दिने अभियानका निम्ति कस्तो किसिमको सहयोग पुऱ्याउन चाहनु हुन्छ ?

हामी भारतमा गरेको अनुभव पूर्ण रुपमा नेपालका साथीहरुसंग बाँडचुड गर्न चाहन्छौं। पाकिस्तानमा पनि बधुँवा मुक्ति मोर्चा बनि सकेको छ। र त्यहाँ पनि बधुँवा मजदूर सम्बन्धि नयाँ ऐन बनि सकेको छ। हामी चाहन्छौं - यस्तो किसिमको आन्दोलन नेपालमा पनि अघि बढोस्। कानून बनाइनु पर्छ। अदालतले यस समस्याको पूरै समीक्षा गरेर यस परिस्थितिलाई नामेट तुल्याउन सरकार लाई सतर्क गराउनु पर्छ। हामी यस विषयमा पूरा सहयोग गर्नेछौं र मिलेर साथ साथै अघि बढ्ने छौं। किनभने नेपालका धेरै मानिस मजदूरी गर्न भारत आउँछन्। र बधुँवा बन्दछन्। त्यसैले भारत र नेपालको समस्या ठ्याक्कै उस्तै रहेको छ।

प्राचीका संस्थापक र सुपरिचित मानव अधिकार प्रवक्ता प्रकाश काफ्ले तपाईको अभिन्न मित्र हुनु हुन्थ्यो। वहाँको मृत्यु पश्चात नेपालको धर्तीमा पहिलो पटक पाइला टेक्नु भएको अवसर मा प्राची मार्फत वहाँ प्रति श्रद्धाञ्जलि अर्पण गर्न चाहनु हुन्छ कि ?

प्रकाश भन्दछन् उज्यालोलाई। प्रकाश काफ्लेले जुन उज्यालो दिएका छन् हामीलाई - त्यो प्रकाश कहिल्यै मर्ने छैन। र प्रकाशको कुनै जाति हुँदैन। उज्यालो वा रोशनीको कुनै जाति हुँदैन। त्यसको कुनै धर्म र सम्प्रदाय हुँदैन। त्यसको कुनै राष्ट्रियता हुँदैन, त्यो सबैका निम्ति हुन्छ।

प्रकाशलाई हामीले त्यसै रुपमा हेर्यौं। वहाँ भारतमा आएर श्रीलंकामा गएर पाकिस्तान र बंगलादेश सबलाई जोडेर एउटा दक्षेशको कल्पनाका साथ अघि बढी रहनु भएको थियो। जन दक्षेश - पिपुल्स सार्क। हामीमाथि यो जिम्मेवारी आई परेको छ कि यदि हामी वहाँलाई श्रद्धाञ्जली अर्पीत गर्न चाहन्छौं भने जन दक्षेशको वहाँको अधुरो कल्पनालाई साकार पारौं। र प्रकाशका निम्ति म व्यक्तिगत रुपमा यहि भन्न चाहन्छु - जस्तो कि शुरुमै मैले भने प्रकाशको मतलब उज्यालो हुन्छ।

प्रकाश। उज्यालो आफ्नो संझनाको हामीसंगै रहन देउ,

के थाहा कुन गोरेतोमा जिन्दगीको संध्या हुने हो।

एम्नेष्टी इन्टरनेशनलको आँखामा नेपाल



एम्नेष्टी इन्टरनेशनलका अन्तराष्ट्रिय अध्यक्ष पेरेज ओयनियन्सी गत मंसीरका नेपाल आएको बेला भन्नु भएको थियो – "यहाँ बसी मानव जीवनका निम्ति अन्याय, अत्याचार र उत्पीडन सहन सक्ने कुरा होइन। युगयुगै अधिकारले यति मानव भनिनाई उत्पीडनका सीमे वातावरणको निर्माण नगरोस् भनी हामी पार्उ-ठाउँबाट सहयोग जुटाइरहेछौं।"

गत मंसीरताका तिम्रुलीमा पैदा विपक्षी कार्यकर्ताहरूलाई ठूलो हैरानीका कठोर यातना दिइएको कुरा एम्नेष्टीले आफ्नो समाचार पत्रको फेब्रुअरी अंकमा उल्लेख छ। त्यस्तै बान्दुङको प्रहरी ज्यादति प्रति पनि दुःख व्यक्त गर्दै एम्नेष्टीले नेपालको सरकारलाई त्यस्ता घटनाहरूको निष्पक्ष छानबिन गर्न अनुरोध गर्दै आएको छ। नेपालको सरकारले आफ्नो सिमा क्षेत्रभित्र भएर त्यस्ता घटनाहरूको जिम्मेवारी लिनै पर्छ भन्ने कुरा एम्नेष्टीको रहेको छ।

बहुदलीय व्यवस्थाको आगमन भए यता यति धेरैन् गोली काण्डहरू भएका थिए प्रति घटना पश्चात निष्पक्ष छानबिन आयोग गठन गरिएको कुरा एम्नेष्टीलाई अत्यन्त राम्रो लाग्छ। एम्नेष्टीले नेपालका प्रहरी हिरासतहरूमा बिहुने गरिएको यातनालाई पनि गंभीरतापूर्वक लिएको छ। विश्वको पुरानो र सम्मानित मानव अधिकार संस्था एम्नेष्टीले यही फेब्रुअरी महिना भरि यहाँ भइरहेका मानव अधिकार उल्लंघनका घटनाहरूका विरुद्ध नेपालको सबै दुतावासहरू समक्ष सीधै कुरा दिने गरेको छ। एम्नेष्टीको अहिलेको "नेपाल अभियान" हाम्रो सरकारका निम्ति सानो चेतावनी मात्र हो। हाम्रो प्रजातान्त्रिक सरकारले केनैका लोग सके पर अन्तराष्ट्रिय बेइज्जतीबाट बच्न सकोस्।